सुदूरपश्चिम प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
पुन्ना डोटी

## सुदूरपश्चिम प्रदेशमा अन्तर सरकार (संघ, प्रदेश र स्थानीय तह) समन्वय तथा अन्तरसम्बन्धको विद्यमान अवस्था र भावी कार्यदिशा

# अध्ययन प्रतिवेदन

*पुस २०८०*

# अध्ययन प्रतिवेदनको विषयसूची

**परिच्छेद एकः परिचय...................................................................................................... 4**

१पृष्ठभूमि १. ............................................................................................................ 4

१अध्ययनको औचि २.त्य............................................................................................... 4

१अध्ययनको उद्देश्य ३. ................................................................................................ 5

१४.. अध्ययनको विधि तथा प्रक्रिया............................................................................... 5

१अध्ययनको सिमा ५. .................................................................................................. 7

**परिच्छेद दुईः समन्वय र अन्तर-सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्था........................... 9**

२.१ राजनैतिक अन्तरसम्बन्ध- .......................................................................................... 9

२.२ विधायकी अन्तरसम्बन्ध............................................................................................ 11

२.३ आर्थिक र वित्तीय अन्तरसम्बन्ध................................................................................ 11

२.४ योजना र बजेट सम्बन्धी अन्तरसम्बन्ध......................................................................... 14

२.५ प्रशासनीक अन्तरसम्बन्ध.......................................................................................... 14

२.६ अन्तर सरकार ऐन (समन्वय तथा अन्तरसम्वन्ध), २०७७ का प्रमुख व्यवस्थाहरु....................... 15

**परिच्छेद तीन : संघीय तहमा समन्वयका लागि क्रियाशील संरचनाहरु.................................22**

३.१ राष्ट्रिय समन्वय परिषद .............................................................................................. 22

३.२ अन्तर सरकार वित्त परिषद ......................................................................................... 23

३.३ अन्तर प्रदेश परिषद र विषयगत समितिहरु....................................................................... 27

**परिच्छेद चार : प्रदेश तहमा समन्वय तथा अन्तरसम्बन्धको अवस्था ..................................30**

४.१ प्रदेश तहमा कानुन तर्जुमाको अवस्था ........................................................................... 30

४. २ प्रदेश तहबाट जारी कानुनहरुमा स्थानीय तहका सरोकारहरु .............................................. 32

४.३ अन्तरसम्बन्ध र समन्वयका लागि प्रदेश समन्वय परिषदका निर्णयहरु....................................... 37

४.४ समन्वय र अन्तरसम्बन्धमा प—्रदेश सरकारका निर्णयहरु .................................................... 41

४.५ प्रदेश मुख्यमन्त्री कार्यालयबाट समन्वय तथा सञ्चारका विषय क्षेत्रहरु ........................................ 44

**परिच्छेद पाँच : स्थानीय तहमा समन्वय तथा अन्तरसम्बन्धको अवस्था.............................46**

५.१ स्थानीय तहबाट संघीय तहमा हुने समन्वय र सञ्चार.................................................................. 46

५.२ स्थानीय तहबाट प्रदेशमा हुने समन्वय तथा सञ्चार..................................................................... 49

५.३ स्थानीय तह महासंघका सवाल र सरोकारहरु............................................................................ 51

५.४ स्थानीय तहका प्रतिनिधिहरुसँगको धारणा.................................................................................. 54

**परिच्छेद छ: निष्कर्ष तथा सुझावहरू......................................................................................56**

६.१ निष्कर्ष.............................................................................................................................. 56

६.२ प्रदेश तहमा अन्तर सरकार समन्वयका आगामी कार्यदिशा र सुझावहरु ....................................... 64

**अनुसूचीहरु .......................................................................................................................67**

अनुसूची १: स्थानीय जनप्रतिनिधिसँग विषयकेन्द्रित छलफलको चेकलिष्ट............................................... 67

अनुसूची २: स्थानीय तहमा फिल्ड तथ्यांक संकलनका झलकहरु ........................................................ 69

अनुसूची ३: राष्ट्रिय समन्वय परिषदका निर्णयहरु.................................................................................. 70

अनुसूची ४: अन्तर सरकार वित्त परिषदका निर्णयहरु ........................................................................... 72

अनुसूची ५: स्थानीय महासंघका माग तथा ध्यानाकर्षण पत्रहरु ........................................................... 83

अनुसूची ६: मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफल गोष्ठीको झलक .................................................... 86

# परिच्छेद एकः परिचय

## *१.१ पृष्ठभूमि*

नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने विषय उल्लेख गरिएको छ । तसर्थ तहगत सरकारहरुबीच एक अर्कोलाई आदेश र निर्देशनको स्तरमा नभई एकले अर्को तहलाई समान ब्यवहार गर्नुपर्ने, शासन व्यवस्थालाई प्रभावकारी बनाउन सहकार्य गर्नुपर्ने र समन्वयका आधारमा नागरिकलाई विकास र सुशासन प्रदान गर्नुपर्ने अवधारणा संविधानले नै निर्दिष्ट गरेको छ । उपरोक्त व्यवस्थालाई कार्यान्वयनमा लैजान नेपालको संविधानको धारा २३५ ले अन्तर-सम्बन्ध र समन्वयलाई व्यवस्थित गर्ने सम्बन्धी प्रक्रियाका लागि संघीय कानुन तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाको जगमा नेपालको संघीय संसदले संघ, प्रदेश र स्थानीय तहबीच (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ समेत जारी गरेको छ । समन्वय र अन्तरसम्बन्धका लागि आपसी सञ्चार हुनुपर्दछ । सञ्चार र परामर्शका लागि कानुनी तथा संस्थागत अनिवार्यता आवश्यक पर्दछ । सोही मागलाई सम्बोधन गर्नका लागि नेपालको संविधान र उल्लेखित ऐनले विभिन्न संस्था र कानुनी अनिवार्यताका प्रावधानहरु सृजना गरेको छ ।

यस पृष्ठभूमिमा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्तरसम्बन्ध र समन्वयको वौमान अवस्था र आगामी कार्यदिशा विषयक अध्ययन गर्न लागेको छ । यसले सुदूरपश्चिम प्रदेशमा तीन तहको सरकारबीच हालसम्म अन्तरसम्बन्ध र समन्वयको अवस्था कस्तो रह्यो ? समन्वय र अन्तरसम्बन्ध ब्यवस्थित गर्न बनेका कानुन र संस्थागत संरचनाहरु कत्तिको प्रभावकारी हुन सके ? यसका कार्यान्वयनमा के कस्ता कमीकमजोरी र चुनौती आइपरे ? जस्ता सवालहरुका सम्बन्धमा अध्ययन गर्नेछ । उपरोक्त अध्ययनका निस्कर्षहरुका आधारमा यस प्रदेशमा स्थानीय प्रदेश र संघीय सरकारका निकायहरुबिच अन्तरसम्बन्ध र समन्वय प्रभावकारी तुल्याउने उपायहरु पहिचान हुनेछन् र समग्रमा नागरिकका लागि विकास तथा शासन प्रवाहमा सुधार आउने अपेक्षा गरिएको छ ।

## *१.२ अध्ययनको औचित्य*

यस अध्ययनबाट अन्तरसरकार समन्वयका लागि प्रदेश तहमा तर्जुमा भएका कानुनहरुको कार्यान्वयन कस्तो रह्यो । खडा भएका संस्थागत संरचनाहरु के कति प्रभावकारी भए र के कस्ता कार्य सम्पादन गरे भन्ने लगायत, तिनीहरुको क्रियाशीलतामा आएका समस्या र चुनौतीहरुका पहिचान गर्नु आवश्यक रहेको छ । संघ, प्रदेश र स्थानीय तहका सरकारबीच प्रभावकारी समन्वय र अन्तरसम्बन्धको अभिवृद्धिका लागि थप प्रयासहरु गर्नुपर्ने आवश्यकता बढ्दै गएको छ । प्रदेश र स्थानीय तहका सरकार र जनप्रतिनिधिहरुले अन्तरसम्बन्ध र समन्वयमा रहेका कमिकमजोरी र जटिलताहरुको पहिचान गर्न सकेमा आवश्यक पहलकदमी लिन सक्नेछन् । अन्तर तह

समन्वयमा कमी रहेको तथ्य बाहिर उजागर गर्न सकेमा नागरिक समाज, मिडिया र विकास साझेदारहरुले समेत सम्वद्ध सरकारी पक्षलाई खबरदारी गर्न सक्नेछन् ।

## १.३ अध्ययनको उद्‌देश्य

नेपालको संविधानले संघीय संरचनामा तहगत सरकारहरूको बीच समन्वय गर्न गरिएको व्यवस्था बमोजिमका निर्मित कानुनहरु तथा संस्थागत संरचनाको प्रभावकारिता सम्बन्धमा अध्ययन गर्ने र सुदूरपश्चिम प्रदेशमा हालसम्मको कार्यान्वयनको अवस्था अध्ययन गरी आगामी दिनमा सुधारका क्षेत्रहरुको पहिचान गर्नु यस अध्ययनको समग्र उद्देश्य रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरुमाः

- अन्तर-सरकार सम्बन्ध र समन्वय सम्बन्धी संघीय र प्रदेश कानुनहरुको पुनरावलोकन गरी सुदूरपश्चिम प्रदेशमा तिनीहरुको प्रभावकारिता र सान्दर्भिकता लेखाजोखा गर्ने ।
- अन्तर-सरकार सम्बन्ध र समन्वयका लागि सुदूरपश्चिम प्रदेशमा स्थापित संस्थागत संरचनाहरुको क्रियाशीलता र प्रभावकारीताको विश्लेषण गरी आगामी सम्भावनाहरुको पहिचान गर्ने ।
- अन्तर-सरकार समन्वयका सम्बन्धमा स्थानीय तहहरुको सरोकारहरुलाई प्रदेश तहका कानुनी एवं संस्थागत संरचनाको प्रभावकारीतासँग तुलनात्मक लेखाजोखा गर्ने ।
- संविधान र कानुन बमोजिम प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र अन्तर-सम्बन्धलाई प्रभावकारी व्यवस्थापन गर्न आवश्यक पर्ने कानुनी एवम् संस्थागत सुधारको लागि सुझावहरु तयार पार्ने ।

## १.४. अध्ययनको विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययनका लागि देहाय बमोजिमका विधि र प्रक्रिया अवलम्बन गरिएको छः

- **सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा पूनरावलोकनः** नेपालको संविधान, संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर-सम्बन्ध) ऐन २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७७, अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश सरकारले तर्जुमा गरेका ३७ वटा ऐन, १४ नियमावली तथा ७ गठन आदेशहरु, अन्य संघीय ऐनहरु, राष्ट्रिय समन्वय परिषद र अन्तर सरकार वित्त परिषदका निर्णयहरु, सुदूरपश्चिम प्रदेश अन्तर्गत प्रदेश समन्वय परिषदका निर्णयहरुको अध्ययन तथा पूनरावलोकन गरीयो ।
- **अध्ययन खाका तथा औजारहरुको तयारीः** सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँगको प्रारम्भिक छलफल पश्चात फिल्ड तहमा सूचना संकलनका लागि चेकलिष्टको तयारी गर्ने, सूचनाको प्रकृति र प्राप्त गर्ने निकायहरुको विवरण तयार पार्ने, सूचनाका लागि अन्तरवार्ता तथा छलफल गर्नुपर्ने अधिकारी

तथा व्यक्तिहरुको सूची तयार गर्ने, अध्ययन प्रतिवेदनको विषयसूची आँकलन गर्ने र सूचना विश्लेषणको स्वरुप तयारी गर्ने कार्य सम्पन्न गरीयो ।

- **अध्ययन विषयसूचीमा सुझाव प्राप्ती र प्रारम्भीक प्रतिवेदन पेश** : सम्झौता वमोजिम अध्ययन प्रतिवेदनको विषयसूची र प्रदेश सरकार तथा स्थानीय तहहरुबाट तथ्यांक संकलनका औजारहरु संलग्न गरी प्रारम्भिक प्रतिवेदन तयार गरी विषयसूचीमा सुधार र परिमार्जनका लागि प्रतिष्ठान समक्ष पेश गरियो ।

- **फिल्ड तथ्यांक तथा सूचना संकलन**

फिल्ड तथ्यांक र सूचना संकलन कार्यका लागि विज्ञ परामर्शदाताबाट देहाय वमोजिम प्रक्रियाहरु अपनाइयो :

| | |
|---|---|
| संघीय तहको सूचना | • नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयबाट राष्ट्रिय समन्वय परिषद र अन्तर–सरकार वित्त परिषदका निर्णयहरुको संकलन । |
| प्रदेश तहको सूचना | • सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको वेभसाइटबाट प्रदेश समन्वय परिषदका निर्णयहरु, प्रदेश मन्त्रिपरिषद र प्रदेश सरकार सचिव-स्तरीय बैठकका विगत १ वर्षका निर्णयहरु प्राप्ती ।<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट आ.व. २०७९/८० मा अन्तर सरकार समन्वयका लागि गरिएका पत्राचारको चलानी विवरण संकलन । |
| स्थानीय तहहरुबाट सूचना | • स्थानीय तहहरुबाट अन्तर सरकार समन्वयका लागि भएका प्रयासहरुको अध्ययनका लागि ३ वटा नगरपालिकाहरु कृष्णपुर, धनगढी र दिपायल सिलगढी नगरपालिकाको आ.व. २०७९/८० मा गरिएका पत्राचारहरुको चलानी विवरण संकलन ।<br>• स्थानीय तहका निर्वाचित प्रमुख उपप्रमुखहरुसँग छलफल अन्तर-सरकार सम्बन्ध र समन्वयका सम्बन्धमा छलफल अन्तरक्रिया । |
| स्थानीय तह महासंघबाट सूचना संकलन | • स्थानीय तहका महासंघहरुबाट प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन प्रस्तुत गरिएका माग तथा ज्ञापन पत्रहरु संकलन ।<br>• अन्तर-सरकार सम्बन्ध र समन्वयको अवस्थाका सम्बन्धमा स्थानीय तह महासंघका पदाधिकारीहरुसँग छलफल अन्तरक्रिया । |

- **मस्यौदा प्रतिवेदनको तयारी :** प्राप्त सूचना र तथ्यांकहरुको विश्लेषणका लागि ४ वटा खण्डमा विभाजन गरियो । पहिलो खण्डमा अन्तर-सरकार सम्बन्ध र समन्वय सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको

लेखाजोखा गरियो । दोस्रो खण्डमा अन्तर-सम्बन्ध व्यवस्थापनका लागि संघीय तह तथा प्रदेश तहमा स्थापित संरचनाहरुको क्रियाशिलता र निर्णयहरुको विश्लेषण गरियो । तेस्रो खण्डमा प्रदेश तहमा तर्जुमा गरिएका कानुनहरु र प्रदेश सरकारका निर्णयहरुमा अन्तर सम्बन्ध र समन्वय सम्बन्धी व्यवस्थाहरुको लेखाजोखा गरियो । अन्तिम खण्डमा स्थानीय तहबाट हुने अन्तर-सरकार समन्वयको स्वरुप र स्थानीय तहका सरोकारहरुको बारेमा विश्लेषण गरियो ।

**मस्यौदा प्रतिवेदनको प्रस्तुति एवं सुझाव प्राप्ति र अन्तिम प्रतिवेदन पेश :** सूचना तथा तथ्यांकहरुको विश्लेषण सहित तयार पारिएको मस्यौदा प्रतिवेदन उपर प्रदेशस्तरमा परामर्श छलफल गोष्ठीको आयोजना गरी सुझाव तथा पृष्ठपोषण प्राप्त गरियो । उक्त गोष्ठीमा सुदुरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव डा. हरि लम्साल लगायत अन्य विशिष्ट व्यक्तित्वहरूबाट केही सुझावहरु प्राप्त भएका छन् । यसरी प्राप्त मुख्य मुख्य सुझावहरुमाः- (क) यो प्रतिवेदनको बारेमा थप सूचना र जानकारी प्राप्त गर्न सम्बन्धित निकायहरुलाई पठाउने, (ख) सम्बन्धित निकायहरुले यो प्रतिवेदन थप अध्ययन गरी सुझाव एवम् पृष्ठपोषण दिने र परामर्शदाताले प्राप्त सुझाव र पृष्ठपोषणलाई रिपोर्टमा समेट्ने र (ग) रिपोर्टमा समावेश गर्न छुटेका केही प्रदेश कानूनहरुलाई पनि समावेश गरी प्रतिवेदन फाइनल गर्ने ।

उल्लेखित सुझावहरु वमोजिम प्रदेश सरकारका निकायहरुमा मस्यौदा प्रतिवेदन पठाइ पृष्ठपोषण माग गरिएको र यसरी प्राप्त भएका विषयवस्तुहरु समेटेर प्रतिवेदन सुधार गरी अन्तिम रुप दिइयो ।

## *१.५ अध्ययनको सिमा*

यस अध्ययनको लागि गरिएको तथ्यांक संकलन र विश्लेषणका सन्दर्भमा निम्नानुसार सिमाहरु रहेका छन्ः

- संघ प्रदेश र स्थानीय तहको अन्तर-सम्वन्ध तथा समन्वय ऐन २०७७ लाई अध्ययनको प्रमुख आधार मानिएको छ ।
- उल्लेखित ऐन, २०७७ ले स्थापित गरेका संरचनाहरु राष्ट्रिय समन्वय परिषद र प्रदेश समन्वय परिषदको क्रियाशिलता र निर्णयको प्रभावका सम्बन्धमा अध्ययन केन्द्रित गरिएको छ ।
- अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ वमोजिम गठन भएको अन्तर सरकारी वित्त परिषदका निर्णयहरुलाई अध्ययनको क्रममा सामान्य आधार लिइएको छ ।
- प्रदेश तहमा तर्जुमा भएका कानुनहरुले स्थानीय तहमा पार्ने प्रभाव र उत्पन्न दायित्वका सम्बन्धमा अध्ययनले विश्लेषण गरेको छ ।
- प्रदेश सरकार मन्त्रिपरिषद र सचिवस्तरीय बैठकले गरेका निर्णयहरुले अन्तर-सरकार समन्वयका सम्बन्धमा लिएका स्वरुपहरुको विश्लेषण गरिएको छ ।
- प्रदेश समन्वय परिषदको बैठकहरु र त्यहाँबाट भएका निर्णयहरुलाई समन्वयको प्रयास र आधारको रुपमा विश्लेषण गरिएको छ ।

- स्थानीय तहहरुले संघीय तथा प्रदेश सरकारका निकायहरुसँग गर्ने समन्वय तथा सञ्चार सम्बन्धमा ३ वटा नगरपालिकाहरुको पत्राचारलाई आधार मानिएको छ ।
- प्रदेश सरकार प्रति स्थानीय तहहरुको सरोकारलाई लेखाजोखा गर्न स्थानीय तहका महासंघहरुबाट प्रस्तुत माग र ध्यानाकर्षण पत्रहरूमा उल्लेखित विषयहरुलाई मुख्य आधार बनाइएको छ ।

# परिच्छेद दुईः समन्वय र अन्तर-सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्था

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन तहका राज्य संरचनाको व्यवस्था गरेको छ । उपरोक्त संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न कानून समेत तर्जुमा भएका छन् भने तहगत सरकारहरु बीच समन्वय र अन्तर-सम्बन्धका व्यवस्थापनका लागि विभिन्न संस्थागत प्रवन्धहरू गरिएका छन् । तहगत सरकारबीचको समन्वय र अन्तर-सम्बन्धका लागि गरिएका संवैधानिक र कानूनी व्यवस्थालाई राजनैतिक, विधायिकी, आर्थिक र वित्तीय, योजना र बजेट, विकास व्यवस्थापन, प्रशासनिक आदि आयामहरुमा देहाय वमोजिम विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## *२.१ राजनैतिक अन्तर-सम्बन्ध*

- संविधानको धारा ५० को उपधारा (१) मा राज्यका निर्देशक सिद्धान्त अन्तरगत संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकार उपभोगको सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्नु राज्यको राजनीतिक उद्देश्य हुने उल्लेख गरिएको ।
- संविधानको धारा ५६ ले राज्यको संरचना अन्तर्गत नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघसंघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरेको । यस धारामा संघ, प्रदेश र स्थानीय तहले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण-सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने उल्लेख गरिएको ।
- धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गर्दै संघको अधिकार अनुसूची–५ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र सघीय कानून बमोजिम हुने, प्रदेशको अधिकार अनुसूची–६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानून बमोजिम हुने र स्थानीय तहको अधिकार अनुसूची–८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था गरिएको ।

- संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची–९ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था संविधानमा रहेको ।
- संविधानको धारा २३२ मा तीनवटै तहका सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनी स्पष्ट परिभाषा गरिएको ।
- नेपाल सरकारले राष्ट्रिय महत्वका विषय र प्रदेशहरू बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई संविधान र संघीय कानून बमोजिम निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालन गर्नुपर्ने व्यवस्था रहेको । कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनतामा गम्भीर असर पर्ने कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषद्लाई आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई बढीमा ६ महीनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्ने र निलम्बनको अवधिभरका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहने प्रावधान रहेको ।
- संविधानको धारा २३४ मा संघ र प्रदेशबीच तथा प्रदेश—प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर-प्रदेश परिषद् रहने र सो संरचनामा नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशका मुख्यमन्त्री सदस्य रहने व्यवस्था रहेको ।
- संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने र प्रदेश, गाउँपालिका वा नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले कानुन वमोजिम सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने व्यवस्था रहेको ।
- संविधानको धारा ६२ (१) र धारा ६९ मा राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा संघीय सांसद र प्रदेश सभा सदस्य रहेको निर्वाचक मण्डल रहने र धारा ८६ (१) बमोजिम संघीय संसदको माथिल्लो सदनमा प्रदेश सभा सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा ५६ सदस्य निर्वाचित हुने व्यवस्था रहेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ मा गाउँ/नगर पालिकाको सङ्ख्या वा सिमाना सम्बन्धित गाउँसभा वा नगरसभाको दुई तिहाई बहुमतबाट पारित गरी सम्बन्धित प्रदेश सरकारको सिफारिशमा नेपाल सरकारले हेरफेर गर्नसक्ने व्यवस्था रहेको । त्यसैगरी गाउँ/नगर पालिकाको नाम र केन्द्र हेरफेर गर्ने कार्य नेपाल सरकारले प्रदेश सरकारको सिफारिशमा गर्ने र यस अनुरूप नाम वा केन्द्र हेरफेर भएमा सोको जानकारी प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको ।
- यस ऐनको दफा ५ र ६ मा स्थानीय तहको वडा सङ्ख्या, सिमाना र केन्द्र तोक्ने र हेरफेर गर्ने विषय उल्लेख गरेको । वडाको सिमाना हेरफेर गर्दा पनि गाउँ वा नगर सभाको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारले गर्नुपर्ने व्यवस्था रहेको । वडाको केन्द्र भने

गाउँसभा वा नगरसभाले हेरफेर गर्नसक्ने र त्यसरी हेरफेर भएको जानकारी प्रदेश सरकार र नेपाल सरकारलाई ३५ दिन भित्र पठाउनु पर्ने व्यवस्था गरेको ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकाको वर्गिकरण प्रदेश सरकारसँगको परामर्शमा नेपाल सरकारले गर्ने व्यवस्था गरेको । साथै गाउँपालिका वा नगरपालिकालाई साँस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको ।

## *२.२ विधायिकी अन्तरसम्बन्ध*

- प्रदेश सभाले साझा अधिकारको विषयमा कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्ने अन्यथा प्रदेशसभा र गाउँ/नगर सभाले बनाएको त्यस्तो कानून संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था रहेको । त्यसबाहेक संघसंघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकार वा साझा अधिकार सूची संविधानमा नतोकिएको विषयमा संघीय सरकारलाई अवशिष्ट अधिकार प्रदान गरिएको ।
- प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभा निलम्बन वा विघटन भै संविधान बमोजिम संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले अनुसूची—६ बमोजिमको सूचीमा परेको विषयमा कानून बनाउन सक्ने र त्यस्तो कानून सम्बन्धित प्रदेशसभाले अर्को कानून बनाएसम्म बहाल रहने संवैधानिक व्यवस्था रहेको ।
- त्यसैगरी संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने, प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने र दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची—६ मा उल्लिखित कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानून बनाउन सक्ने र यसरी बनेको कानून सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुने संवैधानिक व्यवस्था रहेको ।
- धारा २२६ ले नगर तथा गाउँसभाले कानून वनाउने प्रक्रिया प्रदेश कानून वमोजिम हुने व्यवस्था गरेको र धारा २२७ ले गाउँ तथा नगर सभाको सञ्चालन, वैठक कार्यविधि, सदस्यको पद रिक्तता, पारिश्रमिक र सुविधासम्वन्धी व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था गरेको ।

## *२.३ आर्थिक र वित्तीय अन्तरसम्बन्ध*

- संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको र साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी संघले आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्ने व्यवस्था गरिएको ।

- संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने र त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था गरिएको ।
- साथै वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने तथा संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था रहेको ।
- संविधानको धारा ६० मा तीनै तहका सरकारलाई कार्य जिम्मेवारी निर्धारण गरी त्यस्ता जिम्मेवारी पूरा गर्न राजस्व स्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था गरिएको । यसका लागि संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूची भित्रको विषयमा र कुनैपनि तहको सूचीमा नपरेका विषयमा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको । नेपाल सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण हुने व्यवस्था रहेको ।
- नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान प्रदान गर्ने र प्रदेशले पनि सोही आधारमा वित्तीय समानीकरण अनुदान दिने संवैधानिक व्यवस्था रहेको । तहगत सरकारबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्ने र राजस्व बाँडफाँट सम्बन्धी संघीय कानून बनाउँदा राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता र आर्थिक अधिकार, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा, राजस्व क्षमता, सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरिबी र असमानताको न्यूनीकरण, आकस्मिक कार्य र स्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने व्यवस्था गरिएको ।
- संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार ढाँचा निर्धारण गर्ने, संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार तयार गर्ने, प्रदेशको सञ्चित कोषबाट प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने तथा प्राकृतिक स्रोतको परिचालन गर्दा तीनवटै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने एबम् प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने व्यवस्था रहेको ।
- संविधानले एक प्रदेश वा स्थानीय तहबाट अर्को तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर लगाउन वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न नपाइने कुरामा जोड दिएको ।

- राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन जस्ता विषयमा कानूनी व्यवस्था गर्ने सन्दर्भमा अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जारी गरी तीन तहका सरकारबीच राजस्व अधिकारको प्रयोग र वित्तीय अन्तर-सम्बन्ध बारे प्रबन्ध मिलाएको । यस ऐनले प्राकृतिक स्रोतमा रोयल्टी लगाउने अधिकार नेपाल सरकारमा प्रदान गरेको ।
- अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर र विज्ञापन करलाई एकल कर प्रशासनको अवधारणा अनुरूप प्रदेश वा स्थानीय तहले दर निर्धारण गर्ने र उठाउने तथा उठेको रकम बाँडफाँटको अनुपात तोकेको । त्यसैगरी यस ऐनले संविधानको व्यवस्था अनुरूप बाँडफाँट गरिने राजस्वका स्रोतहरू तथा त्यस्तो स्रोतबाट प्राप्त रकम तहगत सरकारबीच बाँडफाँट गर्ने विधि, प्रकृया, आधार र ढाँचा निर्धारण गरेको । यस ऐनले वैदेशिक सहायता र आन्तरिक ऋण व्यवस्थापनका साथै नेपाल सरकारले समेत प्रदेश र स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था गरेको ।
- यस ऐनको दफा ३३ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तर—सरकारी वित्त व्यवस्थापनको विषयमा आवश्यक परामर्श र समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको संयोजकत्वमा अन्तर-सरकार वित्त परिषद् गठन हुने व्यवस्था रहेको ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ मा प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको आधार प्रदेशलाई सिफारिस गर्ने, नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न सहजीकरण र सहयोग गर्ने लगायतका जिम्मेवारी सो आयोगको हुने व्यवस्था गरिएको ।
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वस्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क, अन्य प्रदेश तथा स्थानीय तहको सन्तुलित विकासको अवस्था, प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य कुनै प्रकारको विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा, प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतालाई आधार लिई अनुदान सिफारिस गर्नुपर्ने व्यवस्था रहेको ।
- संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी वित्तीय व्यवस्थापनलाई जिम्मेवार, पारदर्शी तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कायविधि नियमित तथा व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ तर्जुमा गरिएको ।

- यस ऐनमा बजेट तर्जुमा र विनियोजन, आयोजना वर्गीकरण, बजेट निकासा, खर्च र नियन्त्रण, कारोवारको लेखा बाहेक वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता सम्बन्धी विषयमा समेत कानूनी व्यवस्था गरिएको ।

## *२.४ योजना तथा बजेट सम्बन्धी अन्तरसम्बन्ध*

- संविधानले संघ, प्रदेश र स्थानीय तहले आ–आफ्नो बजेट बनाउने र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था गरेको । यस वमोजिम अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सो समयको किटानी गरेको ।
- स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा समन्वय र अन्तरसम्बन्ध कायम गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय-सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी गर्नुपर्ने व्यवस्था गरेको छ भने प्राथमिकताका विषयहरू पनि निर्धारण गरिदिएको ।
- त्यसैगरी नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन वा व्यवस्थापन गर्न सकिने, संघीय र प्रदेशस्तरको योजना कार्यान्वयनमा स्थानीय तहले समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने र विषयगत मन्त्रालयका योजनाहरु स्थानीय तहको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने विषय यस ऐनको दफा १०६ मा रहेको ।
- तीन तहका सरकारले सञ्चलान गर्ने योजनाबीच समन्वय कायम गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा राष्ट्रिय महत्त्वका, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा संघले गर्ने व्यवस्था गरिएको । प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजना तर्जुमा प्रदेशले गर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरका आयोजना तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था गरिएको ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने र संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत् कार्यान्वयन हुने आयोजना प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको ।

## *२.५ प्रशासनिक अन्तरसम्बन्ध*

- नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय र सरकारी सेवा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने उल्लेख गरेको ।

- तीन तहका सरकारबीच प्रशासनिक समन्वय र अन्तरसम्बन्ध कायम गर्ने सन्दर्भमा यस स्थानीय सरकार सञ्चालन ऐनको दफा ८६ ले स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरेको ।
- स्थानीय सेवाका कर्मचारीको तलबको शुरू स्केल प्रदेश सरकारले तोके बमोजिम र त्यसरी नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था गरेको ।
- नेपाल सरकारले स्थानीय तहको मागको आधारमा कर्मचारी काजमा खटाउन सक्ने व्यवस्था सँगै गाउँपालिका तथा नगरपालिकाले आफ्नो नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरू कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने व्यवस्था गरेको ।
- संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक समन्वय र अन्तरसम्बन्धको विषयमा कर्मचारी समायोजन ऐन, २०७५ र निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा रहेका केही प्रावधानहरू पनि आकर्षित हुने देखिएको ।
- त्यसबाहेक संविधानमा एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्ने, एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान-प्रदान गर्ने, परामर्श गर्ने, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्ने र आपसी सहयोग विस्तार गर्न सक्ने ।
- प्रदेश लोकसेवा आयोगको गठन र काम, कर्तब्य अधिकार सम्वन्धी आधार र मापदण्ड सम्वन्धी कानून संघीय सरकारले वनाउने संविधानको धारा २४४ मा भएको व्यवस्था र धारा २७३ बमोजिम कुनै प्रदेशमा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्ने व्यवस्था रहेको ।

## ***२.६ संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ का प्रमुख व्यवस्थाहरु***

मुलुकले अङ्गीकार गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न नेपालको संविधानको धारा २३५ (१) वमोजिम संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भएको छ । यस ऐनमा रहेका प्रमुख प्रावधानहरूलाई संक्षेपमा तल प्रस्तुत गरिएको छः

| | |
|---|---|
| संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधारहरू: | (क) राष्ट्रिय हितका आधारभूत विषय, (ख) राष्ट्रिय गौरव र एकताको संरक्षण, (ग) राज्यका मार्गदर्शक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन, (घ) मौलिक हकको कार्यान्वयन, (ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान, (च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता, (छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण, (ज) संविधानको अधीनमा रही साझा सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान, (झ) नेपाली नागरीकबीच समान व्यवहार र सुरक्षा, (ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, सहयोग तथा सूचनाको आदान प्रदान, (ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण, (ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण, (ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन, (ढ) पारस्परिक सहयोग र सहकार्य, (ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन, (त) नागरीकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता, (थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय, |
| कानून वा नीति बनाउँदा बिचार गर्नुपर्ने: | ऐनको दफा ४ मा संघ, प्रदेश वा स्थानीय तहले एकल वा साझा अधिकारको विषयमा कानून वा नीति बनाउँदा देहायका कुराहरुलाई विचार गर्नुपर्ने:<br>(क) एक अर्को तहको एकल अधिकारको अतिक्रमण नगर्ने,<br>(ख) लागत, दिगोपना वा सेवा प्रवाह प्रभावकारिताका दृष्टिले अर्को तहबाट कार्यान्वयन गर्दा उपयुक्त हुने भए सोही गर्ने ।<br>(ग) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी संघ, प्रदेश र स्थानीय तहको भूमिका रहने ।<br>(घ) एक अर्को तहको कानूनसँग बाझिन नहुने,<br>(ङ) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,<br>(च) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म आफ्नो तहको भूमिका रहने,<br>यस ऐनमा प्रदेश वा स्थानीय तहले कानून बनाउँदा मौलिक हक, संवैधानिक हक वा संघीय कानूनप्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा |

| | |
|---|---|
| | तोक्ने विषय र संघीय कानूनले व्यवस्था गरेकोमा त्यसको विपरित व्यवस्था सम्बन्धी प्रावधान राख्न नहुने । |
| एकल अधिकारको कार्यान्वयनः | ऐनको दफा ५ मा तीनवटै तहका सरकारले एकल अधिकारको प्रयोग गर्दा पालना गर्नुपर्ने विषय सम्बन्धमा व्यवस्था गरिएको । यस अनुसार संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाई त्यस्तो अधिकारको कार्यान्वयन गर्न सक्ने । तर यस बमोजिम प्रदेश वा स्थानीय तहले कानून बनाउँदा वा सोको कार्यान्वयन गर्दा सो विषयमा संविधान बमोजिम कुनै शर्त वा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधीनमा रही गर्नुपर्ने । एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले संघीय कानून र स्थानीय तहले संघीय र प्रदेश कानून सँग नबाझिने गरी कार्यान्वयन गर्नुपर्ने । |
| साझा अधिकारको कार्यान्वयनः | ऐनको दफा ६ मा राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रुपमा लागू हुने गणुस्तर वा मापदण्डको निर्धारण र नियमन संघीय कानून बमोजिम हुने गरी, प्रदेशस्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार तथा शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि, रोजगार प्रवर्द्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गणुस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन सम्बन्धी कार्य प्रदेश कानून बमोजिम हुने गरी, र स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीयस्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय कानून बमोजिम हुने गरी गर्ने व्यवस्था मिलाउने ।<br><br>संविधानको अनुसूची-९ को विषयमा संघीय कानून नबनेको अवस्थामा प्रदेशले र संघीय वा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्ने । |
| प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्नेः | यस ऐनको दफा ८ मा संघले आफ्नो एकल अधिकार, साझा अधिकार वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा त्यस्तो विषय वा अधिकार अन्तर्गतको कुनै कार्य लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्रदेश वा स्थानीय तहले गर्नेगरी व्यवस्था गर्न सक्ने र प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानून बनाउँदा कुनै |

| | |
|---|---|
| | विषय लागत, दिगोपना र सेवाको प्रभावकारिताका दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त देखिएमा स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्ने । |
| समन्वय र परामर्शः | यस ऐनको दफा ११ मा प्रदेश र स्थानीय तहले पालना वा कार्यान्वयन गर्नुपर्ने राष्ट्रिय योजना तथा नीति तर्जुमाको विषय र नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषयमा नेपाल सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नुपर्ने । त्यसैगरी अनुसूची-९ बमोजिम साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा, राजश्व र प्राकृतिक स्रोतको लाभको बाँडफाँट तथा नयाँ कर प्रणाली लागू गर्दा नेपाल सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नु पर्ने ।<br><br>त्यसैगरी प्रदेशले साझा अधिकारको सूचीका विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय र परामर्श गर्ने तथा स्थानीय तहले संविधानको अनुसूची-९ का विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय र प्रदेश सरकारको विषयगत मन्त्रालयसँग समेत समन्वय र परामर्श गर्नुपर्ने । प्रदेशले साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परार्मश गर्नुपर्ने । |
| कानूनको प्रकाशन र अभिलेखः | ऐनको दफा १२ मा संघले बनाएको ऐन, नियमावली र गठन आदेश नेपाल राजपत्रमा, प्रदेशले बनाएको ऐन, नियमावली र गठन आदेश प्रदेश राजपत्रमा र स्थानीय तहले बनाएको ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रदेश तथा स्थानीय तहले बनाएको नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने उल्लेख छ । प्रदेश तथा स्थानीय तहले बनाएको ऐन र नियमावलीको प्रमाणीकरण प्रति सम्बन्धित तहले सुरक्षित रुपमा अभिलेख गरी राख्नुपर्ने तथा ऐन, नियमावली र गठन आदेशको प्रमाणित प्रति सम्बन्धित प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा र स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानूनको एक प्रति प्रदेश सरकारमा समेत पठाउनु पर्ने व्यवस्था छ । संघ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानून बमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्ने साथै प्रदेश सरकार र स्थानीय तहले प्रदेश राजपत्र र स्थानीय राजपत्रमा प्रकाशित सूचनाहरु राजपत्रकै स्वरुपमा आफ्नो |

| | |
|---|---|
| | वेबसाइटमा राख्नु पर्ने र त्यस्तो राजपत्रको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्ने । |
| सहयोग र सहकार्यः | ऐनको दफा १४ वमोजिम प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्यजिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्ने, स्थानीय तहको अधिकार सूचीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने र नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई नमूना कानूनको मस्यौदा बनाई पठाउन सक्ने । त्यसैगरी संघले बनाएका कानून, नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नुपर्ने तथा प्रदेश र स्थानीय तहको कार्य-जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने । त्यसका अलावा संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहले आ-आफ्नो विधायीकी काम कारबाहीमा सामञ्जस्यता तथा एकरुपता कायम गर्नको लागि सहकार्य गर्न सक्ने र यस्तो सहकार्य गर्ने प्रयोजनको लागि संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहको सभाले आवश्यकता अनुसार सूचना आदान-प्रदान, छलफल वा परामर्श गर्न सक्ने । |
| राष्ट्रिय समन्वय परिषदः | यस ऐनको दफा १६ मा प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकारको अर्थ मन्त्री, कानून तथा न्याय मन्त्री, गृह मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्रीहरु, प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको संघीय संसदको सदस्य, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, नगरपालिका प्रमुख/उपप्रमुख र जिल्ला समन्वय समिति प्रमुख/उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा ३ महिला सहित प्रत्येक प्रदेशबाट १ जनाको दरले ७ जना सदस्य रहने राष्ट्रिय समन्वय परिषद् रहने । परिषद्को वैठक वर्षको कम्तीमा एकपटक बस्नुपर्ने ।<br><br>ऐन वमोजिम यस परिषद्ले साझा अधिकारको विषयमा कानून तथा निति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने, प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएका विषयमा समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानूनहरूको कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने, अन्तरप्रदेश तथा स्थानीय तहलाई प्रभाव पार्ने कानून नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने, अन्तरप्रदेशस्तरमा सञ्चालित विकासका |

| | |
|---|---|
| | ठूला आयोजनाहरुको कार्यान्वयनको समन्वय जस्ता कार्य गर्ने जिम्मेवारी रहेको । त्यसैगरी परिषद्ले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न विशेष समिति गठन गर्न वा विज्ञको राय प्राप्त गरी परिमार्जन गर्नु पर्ने देखिएका विषयमा सम्बन्धित तहलाई सिफारिश गर्न सक्ने । |
| विषयगत समितिः | संघ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा विषयगत समिति रहने र समितिमा प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्री र अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष सदस्य रहने व्यवस्था यस ऐनको दफा २२ मा रहेको छ । विषयगत समितिको बैठक कम्तीमा वर्षको एक पटक बस्ने र यस समितिलाई आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने, क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्ने तथा कानून, योजना, नीति र रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने । |
| प्रदेश समन्वय परिषदः | ऐनको दफा २४ मा प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री, प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री, प्रदेश सरकारको प्रमुख सचिव, प्रदेशभित्रका गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, नगर प्रमुख/उपप्रमुख र जिसस प्रमुख/उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट १ जनाको दरले मुख्य मन्त्रीले तोकेका व्यक्ति सदस्य रहने । परिषदमा प्रदेश मुख्यमन्त्री कार्यालयका सचिवले परिषद्को सचिवको भूमिका निर्बाह गर्ने र परिषद्को सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने ।<br><br>प्रदेश समन्वय परिषद्ले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय गर्ने, अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा आवश्यकता अनुसार समिति गठन गर्ने, आवश्यक देखिएमा विषय खुलाई राष्ट्रिय समन्वय परिषद् समक्ष अनुरोध गर्न सक्ने । |

| | |
|---|---|
| जिल्ला समन्वय समितिः | ऐनको दफा २६ मा संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य, जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यमा जिल्ला समन्वय समितिले समन्वय गर्ने व्यवस्था रहेको । राष्ट्रिय समन्वय परिषद् वा प्रदेश समन्वय परिषद्मा पेश भएको कुनै विषयमा स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा राष्ट्रिय समन्वय परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्ने र जिल्ला समन्वय समितिले लेखी आए बमोजिम कार्य गरी राष्ट्रिय समन्वय परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनुपर्ने । |
| विवादको समाधानः | ऐनको दफा २८ वमोजिम संघ र प्रदेशबीचको विवाद तथा प्रदेश-प्रदेशबीचको विवाद समाधानका लागि संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच राजनीतिक विवाद उत्पन्न भएमा १५ दिनभित्र विवादका पक्षले अन्तर-प्रदेश परिषद्को सचिवालयमा लिखित सूचना दिनु पर्ने र सूचना प्राप्त भएमा सचिवालयले अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्ने । यसरी जानकारी प्राप्त भएपछि अध्यक्षले परिषद्को बैठक बोलाई सो सम्बन्धमा छलफल गराउनु पर्ने व्यवस्था छ । यसका लागि अन्तर-प्रदेश परिषद्ले उप-समिति वा कार्यदल गठन गर्न सक्ने साथै वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवाद समाधान नभएमा त्यस्तो विवाद समाधान गर्न अन्तर-प्रदेश परिषद्ले ३ महिना भित्र आवश्यक निर्णय गर्न सक्ने र यसरी भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु गराउनु पर्ने । |

# परिच्छेद तीन : संघीय तहमा समन्वयका लागि क्रियाशील संरचनाहरु

## *३.१ राष्ट्रिय समन्वय परिषद*

नेपालको संविधान धारा २३३ ले अन्तर-प्रदेश परिषदको व्यवस्था गरेको भएता पनि यसको कार्यक्षेत्र संघ र प्रदेशको बिचमा कुनै विवाद उत्पन्न भएमा त्यसको निराकरण गर्ने तर्फ सिमित गरिएको र विकास निर्माण तथा शासकीय प्रवन्धमा आएका समस्याहरु उपर छलफल गर्ने प्लेटफर्मको व्यवस्था नभएको र अन्तर प्रदेश परिषदले स्थानीय तहलाई नसमेटेको हुँदा धारा २३५ (१) वमोजिमको अन्तर सम्बन्ध व्यवस्थापन सम्बन्धी ऐनले राष्ट्रिय समन्वय परिषदको व्यवस्था गरेको हो । यो कानुन २०७७ सालमा जारी भएको र कानुन बमोजिम कम्तीमा वर्षको १ पटक बैठक वस्नुपर्ने कानुनी बाध्यता रहेको भएता पनि यस परिषदको पहिलो बैठक कानुन तर्जुमा भएको करिब ३ वर्ष पश्चात आयोजना भएको हो । २०८० साल असार १४ मा पोखरामा आयोजित बैठकले गरेका निर्णयहरुलाई तल प्रस्तुत गरिएको छ :

| निर्णयको शिर्षक | निर्णयको ब्यहोरा |
|---|---|
| परिषदको व्यवस्थापन | • राष्ट्रिय समन्वय परिषदको बैठक सञ्चालन कार्यविधि – २०८० पारित गर्ने । |
| अष्पष्टता र दोहोरोपना हटाउने | • कार्य विस्तृतिकरण परिमार्जन गरी तिनै तहको अधिकारमा स्पष्टता ल्याउने –जसका लागि ६ महिनाभित्र उक्त कार्यको लागि प्रस्ताव पेश गर्न प्रधानमन्त्री कार्यालयका सचिवको अध्यक्षतामा १० सदस्यीय सिफारिस समिति गठन गर्ने ।<br>• तिनै तहबाट विभिन्न संघसंस्था लाई एकै प्रकृतिका कार्यक्रमको लागि जाने अनुदान बन्द गर्ने - त्यसका लागि राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा ७ सदस्यीय सुझाव समिति गठन गर्ने ।<br>• एकै प्रकृतिका कामको लागि गठित अलग-अलग संरचना हटाउने -यसका लागि ३ महिनाभित्र खारेजी वा समायोजन गर्नुपर्ने संरचनाको अध्ययन गरी सिफारिस गर्न प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गर्ने ।<br>• विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने –तिनै तहका लागि विकास आयोजनाको प्रकृति र रकम सीमा तयार गरी राष्ट्रिय योजना आयोगले ३ महिना भित्र पेश गर्ने र आयोजनामा रहने दोहोरोपना हटाउन र समन्वय एवं तादात्म्यता बढाउन आयोगले समन्वयकारी भूमिका खेल्ने । |

| | |
|---|---|
| कानुन निर्माण सम्बन्धमा | • साझा सूचीका अधिकार सम्बन्धी बन्नुपर्ने कानुनको पहिचान गरी संघीय कानुन मन्त्रालयले मस्यौदा तयार गर्ने र प्रदेश तथा स्थानीय तहको सुझाव लिने ।<br>• संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुनहरु निर्माण गर्ने र बनिसकेका ऐन/कानुनहरुको इमान्दारिताका साथ कार्यान्वयन गर्ने । |
| जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | • विशेष अवस्थामा बाहेक २ वर्षभन्दा अगावै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको सरुवा नगर्ने । प्रदेश तथा स्थानीय तहमा कर्मचारी खटाउन संघीय मन्त्रालयले प्राथमिकता दिने, खटाएका कर्मचारीलाई स्थानीय र प्रदेश तहले काममा लगाउने । |
| राष्ट्रिय तथ्यांक एकिकृत अभिलेख प्रणालीको विकास | • सरकारका उपलब्धीहरुको एकिकृत अभिलेख तयार गर्ने सम्बन्धमा ६ महिना भित्र अध्ययन गरी सिफारिस गर्न राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गर्ने । |
| जग्गा प्राप्ति सहजता | • प्रदेश र स्थानीय तहले पूर्वाधार निर्माण गर्दा आवश्यक जग्गा प्राप्तिमा सहजता ल्याउन कानुन परिमार्जनको कार्य सम्बन्धित संघीय मन्त्रालयले अघि बढाउने । |

उल्लेखित तालिका अनुसार राष्ट्रिय समन्वय परिषदले ६ वटा विषय क्षेत्रमा निर्णयहरु गरेको देखिन्छ । अन्तर सरकार समन्वय ऐन २०७७ ले मार्गदर्शन गरेका विषयक्षेत्रलाई समेटेर निर्णयहरु भएका देखिन्छन् । पहिलो बैठक भएकोले यसले आफ्नै वैठक सञ्चालन सम्बन्धी कार्यविधि पारित गरेको छ । त्यसैगरी दोस्रोमा तिन तहका सरकारहरुले कानुनको कार्यान्वयन गर्दा वा बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आउनसक्ने अश्पष्टता र दोहोरोपनालाई हटाउन विभिन्न निर्णयहरु गरेको छ । त्यसैगरी स्थानीय तहसँग सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतहरुको खटनपटन र सरुवा तथा स्थानीय विकास निर्माणमा समस्या परेको जग्गा प्राप्ति सम्बन्धमा विभिन्न निर्णयहरु गरेको छ । कतिपय विषयमा कार्यदल वा समिति गठन गरेर आवश्यक गृहकार्य गरी अर्को बैठकमा पेश गर्ने विषयहरु समेत निर्णयमा समेटिएका छन् ।

## ३.२ अन्तर सरकार वित्त परिषद

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३३ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तर—सरकारी वित्त व्यवस्थापनका विषयमा परामर्श र समन्वय गर्न गठन हुने यस परिषदमा तीनै तहका सरकारको प्रतिनिधित्व हुने व्यवस्था मिलाइएको छ । नेपाल सरकारका अर्थमन्त्रीको संयोजकत्वमा हुने यस परिषदमा प्रदेशका अर्थ मन्त्री तथा गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाका प्रमुख वा उपप्रमुख मध्येबाट प्रत्येक प्रदेशबाट एक/एक जना महिला सहित दुई जना प्रतिनिधित्व हुने गरी प्रदेशले सिफारिस गरेका

१४ जना तथा वित्त सम्बन्धी विज्ञहरुमध्येबाट अर्थ मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित तीन जना सदस्य रहने र अर्थ मन्त्रालयको सचिव परिषद्को सदस्य सचिव हुने व्यवस्था छ । परिषद्को वैठक प्रत्येक वर्षको चैत महिनामा एक पटक र अन्य वैठक आवश्यकता अनुसार संयोजकले तोकेको मितिमा बस्ने छ ।

अन्तर सरकारी वित्त परिषद्को बैठक हालसम्म ८ पटक बसिसकेको देखिन्छ । परिषद्को बैठक मिति तथा उपस्थिति संख्या तलको तालिकामा प्रस्तुत छः

| बैठक संङ्ख्या | बैठक मिति | उपस्थिति संख्या | निर्णय सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| पहिलो | २०७५/०१/२४ | ६७ | ४ | |
| दोश्रो | २०७५/०८/२० | ८२ | २० | |
| तेश्रो | २०७५/१२/२८ | ६३ | २४ | |
| चौथो | २०७६/०५/०६ | ७८ | १५ | |
| पाँचौं | नखुलेको | नखुलेको | - | |
| छैटौं | २०७८/०९/०१ | - | - | भिडियो कन्फ्रेन्स |
| सातौं | २०७८/१२/२८ | ३२ | ६ | |
| आठौं | २०८०/०१/२१ | नखुलेको | ५ | |

अन्तर सरकारी वित्त परिषद्को बैठक हरेक वर्ष चैत महिनामा एक पटक बस्नै पर्ने कानूनी व्यवस्था भएको कारण पनि यो संरचनाको वैठक तुलनात्मक रूपमा नियमित देखिन्छ । अन्तर-सरकारी वित्त परिषद्का हालसम्म सात वटा बैठक सम्पन्न भएको भएता पनि पाँचौं वैठक कुन मितिमा बसेको र के निर्णय भएको भन्ने खुल्ने विवरण उपलब्ध हुन सकेन । छैटौं बैठक पनि विद्युतीय माध्यमबाट बसेको भन्ने जानकारी प्राप्त भएको हुँदा यस वैठकको पनि उपस्थिति र निर्णय खुल्न सकेको छैन ।

अन्तर सरकारी वित्त परिषद्को पहिलो वैठकमा परिषद्को बैठक संचालन कार्यविधि स्वीकृत गर्ने, दोहोरो परेका करहरु आपसी समन्वयका आधारमा लगाउने, ऐनहरुमा देखिएका अन्तर-विरोधहरुमा एकरुपता ल्याउन आवश्यक पहल गर्ने र वित्तीय संघीयता कार्यान्वयनका लागि पहल गर्ने निर्णयहरू भएको देखिन्छ ।

परिषद्को दोस्रो वैठकमा वहुवर्षिय ठेक्का लागेका आयोजनामा स्रोतको प्रत्याभूति गर्ने, हस्तान्तरण भएका आयोजनाका लागि नपुग रकम मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने, आपसी सहमतीमा अर्को तहको संरचनालाई अख्तियारी दिई कार्यान्वयन गराउने, हस्तान्तरण भएका सशर्त अनुदानका कार्यक्रम संशोधन अनुरुप कार्यान्वयन गर्दै जाने, आगामी वर्षको बजेटमा संक्रमणकालीन व्यवस्थापन गर्ने, वैदेशिक सहायतामा सञ्चालित हस्तान्तरित आयोजना नेपाल सरकारले सञ्चालन गर्न आवश्यक देखिएमा सोही अनुरुप गर्ने र आगामी वर्षहरुमा तहगत अधिकार अनुरुप दातृ निकायसँग सम्झौता गर्ने, स्थायी पदपूर्ति भएपछि स्वतः हट्ने गरी प्राविधिक कर्मचारी करारमा नियुक्ति गर्ने, विषयगत कार्यालयहरु यथाशिघ्र हस्तान्तरण गरी सक्ने, हस्तान्तरण भैसकेका आयोजना वा संरचना प्रदेश तथा स्थानीय तहको सहमतिमा मात्र फिर्ता गर्ने, प्रदेशहरुले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने

संरचना, कार्यक्रम समयमै हस्तान्तरण गर्ने, प्रदेश र स्थानीय तहले लगाएको करका सम्बन्धमा कर विवाद समाधान सुझाव समितिले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने निर्णय समेत यस बैठकमा भएको देखिन्छ ।

प्रदेश तथा स्थानीय तहले उठाउन पाउने ऋणको व्यवस्थापनका लागि कार्यविधि तयार गर्ने, सवै तहको बजेट तथा लेखा प्रणालीबीच अन्तर-आवद्धता कायम गर्ने, बाँडफाँट हुने राजस्व हस्तान्तरण स्वचालित प्रणाली मार्फत गर्ने, सार्वजनिक खरिद सम्बन्धी नमूना कानून तर्जुमा गरी उपलब्ध गराउने, स्थानीय तहको कार्यालय भवन निर्माणका लागि आवश्यक सार्वजनिक जग्गा उपलब्ध गराउने व्यवस्था मिलाउने, समपुरक अनुदान र विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रम पेश गर्ने म्याद थप गर्न प्रस्ताव पेश गर्ने, बजेट पारित नगरेका स्थानीय तहलाई पारित भएको कागजात प्राप्त गरेपछि मात्र बाँकी अनुदान उपलब्ध गराउने, बाझिएका वित्त सम्बन्धी संघीय कानून संशोधन गर्ने प्रक्रिया सम्पन्न गर्ने, बैकिङ्ग सुविधा नपुगेका स्थानीय तहहरुमा वैंक स्थापना गर्न पहल गर्ने, सरकारी सम्पत्ति श्रेस्ता एवं अभिलेखको संरक्षण गर्ने व्यवस्था मिलाउने साथै विगतको लेखापरीक्षण गराउने कार्य लेखाउत्तरदायी अधिकारीहरुले मिलाउने निर्णय पनि यस बैठकमा भएका थियो ।

यस परिषद्को तेस्रो वैठकमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको संशोधन, प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समयको पुनरावलोकन, आयोजना तथा कार्यक्रमको मापदण्ड निर्धारण, हस्तान्तरित आयोजनामा थप निकासा दिने, हस्तान्तरण पछि संघीय सरकारमा फिर्ता भएको आयोजना सम्बन्धित तहले नै बजेटमा अनुमोदन गराउने, सार्वजनिक खरिद ऐन र नियमावली संशोधन प्रकृया अघि वढाउने र वैदेशिक सहायतामा संचालन हुने आयोजनाको कार्यान्वयन, लेखाङ्कन, प्रतिवेदन, सोधभर्ना सम्वन्धी विषयमा कार्यविधि तयार गर्ने, स्थानीय तहले प्रदेश सरकारमा पठाउन पर्ने रकम प्रदेश संचित कोषमा दाखिला गर्ने, सवारी साधन करको रकम प्रदेश विभाज्य कोषमा ट्रान्सफर गर्ने, घर जग्गा रजिष्ट्रेशन शुल्कको रकम मासिक रुपमा पठाउने, PLMBIS र SuTRA तथा मध्यमकालिन खर्च संरचना जस्ता विषयमा प्रदेश र स्थानीय तहमा क्षमता विकास गर्ने, वातावरण प्रभाव मूल्याङ्कन गर्ने कार्य प्रदेश र स्थानीय तहमा कार्यरत संघीय इकाईबाट सम्पादन गराउने निर्णयहरू भएको देखिन्छ ।

त्यसैगरी प्रदेश र स्थानीय तहबाट परिचालन हुने वैदेशिक सहायता र आन्तिरक ऋण सम्बन्धी कार्यविधि तयार गर्ने, समपूरक अनुदान र विशेष अनुदान सम्बन्धी कार्यविधि संशोधन, सशर्त अनुदानमा सञ्चालन हुने नयाँ आयोजना प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने, उद्योग कल कारखानाबाट हुने प्रदुषण वापत प्रदेश र स्थानीय तहले शुल्क लगाउने विषयमा अध्ययन गर्ने, प्रदेश र स्थानीय तहमा करारमा कर्मचारी भर्ना गर्ने, प्रदेश र स्थानीय तहवाट संचालन हुने आयोजनाहरुका लागि आवश्यक जग्गा प्राप्तिका विषयमा कानुनी ब्यवस्था गर्ने, तलव भत्ता र प्रशासनिक खर्च हस्तान्तरण नभएको वा अपुग भएकोमा रकम पठाउने, हिमाली जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने समयावधि वढाउने, प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने कार्यक्रम तथा योजना यथाशिघ्र हस्तान्तरण गर्ने, नदीजन्य पद्धार्थबाट उठ्ने राजस्वमा अन्यौलता भई राजस्व गुमेको विषयमा स्पष्ट गरी पठाउने तथा समपुरक र विशेष अनुदानका आयोजनाहरु वहुवर्षीय ठेक्का गर्ने व्यवस्था मिलाउनेबारे अध्ययन गर्ने विषयहरू रहेका थिए ।

अन्तर सरकारी वित्त परिषद्को चौथो वैठकमा सशर्त अनुदानका हस्तान्तरित आयोजना सम्पन्न गर्न नपुग रकम निकासा गर्ने, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनमा संशोधन मस्यौदा तयार गर्ने, समपुरक र विशेष अनुदानका क्रमागत आयोजनालाई चालु आवमा छनौटमा प्राथमिकता दिने, स्थानीय तहबाट प्रदेशलाई र संघबाट प्रदेश र स्थानीय तहमा पठाउनु पर्ने राजस्व नियमित रुपमा पठाउने, स्थानीय तहलाई अनुदान निकासा गर्दा राजस्व बाँडफाँट सम्बन्धी विवरण प्राप्त गरेर मात्र उपलब्ध गराउने, आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामाग्री सहज रुपमा उपलब्ध गराउने र सोको समन्वय र अनुगमन गर्ने, नदीजन्य सामाग्रीबाट संकलन हुने राजस्व बाँडफाँट बारे कानुन संशोधन प्रकृया अघि बढाउने, सामुदायिक वन उपभोक्ता समूहले लगाएको वन पैदावार शुल्क संघीय कानुन बमोजिम लगाइ संघीय विभाज्य कोषबाटै बाँडफाँट गर्ने व्यवस्था मिलाउने तथा प्रदेश र स्थानीय तहले कर, शुल्क लगाउँदा प्रचलित कानुन बमोजिम तथा लगानीको वातावरणमा प्रतिकुल असर नपर्ने गरी कानुन बनाएर मात्र लगाउने व्यवस्था गर्ने प्रमुख निर्णयहरु भएका हुन् ।

त्यसैगरी स्थानीय तहलाई दिइने अनुदान बजेट पारित गरेको विवरण लिएर मात्र निकाशा दिने, स्थानीय तहले बजेट पारित गरे/नगरेको जानकारी प्रदेशले पनि लिने, रोयल्टी संकलन र बाँडफाँटसम्बन्धी कार्यविधि स्वीकृत गराई बाँडफाँट गर्ने र कानुन बनाउने प्रकृया अघि बढाउने, SuTRA को प्रयोग सवै स्थानीय तहले अनिवार्य गर्ने र सोको अनुगमन प्रदेशले गर्ने, स्थानीय तहमा पठाइने जनशक्तिलाई आधारभूत तालिम दिएर मात्र कामकाजमा खटाउने, संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम, बजेट र लेखा प्रणालीबीच सामन्जस्यता र अन्तरआवद्धता कायम हुने प्रणाली तयार गर्ने एवम् अनुदान वितरण र सामाजिक सुरक्षाका कार्यक्रमहरुमा दोहोरोपन हुन नदिन यस्ता कार्यक्रमको खाका तयार पार्ने निर्णयहरू पनि यस वैठकमा भएको देखिन्छ ।

सातौं वैठकमा कानून निर्माण र सुधारलाई गति दिने, कानून निर्माण गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका सिद्धान्त अनुकूल हुने गरी गर्ने, सशर्त अनुदानमा अत्यन्त न्यून रकमका आयोजना बजेटमा समावेश नगर्ने र सशर्त अनुदान तथा कार्यक्रम एकमुष्टरूपमा हस्तान्तरण गर्ने, आयोजनाको प्राथमिकीकरण गर्दा अर्थतन्त्रमा सुधार ल्याउने र विगतको सिकाईको आधारमा नयाँ योजना तर्जुमा गर्न ध्यान दिने, साधन विनियोजनमा कुशलता हासिल गर्न पूँजी निर्माण गर्ने योजनामा जोड दिने तथा संघीयता कार्यान्वयन, समावेशी विकास र संस्थागत समन्वय कायम गर्ने कुरामा ध्यान दिने, कृषिको आधुनिकिकरण/औधोगिकीकरण तथा शिक्षा र स्वास्थ्यमा गुणस्तर सुधार एवम् पूर्वाधारलाई दिगो र उत्पादनमुखी बनाउने र साना उद्योग प्रवर्द्धनमा जोड दिँदै उत्पादनमूलक कार्यक्रम तय गरी उत्पादन र उत्पादकत्व बृद्धिलाई विकासको प्राथमिकता बनाउने तथा प्रविधि र प्राविधिक हस्तान्तरण, रोजगारी सिर्जना, जनसहभागिता जस्ता विषयलाई बजेटको उद्देश्य, प्राथमिकता र मुख्य कार्यक्रमको रुपमा समावेश गर्ने यस वैठकमा निर्णय भएको देखिन्छ ।




आठौं बैठकमा बजेट निर्माण को विषयमा औपचारिकता मात्र दिएको देखिन्छ । यसले धेरैजसो सैद्धान्तिक विषयहरुलाई निर्णयको रुपमा उठान गरेको देखिन्छ । बाझिएका कानुन संसोधन गर्ने, कर राजश्वमा रहेको दोहोरोपना हटाउने, बजेट निर्माण प्रक्रियालाई सन्तुलित बनाउने जस्ता विषय उल्लेख भएका छन् ।

वित्त परिषद्का निर्णयहरूलाई यस प्रतिवेदनको अनुसूची मा समावेश गरिएको छ ।

## ३.३ अन्तर प्रदेश परिषद र विषयगत समितिहरु

नेपालको संविधान धारा २३४ वमोजिम स्थापित अन्तर प्रदेश परिषदले प्रदेशहरुबीच भौगोलिक सिमाना र राजनैतिक विवाद भएमा छलफल गरी समाधान गर्ने कार्य जिम्मेवारी तोकिएको छ । नेपालमा संघीय प्रणाली भित्र तहगत सरकारहरूबीच अधिकार क्षेत्र र स्रोत साधनका विषयमा बढी विवाद आउन सक्ने हुनाले नै परिषदको व्यवस्था संविधानमा गरिएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा गृह एवं अर्थ मन्त्री र प्रदेशका मुख्यमन्त्री सदस्य रहने व्यवस्था गरिएको छ भने स्थानीय तहको प्रतिनिधित्व यसमा छैन । तर परिषद्को बैठकमा आवश्यकता अनुसार नेपाल सरकार तथा प्रदेशका मन्त्री एबम् विशेषज्ञलाई आमन्त्रित गर्न सकिने व्यवस्था संविधानमा गरिएको छ ।

संविधानको उल्लिखित व्यवस्था अनुरूप प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश परिषद्को गठन भई ३ वटा वैठक सम्पन्न भएका छन् । उपरोक्त बैठकहरुले विभिन्न समसामयिक विषयहरुमा ८ वटा निर्णय गरेको थियो । तर पछिल्लो २०७६ बैसाख १३ देखि यता यसको बैठक भएको छैन । यस परिषद्को तेस्रो वैठकमा तोकिएका सदस्यहरुका अतिरिक्त नेपाल सरकार र प्रदेशका मन्त्री तथा सचिव एबम् प्रमुख सचिवहरू र प्रतिनिधिमूलक रुपमा स्थानिय तहका केही प्रमुखहरुलाई समेत सहभागी गराइएको थियो । बैठकबाट मुलुकमा संघीयता कार्यान्वयनका सन्दर्भमा भएका प्रगतिहरूको समीक्षा, संघीयता कार्यान्वयनका सन्दर्भमा देखा परेका समस्याहरू र गृह मन्त्रीको अध्यक्षतामा संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना तर्जुमाका लागि कार्यदल गठन, संघीयता कार्यान्वयन सहजिकरण कार्ययोजना स्वीकृति र कार्ययोजनाको समीक्षासँग सम्बन्धित निर्णयहरु भएका थिए । उक्त संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनामा समावेश भएका समस्याका क्षेत्रहरूमा कर्मचारी सङ्गठन तथा संरचना र जनशक्ति व्यवस्थापन, शिक्षा विकास तथा समन्वय, सम्पत्ति तथा पूर्वाधार,

कानून, मापदण्ड र कार्यविधि, कर तथा राजस्व, प्राकृतिक स्रोत, बजेट तथा खर्च, आन्तरिक ऋण, लेखा र लेखापरिक्षण, योजना तथा कार्यक्रम, वैदेशिक भ्रमण, विकास सहायता, मर्यादाक्रम, सार्वजनिक खरिद, सुकुम्बासी र जग्गा प्राप्ती, बन सम्बन्धी मुद्दाको अनुसन्धान र कानून बमोजिम स्थापित स्वायत्त संस्थाहरू जस्ता विषयहरु पहिचान गरिएका थिए ।

**अन्तर-सरकार समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ को दफा २२** बमोजिम संघ र प्रदेशका सम्बन्धित विषयक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहकाबीच नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका विषयमा समन्वय कायम गर्न नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा विषयगत समितिहरुको व्यवस्था गरेको छ । उपरोक्त कानून वमोजिम अधिकांश संघीय मन्त्रालयहरुले यसको गठन गरी बैठक आयोजना गरेर वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा दोहोरोपना हटाउने तथा कार्यान्वयनमा प्रभावकारिता ल्याउने विषयमा छलफल गर्ने गरेका छन् । यसमा कृषि तथा पशुपंक्षी मन्त्रालय र पर्यटन मन्त्रालय अन्तरगतका समितिहरु तुलनात्मक रुपले क्रियाशील देखिएका छन् । कषि मन्त्रालयले समिति गठन अघि देखि नै कृषि सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनमा अन्तर तह छलफल र सहकार्य गर्दै आएको थियो । यसैक्रममा कृषि मन्त्रालय अन्तर्गत विषयगत समितिको बैठक २०८० श्रावण २५ मा बैठक बसी संघ प्रदेश र स्थानीय तहमा कृषि क्षेत्र समन्वयसम्बन्धी कार्य प्रक्रिया २०८० जारी गरेको छ । यसैगरी अन्य मन्त्रालयहरुले समेत यसको बैठकका लागि प्रयास गरेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायतले समेत विषयगत समितिको बैठक राखेको जानकारी प्राप्त भएता पनि बैठकको र निर्णयहरुको अभिलेख सार्वजनिकीकरण गरिएको छैन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- २८४

मितिः- २०८०/१०/०८

श्री स्थानीय तहहरु सबै

विषयः- कार्यान्वयन सम्वन्धमा।

संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्वन्ध तथा समन्वय) ऐन, २०७७ को दफा २२ अनुसार विषयगत समितिका अध्यक्ष माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकवाट अनुमोदित तथा स्वीकृत **संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्वन्धी कार्यप्रकृया, २०८०** कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्रको लागि अनुरोध भै आएको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.२५, मिति २०८०/१०/०३ को पत्र यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाईएको व्यहोरा आदेशानसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

वोधार्थ :

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेब साईटमा बपलोड गरिदिनु हुन तथा सबै स्थानीय तहमा ईमेल गरी दिनुहुन ।

कानुनले परिलक्षित गरेका विषयगत समितिहरुले समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने सोच राखिए पनि अभ्यासमा केही जटिलताहरु देखिएका छन् । तथ्यांक र अभिलेखहरुको प्राप्तिका अभावमा प्रदेशस्तरमा यसको उपादेयता र प्रभाव सम्बन्धमा विश्लेषण गर्न जटिलताहरु रहेका छन् । यस समितिमा स्थानीय तहको सहभागिता र स्थानीय सरोकारवालाहरुको प्रतिनिधित्व सम्बन्धमा प्रभावकारिताको प्रश्न उठ्ने गरेको छ । संघीय तहमा धेरै मन्त्रालयहरु हुने तर त्यसको प्रतिनिधित्व गर्न प्रदेशस्तरमा एउटै मन्त्रालयले धेरैवटा विषयगत समितिमा प्रतिनिधित्व गर्ने ब्यवस्थाले गर्दा नीति र योजना आदानप्रदानमा जटिलता देखिएका छन् ।

# परिच्छेद चार : प्रदेश तहमा समन्वय तथा अन्तरसम्बन्धको अवस्था

## *४.१ प्रदेश तहमा कानुन तर्जुमाको अवस्था*

सुदूरपश्चिम प्रदेशमा विगत ६ वर्षमा प्रदेश सरकारबाट विभिन्न ३४ वटा ऐनहरु, ७ वटा गठन आदेश र १४ वटा नियमावलीहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । उपरोक्त कानुन मध्ये ऐन र गठन आदेशहरुको पूनरावलोकन गरी प्रदेश र स्थानीय तहहरु बिचको समन्वय र अन्तरसम्बन्धका दृष्टिले ३ वटा फरक समूहमा वर्गिकरण गरेर लेखाजोखा गरिएको छ । जस अन्तर्गत स्थानीय तहसँग सम्बन्ध नभएका प्रदेश सरकार र मातहतका निकायहरुको संस्थागत व्यवस्था गर्नका लागि तर्जुमा गरिएका ऐनहरु पहिलो वर्गमा राखिएका छन् । त्यसैगरी स्थानीय तहको व्यवस्थापन र नियमनका लागि संविधान वमोजिम तर्जुमा गरिएका ऐनहरु दोस्रो वर्गमा राखिएको छ । त्यसैगरी तेस्रो प्रकारका कानुनहरु प्रदेशको विकास र संस्थागत व्यवस्थापनका लागि तर्जुमा गरिएका छन् तर तिनले स्थानीय तहका लागि समेत सहकार्य, समन्वय र अन्तरसम्बन्धको दायरा (स्कोप) लाई स्थापित गर्दै स्थानीय तहहरुले समेत निर्वाह गर्नुपर्ने भूमिका तोकेका छन् ।

| कानुनको प्रकार | तर्जुमा भएका ऐन तथा गठन आदेशहरु |
|---|---|
| प्रदेश सरकार र मातहत निकायहरुका संस्थागत संरचनाको नियमन तथा शासकीय प्रवन्धका लागि तर्जुमा गरिएका कानुनहरु | • प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९<br>• प्रदेश लोकसेवा आयोग ऐन, २०७६<br>• प्रदेश खेलकुद ऐन, २०७६<br>• प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५<br>• प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९<br>• प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ (संसोधन २०७९)<br>• सुदूरपश्चिम प्रदेश आकस्मिक कोष ऐन, २०७५<br>• सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०७५<br>• मुख्यमन्त्री तथा मन्त्रीहरुको पारीश्रमीक तथा सुविधा सम्बन्धी ऐन, २०७५<br>• मुख्यन्यायाधिबक्ताको काम कर्तब्य र सेवाका शर्त सम्बन्धी ऐन, २०७५<br>• प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५<br>• केही प्रदेश ऐन संसोधन गर्ने ऐन, २०७६ |

| कानुनको प्रकार | तर्जुमा भएका ऐन तथा गठन आदेशहरु |
|---|---|
| | • रेडियो, एफएम र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७६ |
| स्थानीय तहको संस्थागत नियमन र शासकीय प्रवन्धका लागि संविधान बमोजिम तर्जुमा गरिएका कानुनहरु | • स्थानीय तहको कानुन निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५<br>• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ (शंसोधन २०७६, २०७७)<br>• प्रदेश तथा स्थानीय तहबीच समन्वय तथा विवाद समाधान सम्बन्धी ऐन, २०७९<br>• जिल्ला सभा तथा समन्वय समिति सम्बन्धी ऐन, २०७५<br>• गाउँ सभा र नगर सभा कार्य सञ्चालन ऐन, २०७५ |
| प्रदेश तहको विकास तथा शासकीय प्रवन्धका लागि तर्जुमा गरिएका तर स्थानीय तहका लागि अनिवार्य दायित्व सिर्जना गरिएका कानुनहरु | • प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६<br>• प्रदेश सहकारी ऐन, २०७५<br>• प्रदेशको विउविजन ऐन, २०७८<br>• प्रदेश सुशासन ऐन, २०७५<br>• प्रदेश वातावरण संरक्षण ऐन, २०७५<br>• प्रदेश वन ऐन, २०७७<br>• प्रदेश पर्यटन ऐन, २०७७<br>• प्रदेश जनस्वास्थ्य ऐन, २०७७<br>• सुदूरपश्चिम प्रदेश आयुर्वेद प्रतिष्ठान ऐन, २०७६<br>• प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन, २०७८<br>• साझेदारी व्यवसाय ऐन, २०७६<br>• प्रदेश बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६<br>• प्रदेश लोकमार्ग ऐन, २०७५<br>• प्रदेश बालबालिका ऐन, २०७७<br>• निजी व्यवसाय ऐन, २०७५ |

| कानुनको प्रकार | तर्जुमा भएका ऐन तथा गठन आदेशहरु |
|---|---|
| | • दलित शसक्तिकरण ऐन, २०७८ |

सुदूरपश्चिम प्रदेशमा पर्यटकीय क्षेत्रहरुको विकास तथा व्यवस्थापनका लागि ४ वटा र प्रदेश सरकारका संरचनाहरुको गठन तथा सञ्चालनका लागि ३ वटा गठन तथा सञ्चालन आदेशहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

- खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७५
- रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७६
- बड्डिकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७७
- बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७७
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७६
- सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश २०७६
- सुदूरपश्चिम प्रदेश युवा परिषद (गठन) आदेश २०७७

## ४. २ प्रदेश तहबाट जारी कानुनहरुमा स्थानीय तहका सरोकारहरु

यस प्रकार उल्लेखित तालिकामा वर्गिकरण गरिएका ऐनहरु मध्ये प्रदेश तहको विकास तथा शासकीय प्रवन्धका लागि तर्जुमा गरिएका तर स्थानीय तहका लागि दायित्व सिर्जना र जिम्मेवारी तोकिएका १५ वटा ऐनहरुमा उल्लेखित प्रावधानहरुको लेखाजोखा गरिएको छ :

| | |
|---|---|
| प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ | • दफा १२: उद्योग स्थानान्तरणका लागि स्थानीय तहको सहमति लिनुपर्ने<br>• दफा १९: प्रदेश उद्योग तथा लगानी प्रवर्द्धन समितिका १४ सदस्यहरु मध्ये स्थानीय तहको प्रतिनिधित्व नरहेको ।<br>• दफा २१: ९ सदस्यीय जिल्ला उद्योग प्रवर्द्धन समितिमा स्थानीय तह मध्यबाट प्रतिनिधित्व रहने व्यवस्था रहेको । |
| प्रदेश सहकारी ऐन, २०७५ | • दफा ९: स्थानीय सहकारी समन्वय समिति गठन गर्न सकिने । |

| | |
|---|---|
| प्रदेशको विउ-विजन ऐन, २०७८ | • दफा ३: स्थानीय तहमा ९ सदस्यीय विउ-बिजन समिति गठनको व्यवस्था |
| प्रदेश सुशासन ऐन, २०७५ | • दफा ३८: अख्तियारी प्राप्त अधिकारीले सम्पादन गर्नुपर्ने काम प्रभावकारी भए नभएको अनुगमन र मूल्यांकन गर्न प्रमुख सचिवको संयोजकत्वमा तोकिए वमोजिमको प्रदेश तथा स्थानीय तहको अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने र यसको सचिवालय मुख्यमन्त्री कार्यालयमा रहने ।<br>• दफा ४४: प्रदेश तथा स्थानीय तहले सुशासन कायम राख्न निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाइ लागू गर्न सक्ने । |
| प्रदेश वातावरण संरक्षण ऐन, २०७५ | • स्थानीय तहबाट सम्पादन गर्नुपर्ने विकास निर्माणका कार्यहरुमा वातावरणीय अध्ययन र स्वीकृतिका लागि प्रदेश सरकारको सम्वन्धित निकायमा पेश गर्नुपर्ने । |
| प्रदेश वन ऐन, २०७७ | • दफा ३: प्रदेश तथा स्थानीय तहमा विकास आयोजना र कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय वनको प्रयोग गर्नुपर्ने भएमा प्रदेश सरकारले नेपाल सरकार समक्ष अनुरोध गर्ने ।<br>• दफा ११: निजी जग्गाको लगत कट्टा गर्न स्थानीय तहको सिफारिस हुनुपर्ने ।<br>• दफा २३: साझेदारी वन स्थापना – वन डिभिजन, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा साझेदारी वन व्यवस्थापन गर्न सकिने । डिभिजन वन अधिकृतले तयार गरेको र प्रदेश वन निर्देशकले स्वीकृत गरेको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ता समूहको हुने ।<br>• दफा ३०: सामुदायिक वन कार्ययोजना – उपभोक्ता समूहले स्थानीय तहसँग समन्वय गरी तयार पार्ने र डिभिजन वन अधिकृतबाट स्वीकृत गर्ने ।<br>• दफा ५५: निजी वन दर्ता वन डिभिजनको सिफारिसमा स्थानीय तहले गर्ने |

| | |
|---|---|
| | • दफा ५७: निजी वनको पैदावार विक्री वितरणका लागि स्थानीय तहले अनुमति दिने । अर्को जिल्लामा लैजाने भएमा मात्र वन डिभिजनको अनुमति जरुरी पर्ने ।<br>• दफा ६१: शहरी वनको विकास र व्यवस्थापन स्थानीय तहले गर्ने ।<br>• दफा ७७: जिल्ला वन पैदावार आपूर्ति समितिमा जिल्ला समन्वय समितिले तोकेको जनप्रतिनिधि सदस्य हुने । |
| प्रदेश पर्यटन ऐन, २०७७ | • दफा १४: पर्यटक स्तरको होटेल, लज, रेष्टुराँ, वार दर्ता गर्न चाहेमा अनुसूची ३ बमोजिमको ढाँचामा अनुसूची ४ बमोजिमको स्थानीय तहको सिफारिस सहित मन्त्रालय समक्ष निवेदन दिनुपर्ने । |
| प्रदेश जनस्वास्थ्य ऐन, २०७७ | • दफा ११– ६: स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेशले संघ, स्थानीय तह, निजी र गैरसरकारी संस्थाहरुसँग आवश्यक साझेदारी गर्न सक्ने ।<br>• दफा २० - २: वाल्य स्वास्थ्य प्रवर्द्धनमा सेवाको प्रकृति र मापदण्डहरु मन्त्रालय र स्थानीय तहले तोके वमोजिम हुने ।<br>• दफा २० - ५: घरघरमा दिइने स्वास्थ्य सेवाको प्रक्रिया र मापदण्ड स्थानीय तहले तोके वमोजिम हुने ।<br>• दफा २९: स्वास्थ्य संस्थाहरुको अनुगमन व्यवस्था – बाझिएको ।<br>• दफा ३२: प्रदेश स्वास्थ्य समितिमा ३० जना मध्ये ३ जना स्थानीय तहका प्रमुख उपप्रमुखहरुबाट रहने ।<br>• दफा ३७: मातृशिशु स्वास्थ्य सेवाको लागि प्रदेश सरकारले स्थानीय तहलाई निश्चित अनुदान उपलब्ध गराउने र स्थानीय तहमा प्रजनन समन्वय समितिको गठन गर्ने ।<br>• दफा ५९: सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम – प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्ने ।<br>• दफा ७८: स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने, जनस्वास्थ्य निरिक्षक खटाउने । |

| | |
|---|---|
| सुदूरपश्चिम प्रदेश आयुर्वेद प्रतिष्ठान ऐन, २०७६ | • दफा ७: प्रतिष्ठान सभामा स्थानीय तहका प्रमुख उपप्रमुख मध्ये २ जना सदस्य रहने । |
| प्रदेशको पशुविकास तथा पशु स्वास्थ्य सेवा ऐन, २०७८ | • दफा ६: निजी क्षेत्रलाई पशु वधशाला स्थापना गर्न संघीय कानुन वमोजिम इजाजत दिने ।<br>• दफा ९: निजी क्षेत्र वा स्थानीय तहलाई पशु वधस्थल स्थापना गर्न प्रदेश सरकारले तोके वमोजिम इजाजत दिनसक्ने ।<br>• दफा १८: विभिन्न रोग विरुद्ध खोप लगाइ रोगमुक्त भएका क्षेत्रलाई प्रदेश सरकारले संघ र स्थानीय तहसँग समन्वय गरी पशुरोग मूक्त-क्षेत्र घोषणा गर्नसक्ने ।<br>• दफा १९: स्थानीय तहले नियमित रुपमा पशुरोगको रिपोर्टिङ गर्नुपर्ने ।<br>• दफा २०: पशु र पशुजन्य पद्धार्थको उत्पत्ति र पशुको पहिचानका लागि उत्पत् वा उत्पादन हुने स्थान सम्बन्धी प्रमाणपत्र स्थानीय तहले उपलब्ध गराउने ।<br>• पशु पञ्जीकरण र पहिचानमा प्रदेशले स्थानीय तहलाई सहयोग गर्ने ।<br>• दफा २६: पशुफर्म तथा उद्योग स्थापनाका लागि मन्त्रालयले तोके वमोजिम सिफारिस लिनुपर्ने ।<br>• दफा ३५: दाना पद्धार्थ सम्बन्धमा संघीय ऐन वमोजिम हुने । |
| साझेदारी व्यवसाय ऐन, २०७६ | • दफा १४: स्थानीय तहमा निजी व्यवसाय दर्ता गर्न सकिने । |
| प्रदेश बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ | • दफा ३: प्रदेश विपद व्यवस्थापन परिषदमा स्थानीय तहको प्रतिनिधित्व नरहेको ।<br>• दफा ६: प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिमा – जिसस/गाउँ/नगर बाट ३ जना रहने ।<br>• दफा १५: कोषको रकम वितरण गर्दा जिल्ला र स्थानीय बिपद व्यवस्थापन समितिसँग समन्वय गर्नुपर्ने । दोहोरपना हुन नहुने । |

| | |
|---|---|
| प्रदेश लोकमार्ग ऐन, २०७५ | • दफा ७: अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति निर्धारणमा मध्यस्थता समितिको गठन गरिने – सोसंग सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई संलग्न गराइने ।<br>• दफा ८: सडक किनारमा रोपेको रुखको संरक्षण स्थानीय तहले गर्ने । |
| प्रदेश वालवालिका ऐन, २०७७ | • दफा ७ र २२: वालवालिकाको संरक्षण अधिकार स्थानीय तहले ग्यारेन्टी गर्नुपर्ने ।<br>• दफा ८: वाल सहभागीता स्थानीय तहले कार्यविधि बनाई सुनिश्चित गर्नुपर्ने<br>• दफा १०: वाल-क्लब दर्ता स्थानीय विद्यालय वा स्थानीय तहको वडा कार्यालयमा गर्न सकिने ।<br>• दफा १५ (४): स्थानीय तहबाट अनाथ, असहाय वालवालिकालाई माध्यमिक तहसम्म निशुल्क आवासीय शिक्षा र छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने ।<br>• दफा २१: अनाथ असहाय वालवालिकाको बैकल्पीक हेरचाहको व्यवस्था प्रदेश र स्थानीय तहले मिलाउने ।<br>• दफा २४: कानुन वमोजिम सञ्चालित वालगृहहरुलाई स्थानीय तहले सहयोग गर्नुपर्ने ।<br>• दफा २९: संरक्षण गृह स्थापना र सञ्चालनका लागि स्थानीय तह आफैंले आवश्यक प्रवन्ध गर्न सक्ने ।<br>• दफा ३०: स्थानीय तहको वालअधिकार समिति गठन व्यवस्था रहेको ।<br>• दफा ३९: वालअधिकारको दायित्व पूरा गराउन सम्बन्धित वालवालिका वा सरोकारवालाले स्थानीय न्यायीक समितिमा निवेदन दिनुपर्ने । |
| दलित शसक्तिकरण ऐन, २०७८ | • दफा ३: प्रदेशस्तरीय जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समितिमा स्थानीय तहको प्रतिनिधित्व नरहेको ।<br>• दफा ५: स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको व्यवस्था गरिएको ।<br>• दफा ९: दलित शशक्तिकरण तथा विकास समितिको उपाध्यक्ष नियूक्ति |

| | |
|---|---|
| | • दफा १४: दलित समुदायका परम्परागत पेशामा आधारित आधारित कलकारखानाको लागि मेसीन औजार, पाटपुर्जा र कच्चा पद्धार्थ आयातमा भन्सार छुट गराउन संघीय सरकारसँग पहल गर्ने । |

## ४.३ अन्तरसम्बन्ध र समन्वयका लागि प्रदेश समन्वय परिषदका निर्णयहरु

प्रदेश समन्वय परिषदलाई संघीय कानुनले प्रदेश र स्थानीय तहबिच कानुन निर्माण, जनशक्ति व्यवस्थापन, विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा आपसी समन्वय गर्ने साझा संयन्त्रको रुपमा परिभाषित गरेको छ । यस परिषदको बैठकले निर्णयहरु गर्दा दुबै तहका सरकारहरुले गर्नुपर्ने कार्यलाई प्रष्ट पार्ने, संघीयता कार्यान्वयन, विकास व्यवस्थापन र सेवा प्रवाहमा आइपर्ने जटिलताहरु फुकाउन कानुन तर्जुमा गर्ने र साझा समस्या समाधानमा संघीय तहबाट समन्वय र सहजीकरण हुनुपर्ने भएमा नेपाल सरकार वा राष्ट्रिय समन्वय परिषदलाई लेखी पठाउनु पर्ने हुन्छ । सुदूरपश्चिम प्रदेशमा यस परिषदले समन्वय र अन्तर सम्बन्ध व्यवस्थापनमा गरेका प्रयासहरुको विश्लेषणका लागि परिषद बैठकका निर्णयहरुको आकार, प्रकृति र विषयवस्तुहरुको लेखाजोखा गर्नुपर्ने हुन्छ ।

यस प्रदेशमा हालसम्म प्रदेश समन्वय परिषदका ४ वटा बैठकहरु सम्पन्न भएका छन् । यसमध्ये २ वटा बैठकहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ अनुसार र पछिल्ला २ वटा बैठकहरु संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध तथा समन्वय सम्बन्धी ऐन २०७७ को दफा २४ अनुसारको संरचनामा सम्पन्न भएका हुन् । उपरोक्त ४ वटा बैठकहरुले गरेका निर्णयहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ :

| निर्णयको प्रकृति र विषय क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश तहमा कानुनी संरचना तर्जुमा | २ | | १ | २ | ५ |
| जनशक्ति विकास र व्यवस्थापन | १ | १ | १ | २ | ५ |
| विकास आयोजना कार्यान्वयनमा समन्वय | ३ | १ | ३ | ३ | १० |
| स्रोत परिचालन, राजश्व र अनुदान | | १ | २ | २ | ५ |
| समन्वय र अन्तरसम्बन्धका लागि दिशानिर्देश | २ | २ | ७ | | ११ |
| संघीय तहमा छलफलका लागि अनुरोध | | | ३ | ३ | ६ |
| संयन्त्र - समितिहरुको गठन | | | २ | १ | ३ |
| अन्य | २ | १ | १ | | ४ |

उल्लेखित निर्णयहरुलाई विभिन्न ७ वटा समूहमा वर्गिकृत गरेर तालिका राख्दा सर्वैभन्दा बढी प्रदेश र स्थानीय तहको विचमा समन्वय र अन्तरसम्बन्धका लागि नितगत एवं कानुनी व्यवस्थाहरुको स्मरण गराउँदै त्यसको पालनामा अपसी प्रतिवद्धता जनाउने विषयहरुमा ११ वटा निर्णय भएका छन् भने विकास आयोजनाहरुको कार्यान्वयनमा १० वटा निर्णयहरु भएको देखिन्छ । ऐनको मार्गदर्शन अनुरुप संघीय तहमा छलफलका लागि अनुरोध गर्ने विषयहरु ६ वटा रहेको पाइएका छन् भने अपसी समन्वयका लागि विभिन्न समिति र संयन्त्रहरुको गठनमा ३ वटा निर्णय भएका छन् ।

| वैठक | निर्णयहरु |
|---|---|
| पहिलो बैठक २०७५ असोज २२ | • परिषदको कार्यविधि २०७५ स्वीकृत गर्ने ।<br>• कानुन निर्माण तथा कार्यान्वयनलाई प्राथमिकतामा राख्ने ।<br>• समन्वयमा आधारित सन्तुलित विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने ।<br>• प्रदेश गौरबका आयोजना पहिचान गरी कार्यान्वयनमा ल्याउने ।<br>• मौलिक हक तथा कर्तब्यको प्रयोग र पालनाका लागि कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउने । |
| दोस्रो बैठक २०७६ जेठ १२ | • स्थानीय तहमा कर, दस्तुर तथा शुल्कको दर सेवाको लागतको आधारमा निर्धारण गर्ने ।<br>• संघ, प्रदेश र स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आ आफ्नो कार्यक्रममा दोहोरोपना नहुने गरी गर्ने ।<br>• स्थानीय न्यायीक समितिहरुको क्षमता विकासमा विशेष ध्यान दिने ।<br>• सामाजिक कुरीति विरुद्धका कार्यक्रमहरुलाई प्रदेश र स्थानीय तहले वार्षिक कार्यक्रममा प्राथमिकतामा राखी अभियान सञ्चालन गर्ने ।<br>• संविधान र कानुन वमोजिम जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउने । |
| तेस्रो बैठक २०७७ पुस २८ | • कोभिड १९ व्यवस्थापन लगायत अन्य विपदका घटनाहरुको व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने ।<br>• परिषदका सदस्यहरुले प्रदेश र स्थानीय तहहरुबीच वित्तीय सम्बन्धलाई सरल र प्रभावकारी बनाउन भुमिका निर्वाह गर्ने । |

| वैठक | निर्णयहरु |
| --- | --- |
| | • स्थानीय तहले प्रदेश अनुदान अन्तर्गतका आयोजना कार्यक्रमको कार्यान्वयन पश्चात खर्च गर्न बाँकी रहेको रकम प्रदेश सरकारमा फिर्ता गर्न र आयोजना कार्यक्रमको प्रगति विवरण प्रदेश सरकारमा पठाउन समन्वय र सहजीकरण गर्ने ।<br>• प्रदेशका कार्यालय र स्थानीय तहहरुले वित्तिय अनुशासन कायम गर्दै बेरुजुको अवस्थामा सुधार ल्याउन आवश्यक समन्वय गर्ने ।<br>• शान्ति सुरक्षा र अपराध नियन्त्रणमा प्रदेश र स्थानीय तहले आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने ।<br>• स्थानीय तहले तर्जुमा गरेका कानुन तथा योजना दस्तावेजहरु प्रदेश सरकारलाई पठाउने र कानुन तथा योजना तर्जुमामा स्थानीय तहले माग गरेमा प्रदेश सरकारले सहयोग गर्ने ।<br>• प्रदेश तथा स्थानीय तहले तर्जुमा गरेका कानुनहरुमा सुधार गरी कार्यान्वयनयोग्य बनाउन प्रदेश सरकारले अध्ययन सुझाव तयार गर्ने ।<br>• आयोजना कार्यक्रमहरुमा रहेको दोहोरोपना हटाउन स्थानीय तहहरुले आ-आफ्नो परियोजना बैंकसम्बन्धी अभिलेख प्रदेश मुख्यमन्त्री कार्यालयमा पठाउने ।<br>• प्रदेश तथा स्थानीय तहले बार्षिक कार्यक्रम आयोजना समयमै सम्पन्न गर्नेगरी जेठ मसान्त सम्मको कार्यतालिका बनाई कार्यान्वयन गर्ने ।<br>• आगामी आर्थिक वर्षको योजना छनोट र प्राथमिकता निर्धारणमा प्रदेश र स्थानीय तहले समन्वय गर्ने ।<br>• प्रदेश र स्थानीय तहले सार्वजनिक सेवा प्रवाहमा समावेशी सिद्धान्तलाई आत्मसात गर्ने र पिछडिएको वर्गलाई प्राथमिकतामा राख्ने ।<br>• प्रदेश, जि.स.स. र स्थानीय तह रहेको संयूक्त कार्यदल गठन गरी संघीय आयोजनाहरुको अनुगमन गर्ने ।<br>• जिल्ला समन्वय समिति मार्फत सुकुम्बासी, हलिया, मुक्त कमैया र कमलरीको लगत संकलन गरी प्रदेश सरकारमा पठाउन पत्राचार गर्ने ।<br>• सबै स्थानीय तहहरुले पालिकागत् प्रोफाइल तयार गर्ने ।<br>• ढुंगा गिट्टी बालुवाबाट उठ्ने राजश्व प्रचलित कानुन वमोजिम प्रदेश सरकार र स्थानीय तहले उठाउन पाउने कानुनी व्यवस्थाको लागि नेपाल सरकारलाई अनुरोध गर्ने । |

| वैठक | निर्णयहरु |
|---|---|
| | • प्रदेश र स्थानीय तहहरुमा दरबन्दी अनुसार कर्मचारी पदपूर्तिका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।<br>• मानव विकास सूचकांक लाई प्रमुख आधार मानी प्रदेश र स्थानीय तहलाई अनुदानको व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । |
| चौथो बैठक<br>२०८०<br>असार १९ | • प्रदेश सरकार र स्थानीय तहको आवधिक योजना र वार्षिक बजेटबिच सामाञ्जस्यता कायम गर्न प्रदेश निति तथा योजना आयोगले अध्ययन गर्ने ।<br>• आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यक्रम कार्यान्वयन र अनुगमन प्रभावकारी तुल्याउन प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले निर्देशिका जारी गर्ने<br>• प्रदेश र स्थानीय तहले तर्जुमा गर्ने कार्यक्रमको छनोट र प्राथमिकीकरणमा रहेका समस्या समाधान गर्न कार्यविधि तर्जुमा गर्ने ।<br>• स्थानीय तहले प्रदेशबाट अनुदानमा प्राप्त गरेका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन एवं प्रगित प्रतिवेदन प्रणाली सुदृढ गर्ने ।<br>• स्थानीय तह र प्रदेशको राजश्व क्षमताको अध्ययन गरी राजश्व अभिवृद्धि कार्ययोजना तर्जुमा गर्ने । यसका लागि आर्थिक मामिला मन्त्रालयको संयोजनमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले सहजीकरण गर्ने ।<br>• नदीजन्य पद्धार्थको विक्रीबाट प्राप्त राजश्व प्रदेश सरकारलाई बाँडफाँड गर्न कठिनाई भएकोले स्थानीय सरकार सञ्चालन ऐनमा संसोधन गरी नदीजन्य पद्धार्थबाट प्राप्त हुने राजश्व स्थानीय तहको विभाज्य कोषमा जम्मा हुने र प्रदेशमा बाँडफाँड हुने व्यवस्थाका लागि नेपाल सरकार र राष्ट्रिय समन्वय परिषदमा अनुरोध गर्ने ।<br>• प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क र विकासको असमान वितरणलाई आधार लिई राजश्व बाँडफाँडको सूत्र तय गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।<br>• संघीय निजामती सेवा ऐन तत्काल जारी गरी प्रदेश र स्थानीय तहको जनशक्ति व्यवस्थापन लाई मार्गदर्शन गर्न र स्थानीय तहको प्रशासनिक व्यवस्थापनमा प्रदेशलाई जिम्मेवारी प्रदान गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।<br>• प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको वृत्ति विकास र कार्यसम्पादन सुधारका लागि उपयूक्त कानुनी व्यवस्था तय गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । |

| बैठक | निर्णयहरु |
|---|---|
| | • प्रदेश समन्वय परिषदको बैठक सञ्चालन कार्यविधि २०७५ मा परिमार्जनका लागि प्रस्ताव तयार गर्ने । |

## ४.४ समन्वय र अन्तर-सम्बन्धमा प्रदेश सरकारका निर्णयहरु

सुदूरपश्चिम प्रदेशमा अन्तर सरकार समन्वय र अन्तरसम्बन्धको व्यवस्थापन सम्बन्धी लेखाजोखा र संवैधानिक जिम्मेवारीहरुको कार्यान्वयन अवस्था थाहा पाउनका लागि प्रदेश सरकारका निर्णयहरु अध्ययन गर्नु सान्दर्भिक हुन आउँछ । यसका लागि गत २०७९ मंसीर देखि २०८० मंसीर मसान्तसम्म बसेको प्रदेश सरकार मन्त्रीपरिषदका बैठकले गरेका निर्णयहरुमा संघीय सरकार र स्थानीय तहसँग सरोकार भएका निर्णयहरुको लेखाजोखा र सोही अवधिमा प्रदेश सरकारका विभिन्न मन्त्रालयमा कार्यरत सचिवहरुको बैठकले गरेका सोही प्रकृतिका निर्णयहरुको विश्लेषण गरिएको छ ।

अन्तर सरकार समन्वयका क्षेत्रमा प्रदेश सरकार मन्त्रीपरिषदका निर्णयहरु

| बैठक संख्या | बैठक मिति | निर्णय संख्या | अन्तरसरकार समन्वय सम्बन्धी निर्णयको ब्यहोरा |
|---|---|---|---|
| १४७ | ०७९/०९/१४ | २/१ | सामुदायीक वनको काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका २०७९ स्वीकृत गर्ने । |
| १४८ | ०७९/०९/२८ | ३/१ | स्थानीय सेवाको गठन तथा सेवा सर्तको व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । |
| १४९ | ०७९/१०/०४ | १/१ | नवप्रवर्तनकारी आयोजना कार्यान्वयनका लागि कोषबाट ब्यहोरिने रकम सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने । |
| १५० | ०७९/१०/२७ | ४/० | |
| १५१ | ०७९/११/२८ | २/१ | प्रदेश लोकसेवा आयोगबाट नियूक्त कर्मचारीहरुको सिटरोल र अस्थायी संकेत नम्बर व्यवस्थापन गर्ने । |
| १५२ | ०७९/१२/०३ | ३/१ | प्रदेश शिक्षा तथा स्वास्थ्य सुधार सुझाव कार्यदल गठन गर्ने । |
| १५३ | ०७९/१२/२२ | ६/१ | २०८० सालको सार्वजनिक विदा स्वीकृत गर्ने । |
| १५४ | ०८०/०२/०४ | २/० | |
| १५५ | ०८०/०२/०७ | १/० | |

| बैठक संख्या | बैठक मिति | निर्णय संख्या | अन्तरसरकार समन्वय सम्बन्धी निर्णयको ब्यहोरा |
|---|---|---|---|
| १५६ | ०८०/०२/०८ | १/० | |
| १५७ | ०८०/०२/१६ | १/० | |
| १५८ | ०८०/०२/२४ | १/० | |
| १५९ | ०८०/०३/०१ | १/० | |
| १६० | ०८०/०३/०५ | १/० | |
| १६१ | ०८०/०३/०... | ५/१ | निजामती कर्मचारी आवासीय विद्यालय कार्यविधि – २०८० स्वीकृत गर्ने । |
| १६२ | ०८०/०४/०४ | ३/० | |
| १६३ | ०८०/०४/२९ | १/० | |
| १६४ | ०८०/०५/०६ | ७/० | |
| १६५ | ०८०/०६/०८ | ४/० | |
| १६६ | ०८०/०६/२३ | ४/१ | संघमा दरबन्दी रहेका ३२ जना फरेष्टरको समायोजन गर्ने । |
| १६७ | ०८०/०७/०२ | १/१ | प्रदेश लगानी तथा विकास सम्मेलन आयोजना सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । |
| १६८ | ०८०/०७/१८ | १/० | |
| १६९ | ०८०/०७/१८ | ३/० | |
| १७० | ०८०/०८/०८ | १/१ | नदीजन्य पद्धार्थ व्यवस्थापन कार्यविधि (संसोधन) २०८० लाई स्वीकृत गर्ने । |
| १७१ | ०८०/०९/०६ | १०/१ | सिटिइभिटी अन्तर्गतका ६ वटा आंगीक शिक्षालयहरुलाई हस्तान्तरणका लागि नेपाल सरकारलाई अनुरोध गर्ने । |

निर्धारित अवधिमा प्रदेश सरकार मन्त्रीपरिषदले २५ वटा बैठकहरु गरेको छ भने उपरोक्त बैठकहरुमा ६९ वटा निर्णयहरु भएका छन् । यसप्रकार मन्त्रीपरिषदले गरेका निर्णयहरुमा संघीय वा स्थानीय तहहरुसँग समन्वय र सञ्चार गर्नुपर्ने खालका निर्णयहरु जम्मा ११ वटा भएका छन् ।

**अन्तर सरकार समन्वयका क्षेत्रमा प्रदेश सरकार सचिवस्तरीय बैठकका निर्णयहरु**

| बैठक संख्या | बैठक मिति | निर्णय संख्या | अन्तरसरकार समन्वय सम्बन्धी निर्णयको ब्यहोरा |
|---|---|---|---|
| ४८ | ०७९/०५/१५ | ६/० | |
| ४९ | ०७९/०६/०५ | १०/१ | • चाडपर्व लक्षित बजार अनुगमन गर्ने |
| ५१ | ०७९/०७/२९ | ७/१ | • विभिन्न मन्त्रालय र निकायमा रिक्त रहेका जनशक्ति प्रदेश लोकसेवा आयोगबाट पूर्ति नहुन्जेल कामकाजमा खटाइ पठाउन प्रधानमन्त्री कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने । |
| ५२ | ०७९/०९/१८ | ८/३ | • एकल र साझा अधिकार सूची अन्तर्गत तर्जुमा गर्नुपर्ने कानुनको पहिचान र प्राथमिकीकरण गरी ३ दिनभित्र पठाउने<br>• नेपाल सरकार र मुख्य-सचिवको अध्यक्षतामा बसेको बैठकका निर्णयहरु कार्यान्वयन गर्ने ।<br>• आगामी आर्थिक वर्षका लागि प्रदेशसँग वित्तिय हस्तान्तरणअन्तर्गत सबै स्थानीय तहले आयोगना माग गर्दा प्रयोग गर्ने विद्युतीय प्रणाली र सोही वमोजिमको कार्यविधि संसोधन गरी सबै स्थानीय तहलाई अभिमुखीकरण गर्ने । |
| ५४ | ०७९/१०/२९ | ९/२ | • प्रदेश मन्त्री परिषद, सचिव बैठक, संघीय सचिव बैठकका निर्णय एवं विभिन्न समयमा सम्माननीय प्रधानमन्त्री र माननीय मुख्यमन्त्रीबाट भएका निर्देशनहरु कार्य-योजना तर्जुमा गरी कार्यान्वयन सूनिश्चित गर्ने<br>• स्थानीय तहमा वित्तिय हस्तान्तरणको दर वृद्धि गरी गुणस्तर बढाउन तथा विनियोजन एवं आयोजना छनोटलाई पारदर्शी, तथ्यपरक र मागमा आधारित तुल्याउन वित्तिय उत्तरदायित्व नियमावली र वित्तिय हस्तान्तरण तथा आयोजना छनोट सम्बन्धी कार्यविधि र मापदण्ड तत्काल जारी गर्ने व्यवस्था मिलाउनुका साथै विद्युतिय प्रणाली मार्फत प्रस्ताव संकलन गर्ने र कानुनी व्यवस्थाको जानकारी दिन प्रदेश मातहत निकाय र स्थानीय तहलाई अभिमुखीकरण गर्ने । |
| ५५ | | १२/० | |
| ५७ | | ४/० | |
| ५८ | | ६/१ | • मन्त्रालयहरुले मातहतका निकायलाई बिपद जोखिम न्यूनीकरण एवं प्रतिकार्यका सन्दर्भमा तयारी अवस्थामा रहन र जिल्ला बिपद |

| बैठक संख्या | बैठक मिति | निर्णय संख्या | अन्तरसरकार समन्वय सम्बन्धी निर्णयको ब्यहोरा |
|---|---|---|---|
| | | | व्यवस्थापन समिति एवं स्थानीय तहहरुसँगको समन्वय तथा सहकार्यमा स्रोतसाधन परिचालन प्रभावकारी तुल्याउन आवश्यक निर्देशन दिने । |
| ५९ | | ३/० | |
| ६० | | ४/० | |
| ६१ | | ४/१ | • सवै मन्त्रालय र निकायहरु बिचको आपसी सहयोग, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने । |
| ६२ | | ६/१ | • प्रदेश लगानी तथा विकास सम्मेलन – २०८० लाई सफलतापूर्वक सम्पन्न गर्न सबै सरोकारवाला, मन्त्रालय/निकायबीच आपसी समन्वय र सहकार्यसहित आवश्यक तयारी गर्ने । |
| ६४ | | २/० | |
| ६५ | ०८०/०८/२६ | ३/१ | • मन्त्रालयहरुले आ-आफ्नो विषय क्षेत्रमा नयाँ तर्जुमा गर्नुपर्ने वा संसोधन गर्नुपर्ने कानुनहरुको सूची यथाशिघ्र तयार गरी पेश गर्ने । |

निर्धारित अवधिमा प्रदेश सरकारको सचिव स्तरीय बैठकहरु १४ वटा आयोजना भएका छन् । उपरोक्त बैठकहरुले कुल ८४ वटा निर्णय गरेकोमा प्रदेश वा संघीय तहहरुसँग समन्वय र सञ्चार गर्नुपर्ने ११ वटा विषयहरुमा निर्णय भएको पाइएको छ ।

## *४.५ प्रदेश मुख्यमन्त्री कार्यालयबाट समन्वय तथा सञ्चारका विषय क्षेत्रहरु*

अन्तर सरकार समन्वयको बारेमा अध्ययनका लागि प्रदेश सरकारबाट संघ तथा स्थानीय तहमा गरिने समन्वय तथा सञ्चारका विषयक्षेत्रहरुको बारेमा लेखाजोखा गरिनु सान्दर्भिक हुन्छ । यसका लागि मुख्यन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट चालू आर्थिक वर्षको पुस मसान्त सम्ममा नेपाल सरकार तथा स्थानीय तहहरुमा गरिएका मुख्य मुख्य पत्राचारको विवरण विश्लेषण गर्दा जसले समेटेका मुख्य विषयक्षेत्र निम्नानुसार देखिएको छ :

- स्थानीय तह र जिससहरुमा कार्य सम्पादन मुल्यांकन गर्ने सम्बन्धमा
- स्थानीय तहहरुमा प्रदेश समन्वय परिषदको असार २१ गतेको निर्णय पठाइएको
- स्थानीय तहहरुका लागि कार्यक्रममा सहभागीता भइदिने सम्बन्धमा

- आर्थिक वर्ष २०८०।८१ को योजना क्रियाकलापको सहभागीता सम्बन्धमा
- कार्यविस्तृतिकरण परिमार्जनको सुझाव संकलनमा सहभागीता सम्बन्धी
- स्थानीय तहहरुलाई सम्पत्ति विवरण भर्ने सम्बन्धमा
- कानुन तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धि तालिममा सहभागीता सम्बन्धमा
- न्यायीक समितिको क्षमता अभिवृद्धि तालिम तथा सरोकारवालासँग समन्वय सम्बन्धमा
- कानुन तर्जुमा भएकोमा सहजीकरण गरिदिने सम्बन्धमा (प्रमुख/अध्यक्ष)
- राष्ट्रिय किताबखाना - PIS प्रणाली हस्तान्तरण तथा संकलन सम्बन्धमा
- स्वास्थ्य सेवा विभाग – काज सरुवा सम्बन्धमा (स्थानीय तह)

सामान्य समयावधिलाई नमूनाको रूपमा लिएर हेर्दा प्रदेश सरकार मुख्यमन्त्री कार्यालयले गर्ने समन्वय र सञ्चारको क्षेत्रलाई इंगित गर्दछ । यसमा मुख्यतया: प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको प्रशासनिक नियन्त्रण र अभिलेखीकरण, स्थानीय जनप्रतिनिधिहरुको सम्पत्ति विवरण अभिलेख, स्थानीय तहहरुको क्षमता विकासमा सहजीकरण, स्थानीय तहमा कानुन तर्जुमा र अभिलेख व्यवस्थापन, संघीय सरकारका विभिन्न यूनिटहरुबाट प्रदेश स्तरमा आयोजना गरिने कार्यक्रमहरुको संयोजन र व्यवस्थापन गर्ने गरेको देखिएको छ ।

# परिच्छेद पाँच : स्थानीय तहमा समन्वय तथा अन्तरसम्बन्धको अवस्था

स्थानीय तहहरुले प्रदेश र संघीय सरकारसँग अन्तरसम्बन्ध व्यवस्थित गर्ने सन्दर्भमा विभिन्न विषय क्षेत्रमा समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । यसका लागि मुख्यतया: ३ वटा विधिबाट समन्वय र सहकार्यको लेखाजोखा गर्ने प्रयत्न गरिएको छ ।

- पहिलोमा प्रदेशभित्रका ३ वटा स्थानीय तहहरुले एक आर्थिक वर्षमा संघ तथा प्रदेश सरकारका कार्यालय तथा निकायहरुमा गरिएको सञ्चार (पत्राचार) लाई संख्या र सञ्चारको कारणहरु विश्लेषण गरिएको छ ।
- दोस्रो तहमा स्थानीय तहका महासंघहरुको प्रदेशस्तरीय संरचनाले विभिन्न समयमा प्रदेश सरकारलाई पेश गरेका मागपत्र वा ध्यानाकर्षणहरुको विश्लेषण गर्ने प्रयास गरिएको छ । जुन माग वा ज्ञापन पत्रहरुले स्थानीय तहहरुका लागि प्रदेशबाट सम्पादन गरिनुपर्ने विषयहरु समेटिएको हुने अनुमान गरिएको छ ।
- तेस्रो चरणमा प्रदेशभित्रका केही स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुसँग विषयकेन्द्रित छलफल गरिएको छ, जसले निर्वाचित प्रतिनिधिले प्रदेश र संघीय सरकारसँग स्थानीय तहहरुका सरोकारहरु बारे जानकारी प्राप्त गर्न सहज हुनेछ ।

## *५.१ स्थानीय तहबाट संघीय तहमा हुने समन्वय र सञ्चार*

यस सन्दर्भमा अध्ययनका लागि स्थानीय तहहरुबाट संघीय तहका के कस्ता निकाय र कार्यालयहरुमा कस्ता कस्ता विषयहरुमा सञ्चार हुने गर्दछन् भनेर तथ्यांक संकलन र विश्लेषण गरिएको छ । यसका लागि सुदूरपश्चिम प्रदेशका ३ वटा नगरपालिकाहरुलाई नमूनाको रुपमा छनोट गरी आर्थिक वर्ष २०७९/८० को चलानी किताबमा उल्लेखित पत्राचार गरिएका कार्यालय तथा निकाय र पत्रको ब्यहोरा एवं विषयलाई अध्ययन र विश्लेषण गरिएको छ ।

संघीय तहका निकाय/कार्यालयहरुसँग गरिएका समन्वय र सञ्चार

| क्र.स. | समन्वय तथा सञ्चार गरिएको निकाय | स्थानीय तह | | | समन्वय तथा सञ्चारको विषय |
|---|---|---|---|---|---|
| | | कृष्णपुर | धनगढी | दि.सिलगढी | |
| १ | संघीय तहका स्वास्थ्य संस्था/अस्पताल | ४ | ४ | १ | उपचार सिफारिस |
| २ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८ | ३ | ५ | सरुवा सहमति, सम्झौता म्याद थप, अनुमति |
| ३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ५ | २ | २ | सा.सु. रकम निकासा, आवश्यक निर्देशन |
| ४ | संघीय सडक डिभिजन कार्यालय | २ | २ | १ | सडक नापनक्सा, बजेट व्यवस्था |

| क्र.स. | समन्वय तथा सञ्चार गरिएको निकाय | स्थानीय तह | | | समन्वय तथा सञ्चारको विषय |
|---|---|---|---|---|---|
| | | कृष्णपुर | धनगढी | दि.सिलगढी | |
| ५ | शहरी विकास र भवन विभाग / शहरी विकास अयोजना | २ | ११ | १ | रकम माग, सम्झौता कार्यादेश |
| ६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभाग | ३ | १ | २ | सहमति, औषधी खरीदको थप बजेट |
| ७ | प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय | १ | | १ | सिफारिस |
| ८ | कृषि मन्त्रालय/ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ३ | | २ | जोन, पकेट विकास कार्यक्रम माग |
| ९ | राष्ट्रिय भूमि आयोग | ३ | १ | | नापीनक्सा, प्रगति विवरण |
| १० | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३ | ६ | १ | राय प्रतिक्रिया, कागजात प्रेसित |
| ११ | महालेखा परिक्षक कार्यालय | | | २ | बेरुजु सम्परिक्षण |
| १२ | सडक बोर्ड नेपाल | ३ | | २ | लागत साझेदारी प्रतिवद्धता, रकम निकासा |
| १३ | समाज कल्याण परिषद | १ | | | सिफारिस |
| १४ | राष्ट्रिय किताबखाना/नागरिक लगानी कोष/सञ्चय कोष | ४ | ३ | १ | कर्मचारी सेवा सुविधा, रकम भूक्तानी |
| १५ | संघीय अर्थ मन्त्रालय | १ | १ | १ | आगामी वर्षको आयब्यय प्रक्षेपण |
| १६ | शहरी विकास मन्त्रालय | १ | १ | १ | सिफारिस गरिदिने |
| १७ | संघीय खानेपानी तथा ढलनिकास आयोजना | १ | १ | | कार्यक्रम माग |
| १८ | उर्जा तथा जलस्रोत मन्त्रालय/ बैकल्पीक उर्जा प्रवर्धन केन्द्र | | | १ | कार्यादेश वोधार्थ |
| १९ | परराष्ट्र मन्त्रालय | १ | | | सिफारिस |
| २० | श्रम तथा रोजगार मन्त्रालय/ प्रधानमन्त्री रोजगार कार्यक्रम | | १ | ३ | करार थप, रकम निकासा, कार्यक्रम स्विकृति |
| २१ | जनक शिक्षा सामभाग्री केन्द्र | | १ | | पाठ्यपुस्तक उपलब्ध |
| २२ | गुणस्तर तथा नापतौल कार्यालय | | २ | | |
| २३ | प्रदेश प्रहरी कार्यालय | | १ | | |
| २४ | नेपाल नागरिक उड्डयन प्राधिकरण | | ३ | | समन्वय तथा सहयोगका लागि |
| २५ | विश्वविद्यालय अनुदान आयोग | | १ | | |

| क्र.स. | समन्वय तथा सञ्चार गरिएको निकाय | स्थानीय तह | | | समन्वय तथा सञ्चारको विषय |
|---|---|---|---|---|---|
| | | कृष्णपुर | धनगढी | दि.सिलगढी | |
| २६ | सूचना प्रविधि विभाग | | २ | | सूचना प्रविधि सहयोग |
| २७ | राष्ट्रिय सतर्कता केन्द्र | | १ | | |
| २८ | राष्ट्रिय पशु प्रजनन कार्यालय | | १ | | |
| २९ | वैदेशिक रोजगार कार्यालय | | १ | | |
| ३० | नगर विकास कोष | | १ | | ऋणको साँवा ब्याज किस्ता |
| ३१ | नेपाल विद्युत प्राधिकरण | | | १ | हाइटेन्सन लाइन |
| ३२ | राष्ट्रिय लोकमार्ग आयोजना (२) | | | २ | सडक अधिकार क्षेत्र निर्धारण |
| ३३ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र/ सहकारी प्रशिक्षण केन्द्र | | २ | १ | तालिममा सहभागीता |
| ३४ | खानेपानी मन्त्रालय / नेपाल खानेपानी संस्थान | | २ | | खानेपानी व्यवस्थापन |
| ३५ | उद्योग तथा वाणिज्य मन्त्रालय | | | १ | कार्यक्रम रकम फिर्ता |
| ३६ | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय/ सहकारी विभाग | | २ | १ | सिफारिस |
| ३७ | राष्ट्रिय विपद व्यवस्थापन प्राधिकरण | | १ | १ | थप कागजात अपलोड |
| ३८ | नेपाल विमा प्राधिकरण | | | १ | यात्रु विमा/सवारी विमा - समन्वयका लागि |
| ३९ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | | | १ | प्रगति प्रतिवेदन पठाइएको |
| ४० | स्थानीय पूर्वाधार विभाग | | | १ | झोलुंगे पुल माग |
| | **जम्मा** | ४६ | ५८ | ३७ | |

संघीय तहका कार्यालयहरुमा स्थानीय तहको सञ्चारको प्रवृत्ति हेर्दा ३ वटा स्थानीय तहहरुले एक आर्थिक वर्षमा ४० वटा कार्यालय वा निकायहरुमा सञ्चार गरेको देखिन्छ । उपरोक्त कार्यालयहरु मध्ये कृष्णपुर नगरपालिकाले ४६ पटक, धनगढी उपमहानगरपालिकाले ५८ पटक र दिपायल सिलगढी नगरपालिकाले ३७ पटक पत्राचार गरेका छन् ।

उल्लेखित पत्राचारहरु मध्ये ३ वटै तहले सवैभन्दा धेरै पत्राचार गर्ने निकायमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको छ । दोस्रोमा शहरी विकास मन्त्रालय र अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग रहेको छ भने तेस्रोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरु रहेका छन् । त्यसैगरी स्थानीय तहहरुले समन्वय र सञ्चार गर्नुपर्ने निकायहरुमा सडक वभाग र मातहतका

डिभिजन कार्यालयहरुका साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग समेत पाइएका छन् । धेरै सञ्चार गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जनशक्ति ब्यवस्था, प्रशासकीय भवन निर्माण, जग्गा प्राप्ति लगायतका विषय प्रमुख रहेका छन् भने शहरी विकास मन्त्रालय र अन्तर्गनको विभागमा परियोजना सम्झौता, बजेट निकासा, कार्यक्रम माग जस्ता विषयले स्थान पाएका छन् । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधी तथा स्वास्थय उपकरण ब्यवस्था र स्वास्थ्य उपचार सिफारिस जस्ता विषयहरु समेटिएका छन् भने पञ्जीकरण विभागमा सामाजिक सुरक्षा भत्ता निकासा, राष्ट्रिय परिचयपत्र निर्माण जस्ता विषयहरु रहेका छन् ।

## ५.२ स्थानीय तहबाट प्रदेशमा हुने समन्वय तथा सञ्चार

यस अन्तर्गत स्थानीय तहहरुबाट प्रदेश तहका के कस्ता कार्यालय र निकायहरुमा कुन कुन विषयहरुमा सञ्चार हुने गर्दछन् भनेर तथ्यांक संकलन र विश्लेषण गरिएको छ । यसका लागि सुदूरपश्चिम प्रदेशका ३ वटा नगरपालिकाहरुलाई नमूनाको रुपमा छनोट गरी आर्थिक वर्ष २०७९/८० को चलानी किताबमा उल्लेखित पत्राचार गरिएका कार्यालय तथा निकाय र पत्रको ब्यहोरा एवं विषयलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

प्रदेश तहका निकाय/कार्यालयहरुसँग गरिएका समन्वय र सञ्चार

| क्र.स. | समन्वय तथा सञ्चार गरिएको निकाय | स्थानीय तह | | | समन्वय तथा सञ्चारको विषय |
|---|---|---|---|---|---|
| | | कृष्णपुर | धनगढी | दि.सिलगढी | |
| १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय | ५ | ३ | १ | सम्पत्ति विवरण, नदीजन्य पद्धार्थ |
| २ | सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान | ५ | २ | २ | तालिममा सहभागी पठाइएको |
| ३ | प्रदेश सामाजिक विकास मन्त्रालय | ८ | २ | १० | सहायता सिफारिस |
| ४ | जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय | २ | | १ | कार्यक्रम सिफारिस |
| ५ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | | | प्रकोपजन्य स्वास्थ्य परिक्षण सहयोग |
| ६ | डिभिजन वन कार्यालय | २ | १ | | सहयोगका लागि सिफारिस |
| ७ | उद्योग, पर्यटन तथा वन मन्त्रालय | ३ | १ | | कार्यक्रम सिफारिस, नदीजन्य पद्धार्थ सहजीकरण |
| ८ | प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र | २ | १ | २ | औषधी उपलब्धता, ल्याब उपकरण माग |
| ९ | प्रदेश लोकसेवा आयोग | १ | १ | १ | रिक्त दरबन्दी माग आकृति फारम |

| क्र.स. | समन्वय तथा सञ्चार गरिएको निकाय | स्थानीय तह | | | समन्वय तथा सञ्चारको विषय |
|---|---|---|---|---|---|
| | | कृष्णपुर | धनगढी | दि.सिलगढी | |
| १० | प्रदेश भौतिक पूर्वाधार मन्त्रालय | २ | ३ | १ | कार्यक्रम स्विकृति तथा अद्यावधिक |
| ११ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३ | ३ | | कार्यक्रम सिफारिस |
| १२ | कृषि/पशुपंक्षी/ मत्स्य विकास निर्देशनालय | १ | २ | १ | कार्यक्रम बजेट माग |
| १३ | प्रदेश नीति तथा योजना आयोग | १ | १ | | समपुरक विशेष योजना माग पठाइएको |
| १४ | जिल्ला घरेलु तथा साना उद्योग कार्यालय | १ | १ | | उद्योग ब्यवसाय दर्ता नविकरण |
| १५ | प्रदेश शहरी विकास तथा भवन कार्यालय | | १ | | कार्यक्रम बजेट माग |
| १६ | यातायात तथा पूर्वाधार/ खानेपानी निर्देशनालय | | १ | | कार्यक्रम सिफारिस |
| १७ | डिभिजन खानेपानी कार्यालय | | | ३ | सिफारिस |
| १८ | स्वास्थ्य निर्देशनालय, डोटी | | २ | १ | सिफारिस |
| १९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | | २ | | राजपत्र पठाइएको |
| २० | आर्थिक मामिला मन्त्रालय | १ | १ | १ | प्रगति प्रतिवेदन |
| २१ | ब्यवसायीक सीप विकास तालिम केन्द्र | | | १ | कार्यक्रम प्रस्तावना माग |
| २२ | सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष | | | १ | सिफारिस |
| | **जम्मा** | **३८** | **२८** | **२६** | |

प्रदेश तहका कार्यालयहरुमा स्थानीय तहको सञ्चारको प्रवृत्ति हेर्दा ३ वटा स्थानीय तहहरुले एक आर्थिक वर्षमा २२ वटा कार्यालय वा निकायहरुमा सञ्चार गरेको देखिन्छ । उपरोक्त कार्यालयहरु मध्ये कृष्णपुर नगरपालिकाले ३८ पटक, धनगढी उपमहानगरपालिकाले २८ पटक र दिपायल सिलगढी नगरपालिकाले २६ पटक पत्राचार गरेका छन् । उल्लेखित पत्राचारहरु मध्ये ३ वटै तहले सवैभन्दा धेरै पत्राचार गर्ने प्रदेश सामाजिक विकास मन्त्रालय रहेको छ । यसैगरी दोस्रोमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय र अन्तर्गतको प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान रहेको छ । त्यसैगरी अन्य कार्यालयहरुमा प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, पूर्वाधार विकास कार्यालय, खानेपानी डिभिजन कार्यालय र जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय रहेका छन् ।

यसरी सञ्चार तथा समन्वय गर्नुपर्ने विषयहरुमा सामाजिक विकास मन्त्रालयमा सहायता तथा उपचार सिफारिस, प्रदेश प्रशिक्षण प्रतिष्ठानमा तालिमका लागि मनोनयन, स्वास्थ्य आपूर्ति केन्द्रमा औषधी तथा ल्याव उपकरण उपलब्धता र पूर्वाधार कार्यालय, खानेपानी डिभिजन तथा संचाई डिभिजन कार्यालयहरुमा कार्यक्रम मागका लागि पत्राचार गरिएको देखिन्छ ।

## ५.३ स्थानीय तह महासंघका सवाल र सरोकारहरु

स्थानीय तहका प्रतिनिधिमुलक संस्थाको रुपमा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका महासंघ कार्यरत रहेका छन् । उपरोक्त संस्थाहरुले प्रदेश तहमा समेत आफ्नो संस्थागत संरचना तयार पारी सम्बन्धित स्थानीय तहहरुको साझा सरोकार र धारणाहरु लिपिबद्ध गर्ने र समाधानका लागि पहल गर्ने कार्य गर्दै आएका छन् । यसप्रकार उल्लेखित महासंघहरुले विभिन्न समयमा प्रदेश सरकार समक्ष पेश गरेका माग र ध्यानाकर्षणका बुँदाहरु सुदूरपश्चिम प्रदेशमा अन्तर-सरकार समन्वय र अन्तरसम्बन्धका सवालको रुपमा मान्न सकिन्छ । तसर्थ स्थानीय तहका महासंघहरुले प्रदेश सरकारलाई पेश गरेका माग पत्र र ज्ञापन पत्रका बुँदाहरु देहाय वमोजिम रहेका छन् :

| | | |
|---|---|---|
| जिल्ला समन्वय समिति महासंघ | २०८० असार १५ | जिल्ला समन्वय समितिलाई संविधान र संघीय तथा प्रदेश ऐनले धेरै समन्वय र अनुगमन सम्बन्धी तथा प्रवर्द्धनात्मक कार्यजिम्मेवारी तोकेको र सो कार्य गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको सन्दर्भमा आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा सुदूरपश्चिम सरकारले कत्ति पनि अनुदान बजेट विनियोजन नगरेको हुँदा आर्थिक वर्षकै विचमा पनि यस्तो अनुदान रकम उपलब्ध गराउनु पर्ने । |
| | २०८० कार्तिक २१ | प्रदेश सरकारद्धारा जारी जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी ऐन, २०७५ को दफा १५ ले जिल्लाभित्र रहेका प्रदेश सरकारका कार्यालयहरुले जिसस सँग समन्वय गरी काम गर्नुपर्ने व्यवस्था भएता पनि अनिवार्य कानुनी प्रक्रिया नतोकिएका कारण नियमावली तर्जुमा गरी ऐनको सो दफा कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने ।<br>संविधान तथा संघीय कानुनले जिससलाई स्थानीय तहमा अनुगमन गर्ने प्रमुख जिम्मेवारी भएता पनि जिससको अनुगमनलाई स्थानीय तहहरुले भूक्तानीको आधार नबनाएका कारण अनुगमनको प्रभावकारिता नदेखिएको<br>संघीय तथा प्रदेश कानुनबाट जिससलाई धेरै जिम्मेवारी तोकिएको भएता पनि प्रदेश सरकारले चालू आर्थिक वर्षमा बजेट अभावका कारण कानुनी दायित्व पूरा गर्न नसकिएको हुँदा विविध शिर्षकबाट भएपनि जिससहरुलाई बजेट अनुदानको व्यवस्थाका गर्नुपर्ने ।<br>प्रदेश सरकारको योजना छनोट तथा प्राथमिकीकरणमा जि.स.स. मार्फत गर्ने प्रयोजनका लागि चालू आर्थिक वर्षको बैशाख मसान्तभित्र छलफल तथा परामर्श कार्यक्रमहरु सञ्चालनका लागि विधि र अख्तियारी पठाउनु पर्ने । |

| | | |
|---|---|---|
| | | जिससलाई थप प्रभावकारी बनाउन विद्यमान कानुनको शंसोधन वा नयाँ कानुनी प्रवन्ध गर्न आवश्यक परामर्श थाल्नु पर्ने ।<br>स्थानीय तहका पदाधिकारीहरुको सुविधासम्बन्धी कानुन संसोधन गरी जिससका पदाधिकारीको मृत्यु भएमा कार्यवाहक जिम्मा लिनेको समेत काम गरेको अवधिका लागि समान सुविधा पाने व्यवस्था हुनुपर्ने ।<br>स्थानीय तहहरुको LISA, FRA लगायतका मूल्यांकन कार्य सम्पन्न गर्न सूचना प्रविधि सम्बन्धी जनशक्तिको अभाव रहेकोले सोको व्यवस्थाका लागि नेपाल सरकारलाई समन्वय गरिदिने ।<br>जिल्ला भित्रका स्थानीय तहहरुमा रहने महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाको समन्वयका लागि जिससमा प्रशासनिक एकाईको दरबन्दी पूनर्संरचना हुनुपर्ने । |
| नगरपालिका संघ र गाउँपालिका महासंघ | २०७६ कार्तिक २९ | दार्चुला टिंकर सडक र दुम्लिङ देखि छाङ्ररुसम्मको गोरेटो बाटो निर्माण र अतिक्रमित क्षेत्रमा सिमा सुरक्षा बल खटाउनका लागि प्रदेश र संघीय सरकारसँग माग गर्ने ।<br>स्थानीय सरकारले जग्गा प्राप्ती तथा खरीद प्रक्रिया सरलीकरणका लागि कानुन संसोधन गर्न संघीय सरकारलाई आग्रह गर्ने ।<br>स्थानीय तहको प्रशासकीय भवन निर्माणमा एकरुपताका नभई भौगोलिक अवस्था र स्थानीय आवश्यकता अनुसार फरक-फरक डिजाइनमा निर्माण गर्न पाउने व्यवस्थाका लागि संघीय सरकारसँग माग गर्ने ।<br>प्रदेश सरकारको वार्षिक योजना र कार्यक्रम तर्जुमा प्रक्रिया मापदण्ड निर्धारण गरी स्थानीय तहसँगको दोहोरोपना र द्विविधाको अन्त्य गर्नुपर्ने ।<br>प्रदेश सरकारको पञ्चवर्षीय आवधिक योजना तर्जुमा गर्न ध्यानाकर्षण गराउने ।<br>नेपाल सरकार र प्रदेश सरकारले प्रदान गरिरहेको समानीकरण अनुदान वृद्धि हुनुपर्ने साथै अनुदान निर्धारणको आधार जनसंख्यालाई मानिएको हुँदा पहाडी क्षेत्रका स्थानीय तहहरुमा असन्तुलन देखिएकोले आगामी दिनमा भौगोलिक क्षेत्र र विकटतालाई आधार मान्नु पर्ने ।<br>प्रदेश लोकसेवा आयोगको गठन गरी सो मार्फत स्थानीय तहहरुमा आवश्यक कर्मचारी व्यवस्थापन गर्न प्रदेश सरकारलाई माग गर्ने । |

| | | |
|---|---|---|
| | | प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थाका लागि प्रदेश लोकसेवा आयोगबाट योग्यता परिक्षण गरी सम्बन्धित स्थानीय तहरुले नै नियूक्ति गर्न पाउने व्यवस्थाका लागि संघीय सरकारसँग माग गर्ने ।<br>गाउँ/नगर पालिकाहरुको क्षमता विकासका लागि गाउँपालिका महासंघ र नगरपालिका संघ लाई बजेट व्यवस्था गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।<br>प्रदेश समन्वय परिषदको कार्यविधि तय गरी भूमिकालाई प्रभावकारी बनाउन प्रदेश सरकारसँग माग गर्ने । |
| | २०८० बैशाख १६ | प्रदेश समन्वय परिषदको बैठक तत्काल बोलाउने, मुख्यमन्त्रीले परिषद सदस्य मनोनयन गर्दा स्थानीय तह महासंघहरुको सिफारिसका आधारमा गर्नुपर्ने ।<br>विषयगत समितिहरुलाई तत्काल सक्रिय पारी नियमित बैठक सञ्चालन गर्नुपर्ने<br>प्रदेश सरकारबाट बजेट विनियोजन गर्दा ठूला आयोजना कार्यक्रम मात्र संलग्न गर्नुपर्ने । शुरु गरिएका आयोजना सम्पन्न गरेर मात्र नयाँ तर्फ बजेट छुट्याउनु पर्ने ।<br>प्रदेश सरकारले समानीकरण अनुदान र समपुरक अनुदान वृद्धि गर्नुपर्ने ।<br>आर्थिक मन्दीको कारण तहगत सरकारहरुले मितव्ययी भई काम गर्न प्रदेश तथा स्थानीय तहहरु बीच समन्वय र सहकार्यका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने ।<br>स्थानीय तहसँग सरोकार राख्ने विषयमा निति, कानुन र योजना बनाउँदा गाउँ/नगर पालिका महासंघसँग परामर्श गर्न ध्यानाकर्षण गराउने । |
| | २०८० साउन ३० | प्रदेश समन्वय परिषदमा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गराउँदा महासंघको प्रदेश समिति मध्येबाट संलग्न गराउने ।<br>वर्षातका कारण पहाडमा बाढी पहिरो र तराईमा डुबान भइरहेको र पहाड जाने राजमार्गमा हप्ता दिनदेखिको अवरोध खुलाउन प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्ने ।<br>प्रदेश र स्थानीय तहको प्रशासनीक समन्वय बढाउन प्रदेश सरकारका प्रमुख सचिवको अध्यक्षतामा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको प्रतिनिधित्व रहने गरी एक प्रशासनिक समन्वय संयन्त्र खडा गर्ने । |

## ५.४ स्थानीय तहका प्रतिनिधिहरुसँगको धारणा

अन्तर सरकार समन्वयका सम्बन्धमा सुदूरपश्चिम प्रदेशको तात्कालीक अवस्था बारेमा थप विषयवस्तुहरु थाहा पाउनको लागि स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुसँग छलफल गर्नुपर्ने हुन्छ । यसका लागि विभिन्न छ वटा स्थानीय तहका प्रतिनिधिहरु (जिसस डडेलधुरा, पुनर्बास नगरपालिका, जोरायल गाउँपालिका, अजयमेरु गाउँपालिका, टिकापुर नगरपालिका, बडिमालिका नगरपालिका) सँग छलफल गरी देहाय वमोजिमका सरोकारहरु नक्सांकन गरिएको छ :

- सुदूरपश्चिम प्रदेश सरकारले कानुन तर्जुमा गरी जिल्ला समन्वय समितिहरुका लागि थप जिम्म्वारीहरु प्रदान गरेको भएता पनि सो बमोजिम स्रोत साधन र बजेटको व्यवस्था नगरेको ।
- अन्य प्रदेशले स्थानीय तहका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा प्रदेश कानुन जारी गरी कर्मचारीहरुको सरुवा र बढुवाको नियमित प्रक्रिया शुरु गरिसक्दा सुदूरपश्चिम प्रदेशबाट यसको तर्जुमा र कार्यान्वयनमा ढिलाइ भएको ।
- स्थानीय तहहरुमा प्रदेशबाट प्रदान गरिने विषयगत सेवा र लगानीहरुमा - कृषितर्फको प्रतिष्पर्धात्मक र समान, स्वास्थ्यतर्फको आवश्यक र ग्रहणशील तर शिक्षातर्फको लगानी बैकल्पीक र दोहोरोपन रहेको ।
- स्थानीय तहहरुले प्राप्त गर्ने पुंजीगत निर्माण तर्फको ससर्त अनुदानमा प्रशासकीय भवन निर्माण र आधारभूत अस्पताल निर्माण प्रमुख रहेका ।
- पालिका-स्तरीय रणनितिक सडक निर्माणमा प्रदेश सरकारबाट ठेक्का लागेको लामो अवधि भएता पनि निर्माण व्यवसायीले काम नगर्दा अलपत्र परेको, सडक सुधारमा स्थानीय तहले थप लगानी गर्न नसक्ने र अर्को प्रोजेक्टका लागि कार्यक्रम माग्न पनि नमिल्ने । प्रदेश भित्र यसखालको पूर्वाधार निर्माणका समस्या धेरै हुनसक्ने ।
- कृषि ज्ञान केन्द्रको प्राविधिक परामर्शमा धानखेतमा हालिएको केमिकल्सले किसानको सयौं विगाहा धानवाली नष्ट भएको हुँदा किसानले नगरपालिकामा क्षतिपूर्ति माग गरिरहेकोमा सो बारेमा नेपाल कृषि अनुसन्धान परिषदमार्फत अनुसन्धानका लागि पठाइएको तथा प्रदेश कृषि मन्त्रालयमा विश्षज्ञको टोली माग गरी संघ र प्रदेशलाई समन्वयका लागि पटकपटक अनुरोध गर्दा उपयूक्त सहयोग वा रेस्पोन्स प्राप्त नभएको ।
- बडिमालिका क्षेत्रमा कर्णाली प्रदेशबाट सिमाना अतिक्रमण गरी संरचनाहरु निर्माण गरेको सम्बन्धमा जानकारी गराउँदा प्रदेश सरकारबाट अतिक्रमण रोक्न पहलकदमी हुन नसकेको ।
- योजना तर्जुमाको क्रममा संघीय सरकारले पठाएको सिलिङ भित्र रहेर बजेट बनाए पनि राजश्व बाँडफाँड र समानीकरण अनुदान समेत घट्न जाँदा स्थानीय तहको योजनाहरु अलपत्र रहेका ।

- प्रदेश सरकारबाट वार्षिक योजना तर्जुमा सम्बन्धी परामर्श गोष्ठीहरु आयोजना गरिएका, स्थानीय तहका प्रतिनिधिहरुबाट पर्याप्त सुझावहरु दिएपनि कार्यान्वयनमा नआउने समस्या रहेको ।
- प्रदेश सरकारका योजना र कार्यक्रमहरुको कार्यान्वयनमा स्थानीय तहको सिफारिस र अनुगमनलाई अनिवार्य बनाउनु पर्ने ।
- प्रदेश लोकसेवा आयोगले माग वमोजिम जनशक्ति छनोटको नियमित कार्य अघि बढाउँदा स्थानीय तहमा जनशक्ति अभावका विषयहरु घट्दै गएका ।

# परिच्छेद छ : निष्कर्ष तथा सुझावहरू

## *६.१ निष्कर्ष*

नेपालमा संघीयता कार्यान्वयनको अवधि करिव १ दशक पुग्न लागेको छ । संघीय पद्धति हाम्रो लागि नयाँ भएको र नेपालले अवलम्बन गरेको संघीय पद्धति विशिष्ट खालको रहेको कारण पनि यसको प्रभावकारी कार्यान्वयनमा केही सवालहरू देखा पर्नु स्वभाविक नै हो । नेपालको संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका सरकारले गर्नेगरी राज्य संरचना निर्धारण गरेको कारण संघीय प्रणालीको प्रभावकारी कार्यान्वयन पनि तीनवटै तहका सरकारको समन्वयात्मक प्रयास आवश्यक देखिएको हो । यस अध्ययनले अन्तर-सरकार समन्वय र अन्तरसम्बन्ध व्यवस्थापनमा सुदूरपश्चिम प्रदेशको वर्तमान अवस्था र आगामी कार्यदिशाका सन्दर्भमा विषयवस्तु र सूचनाहरु विश्लेषण गर्ने प्रयास गरिएको छ । यसका लागि संघीय कानूनहरुको पुनरावलोकन, समन्वय र अन्तर-सम्बन्धका लागि स्थापित संरचनाहरु, समन्वय र अन्तर-सम्बन्ध व्यवस्थापनका लागि प्रदेश तहमा भएका प्रयासहरु र स्थानीय तहमा समन्वयका आयाम र सरोकारहरु गरी ४ भागमा सूचना विश्लेषण र संक्षेपीकरण गरिएको छ । अध्ययनका निश्कर्षहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ :

**क. राजनैतिक अन्तरसम्बन्धमा संबैधानिक तथा कानुनी व्यवस्थाहरु**

- संविधानको धार ५० मा निर्देशक सिद्धान्तले सवै तहका सरकारहरुले साझा प्रयास र दायित्व निर्वाह गर्नुपर्ने उल्लेख गरेको ।
- धारा ५६ मा राज्यको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले राज्यका विशेषताहरु र शासन प्रणालीको संरक्षण गर्नुपर्ने व्यवस्था ।
- धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गर्दै अनुसूची ५, ६ र ८ मा संघ प्रदेश र स्थानीय तहका एकल अधिकारहरु सूचिकृत गरेको ।
- धारा २३२ मा तीनै तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था । तर सोही धारा अन्तर्गत विशेष अवस्थामा प्रदेश सभा वा मन्त्रीपरिषदलाई निलम्बन वा भंग गर्ने प्रावधान समेत उल्लेख गरे पनि स्थानीय तहलाई निलम्बन वा भंग गर्ने सम्मको व्यवस्था नरहेको ।
- धारा २३४ मा प्रदेशहरु बिचको सम्बन्ध र विवाद व्यवस्थापनका साथै अन्तर प्रदेश परिषदको स्थापना उल्लेख भएको ।

- धारा २३५ मा संघ प्रदेश र स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध व्यवस्थित गर्न संघीय संसदले कानुन वनाउने उल्लेख भएको ।
- धारा ६२ मा राष्ट्रपतिको निर्वाचन र धारा ६९ मा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्थामा संघीय संसद एवं प्रदेश सभाका सदस्यहरुको निर्वाचक मण्डल रहने र धारा ८६ मा संसदको राष्ट्रिय सभाको निर्वाचनमा प्रदेश सभा सदस्यहरु र स्थानीय तहका प्रमुख उपप्रमुख रहेको निर्वाचक मण्डल रहने व्यवस्था ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७७ को दफा ३ मा गाउँ/नगर पालिकाको संख्या र सिमाना हेरफेर गर्ने र दफा ५ मा वडाको संख्या र सिमाना हेरफेर गर्ने कार्यमा तीनै तहका सरकारहरुको जिम्मेवारी रहने व्यवस्था रहेको ।

**ख. विधायीकी अन्तर-सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्थाहरु**

- संविधानको धारा ५७ मा स्थानीय तहले कानुन बनाउँदा संघ र प्रदेशको कानुनसँग बाझिन नहुने र प्रदेशले कानुन बनाउँदा संघीय कानुनसँग बाझिन नहुने व्यवस्था रहेको ।
- धारा २३१ मा दुइ वा सो भन्दा बढी प्रदेशले अनुरोध गरेमा संघीय संसदले सम्बन्धित प्रदेशहरुका लागि मात्र कानुन तर्जुमा गर्न सक्ने व्यवस्था रहेको ।
- धारा २२६ मा गाउँ तथा नगर सभाले कानुन बनाउने सम्बन्धी प्रक्रिया प्रदेश कानुन वमोजिम हुने व्यवस्था र धारा २२७ मा गाउँ सभा तथा नगर सभाको सञ्चालन समेत प्रदेश कानुनले तोके वमोजिम हुने उल्लेख गरिएको ।

**ग. आर्थिक र वित्तिय अन्तरसम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्थाहरु**

- संविधानको धारा ५९ ले तहगत सरकारहरुले आर्थिक अधिकारको प्रयोग, योजना र बजेट तर्जुमा तथा विकासका लागि स्रोत परिचालन गर्न सक्ने व्यवस्था गरेको । धारा ६० मा तहगत सरकारहरुले परिचालन गर्ने राजश्वका स्रोत र राजश्व तथा प्राकृतिक स्रोतको बाँडफाँड गर्ने एवं अन्तर सरकारी वित्तिय हस्तान्तरण र अनुदान सम्बन्धी विषय उल्लेख भएको ।
- धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका र अनुदानहरुको सिफारिस, राजश्व बाँडफाँड तथा रोयल्टी हिस्सा निर्धारणमा सुझाव सम्बन्धी कार्य उल्लेख गरिएको । धारा २३६ ले अन्तर प्रदेश ब्यापार, बस्तु तथा सेवाको ढुवानी ओसारपसार सम्बन्धमा व्यवस्था गरिएको ।
- अन्तर सरकार वित्त व्यवस्थापन ऐन २०७४ ले संविधानमा अपूर्ण रहेका वित्तिय व्यवस्था सम्बन्धी कतिपय विषयहरु प्रष्ट पारेको । खासगरी संविधानमा एक भन्दा बढी तहको अधिकारमा उल्लेख गरेका राजश्वका शिर्षकहरुको असुली प्रकृया र बाँडफाडका सुत्रहरु प्रदान गरेको । राजश्व र रोयल्टी बाँडफाँडको अनुपात

तोकेको, वैदेशीक सहायता तथा ऋण लिने व्यवस्था निर्धारण गरेको र ऐनको दफा ३३ मा समन्वय र सञ्चारका लागि अन्तर सरकार वित्त परिषदको गठनको व्यवस्था गरेको ।

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ ले संघ प्रदेश र स्थानीय तहको सञ्चित कोषको खर्च सञ्चालन, व्यवस्थापन, आर्थिक कारोबारको लेखांकन, नियन्त्रण र लेखापरिक्षण लगायतका विषयमा एकरुपता ल्याउने र ब्यवस्थित गर्ने प्रावधानहरु उल्लेख गरेको ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले योजना तर्जुमामा अन्तर सरकार समन्वय र राष्ट्रिय विकास प्राथमिकताहरुको मुलप्रवाहीकरण गर्नुपर्ने तथा दफा १०६ ले योजना कार्यान्वयनमा अन्तर सरकार समन्वय र अपसी सहयोग हुनुपर्ने व्यवस्था गरेको ।
- अन्तर सरकार समन्वय ऐन २०७७ को दफा १३ ले तहगत सरकारहरुले तय गर्ने विकास आयोजना र कार्यक्रमहरुको स्तर बर्गिकरण गर्ने व्यवस्था गरेको ।

**घ. प्रशासनिक अन्तरसम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्थाहरु**

- संविधानको धारा २२७ मा गाउँ / नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी व्यवस्था प्रदेश कानुन वमोजिम हुने उल्लेख भएको र सो वमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा कर्मचारीव्यवस्थापन सम्बन्धी कार्यहरु शुरुवात भएका ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ ले स्थानीय सेवाको गठन, सञ्चालन संघीय मापदण्ड वमोजिम हुने उल्लेख गरेको । कर्मचारी समायोजन ऐन २०७५ मा उल्लेखित अधिकांश प्रावधानहरु तिन तहका सरकारहरुको साझा दायित्व र एक तहको सरकारले अर्को तहका सरकारको लागि जिम्मेवारी (संगठन सर्भेक्षण, दरबन्दी निर्धारण, जनशक्ति खटनपटन) निर्वाह गर्नुपर्ने व्यवस्था रहेको ।
- संविधानको धारा २४४ ले प्रदेश लोकसेवा आयोगको गठन, अधिकार र प्रदेश तथा स्थानीय तहका लागि गर्नुपर्ने कार्य जिम्मेवारी सम्बन्धी प्राबधानहरु उल्लेख गरेको ।

**ङ. अन्तर सरकार समन्वय ऐन २०७७ का व्यवस्थाहरुको उपादेयता**

अन्तर सरकार समन्वय ऐनले तहगत सरकारबिचमा अन्तर-सम्बन्धका १६ वटा आधारहरु तय गरेको छ । यद्यपि ती आधारहरु संविधानको धारा ५६ (६) मा उल्लेखित विषयहरुकै विस्तृतिकरण मात्र सकिन्छ ।

यसले संविधानमा अपूर्ण र अस्पष्ट रहेका कैयन सैद्धान्तिक विषय र मान्यताहरुलाई परिभाषित गरेको छ । तर कानुनी अनिवार्यता र वाध्यात्मक प्रावधानहरु सिर्जनामा यसले जोड दिएको छैन ।

यसमा तहगत सरकारहरुले कानुन तर्जुमा गर्दा विचार गर्नुपर्ने ६ वटा बुँदाहरु तोकिएको छ । योजना तर्जुमा र कार्यान्वयनमा यसले नयाँ परिभाषा गरिदिएको छ – जस अनुसार लागत, दिगोपना वा सेवा प्रवाह प्रभावकारिताका दृष्टिले उपयूक्त भएमा कुनै एक तहको कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ ।

यस ऐनले राष्ट्रिय समन्वय परिषद जस्तो नयाँ संरचना प्रस्ताव गरेको छ । यसका साथै योजना तर्जुमा र कार्यमा प्रभावकारीता ल्याउन र कार्यक्रम कार्यान्वयनमा दोहोरोपना रोक्न विषयगत समितिहरुको अवधारणा ल्याएको छ । यसले साविक स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेको प्रदेश समन्वय परिषदको बनावट र कार्यक्षेत्रमा फेरबदल ल्याएको छ ।

यस ऐनले जिल्ला समन्वय समितिको जिम्मेवारीमा स्थानीय सरकार सञ्चालन ऐनका व्यवस्थाभन्दा थप कार्यहरु उल्लेख गरेको छ । विगत देखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहका लागि नमूना कानुन बनाई पठाइरहेकोमा यस ऐनले सो कार्यलाई कानुनी दायित्वमा परिणत गरेको छ ।

संविधान र संघीय कानुनमा अन्यत्र व्यवस्था नभएको नयाँ विषय के उल्लेख छ भने – संघीय संसद, प्रदेश सभा र स्थानीय तहको सभाले आवश्यकता अनुसार सूचना आदानप्रदान, छलफल वा परामर्श गर्न सक्नेछन् । यसका साथै यस ऐनले संविधानको धारा २३४ बमोजिमको अन्तर प्रदेश परिषदको सचिवालय र राष्ट्रिय समन्वय परिषदको सचिवालय र जिम्मेवारी समेत किटानी गरेको छ ।

### च. राष्ट्रिय समन्वय परिषदको प्रभावकारिता

संघीय कानुन वमोजिम स्थापित राष्ट्रिय समन्वय परिषदले अन्तर प्रदेश परिषदका प्रचलित उपादेयतालाई प्रतिस्थापन गरेको भएता पनि बैठक ढिला गरी आयोजना गरिएको छ । कानुन बमोजिम कम्तीमा बर्षको १ पटक बैठक आयोजना गर्नुपर्नेमा २०७७ श्रावण देखि यता ३ वर्षपछि २०८० असारमा पहिलो बैठक बसेको छ । यस बैठकले मुख्यता ६ वटा शिर्षकमा निर्णयहरु – परिषदको बैठक सञ्चालन कार्यविधि पारित गर्ने देखि कार्यक्रम र बजेटमा रहेका अष्पष्टता र दोहोरोपना हटाउने, साझा सूचीका विषयमा कानुन निर्माण गर्न संघीय कानुन मन्त्रालयले मस्यौदा तयार पार्ने, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र प्रदेशमा खटिने कर्मचारीहरुको सरुवा कार्य अवधि तोक्ने, तीनै तहका सरकारका उपलब्धीहरुको एकिकृत अभिलेख तयारी र प्रदेश तथा स्थानीय तहले जग्गा प्राप्तीमा सहजता ल्याउन कानुन संसोधन गर्ने विषयहरु समेटिएका छन् ।

उल्लेखित कार्य गर्नका लागि समयावधिको किटानी गरिएको, विभिन्न समिति, कार्यदल र संयन्त्रहरु गठन गर्ने निर्णय भएतापनि तत् तत् समितिहरु गठन भए नभएको र निर्धारित कार्य गरे नगरेको विषय प्रगति पूनरावलोकन भएको देखिंदैन ।

### छ. अन्तर प्रदेश वित्त परिषदको प्रभावकारिता

अन्तर सरकार वित्त व्यवस्थापन ऐन २०७४ जारी भएपछिका शुरुवाती वर्षहरुमा निकै सक्रिय रहेको यो संरचना पछिल्ला वर्षहरुमा तुलनात्मक रुपले ढिला भएको देखिन्छ । यसले के बुझ्न सकिन्छ भने संघीय व्यवस्थामा तीन तहका सरकारहरुबीच राजश्व, बजेट र खर्च सम्बन्धी अस्पष्टता र विवादका विषयहरु निरुपण हुँदै गएका छन् । किनभने शुरुवात तिर २०७५ सालमा वर्षको ३ वटा बैठक आयोजना गरेको परिषदले २०७८ चैत्रमा सम्पन्न सातौं बैठकको १३ महिना पछि २०८० बैशाखमा आठौं बैठक आयोजना गरेको देखिन्छ ।

बैठकका एजेण्डा र निर्णय सम्बन्धमा दोस्रो र तेस्रो बैठकमा क्रमश: २० र २४ वटा निर्णय भएकोमा पछिल्लो सातौं र आठौं बैठकमा क्रमशः ६ र ६ वटा मात्र निर्णय भएको देखिन्छ । शुरुवाती वर्षमा वित्त परिषदले कतिपय राष्ट्रिय समन्वय परिषद र प्रदेश समन्वय परिषदमा छलफल गर्नुपर्ने एजेण्डाहरुमा समेत छलफल गरेकोले धेरै निर्णय भएको देखिन्छ । वित्त परिषदमा निरन्तर छलफल भएका एजेण्डा र निर्णयहरुमा जग्गा प्राप्ती, प्रदेश र स्थानीय तहको राजश्व बाँडफाँड, प्रदेशमा हस्तान्तरित आयोजना सम्पन्न गर्न नपुग रकम निकासा गर्ने, कानुन निर्माणमा समन्वय र सहकार्य गर्ने विषय रहेको देखिन्छ ।

**ज. अन्तर सम्बन्धका लागि प्रदेशमा कानुनहरुको तर्जुमा**

सुदूरपश्चिम प्रदेशमा हालसम्म ३४ वटा ऐनहरु, ७ वटा गठन आदेश र १४ वटा नियमावलीहरु तर्जुमा गरिएका छन् । उल्लेखित मध्ये ३४ वटा ऐनहरुको विश्लेषण गर्दा देहाय वमोजिम विभाजन गर्न सकिन्छ –

- प्रदेश तहमा सरकार र मातहत निकायहरुको संस्थागत संरचना स्थापना, नियमन तथा शासकीय प्रवन्धका लागि १३ वटा ऐनहरु
- स्थानीय तहको संस्थागत नियमन र शासकीय प्रवन्धका लागि संविधानको मार्गदर्शन वमोजिम निर्माण भएका ४ वटा ऐनहरु
- प्रदेश तहको विकास तथा शासकीय प्रवन्धका लागि तर्जुमा गरिएका तर सोबाट स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध भएका १६ वटा ऐनहरु

उल्लेखित प्रदेश ऐनहरुमा स्थानीय तहका सरोकारहरु खोज्दा पहिलो वर्गका ऐनहरुमा न्यून सम्बन्ध रहने देखिन्छ भने दोस्रो वर्गका ऐनहरु सम्पूर्णत: स्थानीय तहकै लागि तर्जुमा गरिएका छन् । तसर्थ अन्तर सम्बन्धको विश्लेषण गर्नका लागि तेस्रो वर्गका १६ वटा ऐनहरुको लेखाजोखा गर्नु सान्दर्भिक हुन्छ । जसबाट देहाय वमोजिम निक्यौंल गर्न सकिन्छ :

- विभिन्न ऐनद्धारा स्थापित संस्थागत संरचनाहरुमा स्थानीय तहको प्रतिनिधित्व र सहभागिता गराइएको ।
- संघीय कानुनसँग दोहोरिएर दायित्व सृजना गरेका प्रदेश ऐनहरु :- प्रदेश सुशासन ऐन - २०७५, प्रदेश वातावरण संरक्षण ऐन – २०७५ (जुन संघीय वातावरण संरक्षण ऐन भन्दा पनि पहिला तर्जुमा भएको), प्रदेश वन ऐन – २०७७, प्रदेश वाववालिका ऐन

- स्थानीय तहले आफ्नो विकास कार्य र सेवा प्रवाहमा ध्यान दिनुपर्ने ऐनहरु:- प्रदेश जनस्वास्थ्य ऐन, पशुपंक्षी तथा पशुस्वास्थ्य ऐन,
- यस क्याटेगोरीका ऐनहरुमा प्रदेश सरकार र स्थानीय तहहरु बिचमा "सिफारिस –स्वीकृति" को अन्तर सम्बन्धक सिर्जना गरिएका, जसमा प्रदेशबाट स्वीकृति र नियमन हुने विषयमा स्थानीय तहको सिफारिस चाहिने प्रावधानहरु रहेका ।
- सुदूरपश्चिम प्रदेशको हकमा नयाँ प्रवर्द्धनात्मक कानुन – दलित सशक्तिकरण ऐन २०७८

**ज. अन्तर—सम्बन्धका लागि प्रदेश समन्वय परिषदको प्रभावकारिता**

सुदूरपश्चिम प्रदेशमा प्रदेश समन्वय परिषदका हालसम्म ४ वटा बैठकहरु आयोजना भएका छन् । पहिलो र दोस्रो बैठक स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०५ वमोजिमका व्यवस्था अनुसार आयोजना भएकोमा पछिल्ला तेस्रो र चौथो बैठकहरु अन्तर सरकार समन्वय तथा अन्तर सम्बन्ध ऐन २०७७ वमोजिम गठन र आयोजना भएका थिए ।

पहिलो बैठकमा खासगरी सहभागी संख्या धेरै भएकोले समूह कार्य गराइ तिनै समूहका निश्कर्षहरुलाई निर्णयको अंश बनाइएको देखिन्छ । यसका निर्णयहरु सैद्धान्तिक प्रकृतिका थिए भने परिषद आफ्नो कार्यक्षेत्रमा अलमल रहेको निर्णयको ब्यहोराबाट बुझ्न सकिन्छ । दोस्रो बैठकमा केही किटानी निर्णयहरु भएका छन् तथापि कार्यान्वयन भन्दा समग्र प्राथमिकता र संस्थागत भूमिकामा जोड दिइएको छ, जस्तो:- जिससको भूमिकालाई प्रभावकारी बनाउने, न्यायीक समितिको क्षमता विकासमा विशेष ध्यान दिने ।

तेस्रो र चौथो बैठक नयाँ कानुन र नयाँ संरचनामा आयोजना भएको र जसबाट भएका निर्णयहरुमा पनि प्रष्टता र कार्यक्षेत्रमा केन्द्रित भएको, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धमा केन्द्रित भएको देखिन्छ । उक्त बैठकहरुका मुख्य निर्णयहरुमा स्थानीय तहमा पठाइएको ससर्त अनुदान, समपुरक र विशेष अनुदानको रकम प्रदेश सरकारलाई फिर्ता गर्ने, नदीजन्य पद्धार्थ विक्रीबाट बाँडफाँडको रकम प्रदेशमा पठाउने, स्थानीय कानुन र योजना दस्तावेज प्रदेशको अभिलेखका लागि पठाउने, आयोजना तथा कार्यक्रमहरुको दोहोरोपना हटाउने रहेका छन् । केही विषयहरु प्रदेश र स्थानीयका साझा सरोकारका रुपमा निक्यौंल गरी नेपाल सरकारलाई अनुरोध गर्ने भनिएको छ ।

२०८० असार १९ मा सम्पन्न चौथो बैठकले कतिपय तेस्रो बैठकका निर्णयहरु दोहोर्‍याएर लेखेको देखिन्छ । कर्मचारी जनशक्ति खासगरी प्रमुख प्रशासकीय अधिकृतहरुको व्यवस्थापनका लागि नेपाल सरकारलाई अनुरोध गरेको छ । यस बैठकले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका लागि समेत जिम्मेवारी उल्लेख गरेको छ । निर्णयमा स्थानीय तह र प्रदेशको राजश्व क्षमता अध्ययन गरी राजश्व अभिवृद्धि योजना तर्जुमा गर्न प्रतिष्ठानले सहजीकरण र सहयोग गर्ने भनिएको छ ।

**झ. अन्तर—सम्बन्धका लागि प्रदेश सरकारका निर्णयहरुको प्रभावकारिता**

प्रदेश सरकारका निर्णयहरुको विश्लेषण गर्ने क्रममा गत १ वर्ष भित्रमा प्रदेश मन्त्रिपरिषद र सचिवस्तरीय बैठकका निर्णयहरुको लेखाजोखा गरिएको छ ।

यसविचमा प्रदेश मन्त्रीपरिषदका २५ वटा बैठक बसेको देखिन्छ, जसमा ७० वटा निर्णयहरु भएकोमा जम्मा ११ वटा निर्णयहरु संघीय सरकार वा स्थानीय तहसँग सरोकार राख्ने वा समन्वय गर्नुपर्ने विषयहरुमा निर्णय भएको देखिन्छ । उल्लेखित ११ निर्णयहरु मध्ये पनि ३ वटा संघीय सरकारसँग र ८ वटा स्थानीय तहहरुसँगको समन्वय गर्नुपर्ने प्रकृतिका निर्णय भएका छन् । यसमा मुख्यतया २०७९।०९।२८ मा स्थानीय सेवाको गठन तथा सेवाका सर्तको व्यवस्था गर्ने विधेयकको मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने, २०७९।११।२८ मा प्रदेश लोकसेवा आयोगबाट नियूक्त कर्मचारीहरुलाई सिटरोल र अस्थायी संकेत नम्बर दिने, २०८०।०८।०८ मा नदीजन्य पद्धार्थ व्यवस्थापन कार्यविधि संसोधनको लागि स्वीकृति दिने विषय स्थानीय तहहरुसँग सरोकार राख्ने निर्णय हुन् भने २०८०।०६।२३ मा संघमा दरबन्दी रहेका २३ जना फरेष्टरहरुको समायोजन गर्ने, २०८०।०९।०६ मा सि.टि.इ.भि.टी. अन्तर्गतका ६ वटा आंगीक शिक्षालयहरुलाई हस्तान्तरणका लागि अनुरोध गर्ने निर्णय संघीय सरकारसँग समन्वय गर्ने विषय हुन् ।

यस अवधिमा प्रदेश सरकारका सचिवहरुको १४ वटा बैठक आयोजना भएका छन् भने त्यसबाट ८४ वटा निर्णय भएकोमा ११ वटा निर्णयहरु अन्तर सरकार समन्वयका विषयक्षेत्र सम्बन्धित रहेका छन् । सचिवस्तरीय बैठकमा मुख्य निर्णयहरुमा संघीय सरकारका सचिवस्तरीय बैठकका निर्णयहरुको कार्यान्वयन, लेखापरिक्षण तथा बेरुजु फर्स्यौट, नेपाल सरकारले प्रदेश तहबाट गरिनुपर्ने भनी उल्लेख गरेका निर्णयहरुको कार्यान्वयन र प्रदेश मन्त्रालयहरुका रिक्त दरबन्दीमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति नहुन्जेल जनशक्ति खटाइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने विषयहरु रहेका छन् ।

**ञ. अन्तर—सम्बन्धका लागि स्थानीय तह महासंघका सरोकारहरु**

आर्थिक वर्ष २०८०।८१ मा जिसस महासंघले प्रदेश मुख्यमन्त्री समक्ष २ पटक ध्यानाकर्षण पत्र पेश गरेको देखिन्छ । दुबै पत्रहरुमा संविधान र कानुन वमोजिम समन्वय र अनुगमनको जिम्मेवारी दिइएता पनि बजेट उपलब्ध नगराइएको विषयमा जोड दिइएको छ । त्यसैगरी प्रदेशको वार्षिक योजना तर्जुमाको लागि जिससको जिम्मेवारी परिभाषित गर्नुपर्ने, स्थानीय तहको अनुगमनलाई बाध्यकारी बनाउनुपर्ने, LISA/FRA जस्ता मूल्यांकन प्रणालीमा सूचना प्रविधि सम्बन्धी जनशक्ति उपलब्ध गराउनु पर्ने र स्थानीय तहका महिला वालवालिका शाखाको समन्वयका लागि जिससमा प्रशासनिक इकाइ रहनुपर्ने विषयहरु उठाइएका छन् ।

नगरपालिका र गाउँपालिका महासंघले २०७६ साल कार्तिक २९ गते पहिलो ध्यानाकर्षण पत्र र त्यसपछिको ३ बर्ष ७ महिना पछि २०८० बैशाख १६ मा दोस्रो र २०८० साउन ३० मा तेस्रो पत्र पेश गरेका छन् । उक्त पत्रका बुँदाहरु अध्ययन गर्दा समयक्रम अनुसार स्थानीय तहका माग र सरोकारहरु फेरिँदै गएको देखिन्छ

। पहिलो पत्रमा संघीय सरकार प्रति लक्षित धेरै मागहरु रहेका देखिन्छन्, जसमा जग्गा प्राप्ती तथा खरिद प्रकृया सरलीकरण, प्रशासकीय भवन निर्माणको डिजाइनमा भौगोलिक अवस्था अनुसार भिन्नता दिन पाउनुपर्ने र प्रमुख प्रशासककीय अधिकृतका लागि प्रदेश लोकसेवा आयोगबाटै योग्यता परीक्षण गरी स्थानीय तहले आफैं नियूक्त गर्न पाउनुपर्ने तर्फ प्रदेश मार्फत संघीय सरकारसँग माग गरिएको थियो । त्यसैगरी, प्रदेश सरकारका लागि राखिएका सरोकारहरुमा वार्षिक योजना तर्जुमाको मापदण्ड निर्धारण गरी दोहोरोपना हटाउने, प्रदेशको पञ्चवर्षिय योजना तर्जुमा गर्नुपर्ने, प्रदेश लोकसेवा आयोग सिघ्र गठन हुनुपर्ने, महासंघहरुलाई क्षमता विकास कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्नुपर्ने र प्रदेश समन्वय परिषद प्रभावकारी हुनुपर्ने विषयहरु उठाइएका थिए ।

तर २०८० सालसम्म आइपुग्दा स्थानीय तहका सरोकारहरु वदलिएर - प्रदेश समन्वय परिषदमा मनोनयन, प्रदेशको बजेटका प्राथमिकता निर्धारण, स्थानीयको अनुदानमा वृद्धि, आर्थिक मन्दीलाई जिल्लको लागि समन्वय र सहकार्य गर्नुपर्ने, नीति कानुन बनाउँदा महासंघसँग परामर्श छलफल गर्नुपर्ने विषय समेटिएका छन् भने नयाँ विषयको रुपमा प्रदेश र स्थानीय तहको प्रशासनिक समन्वय बढाउन प्रमुख सचिवको संयोजकत्वमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु रहेको एक प्रशासनिक संयन्त्र खडा गर्नुपर्ने प्रस्ताव रहेको छ ।

### ट. स्थानीय तहका लागि समन्वय र अन्तरसम्बन्धका आयाम र विषयक्षेत्र

यसका लागि ३ वटा नमूना स्थानीय तहहरुबाट गत आर्थिक वर्षमा भएका समन्वय तथा सञ्चारको अवस्था विश्लेषण गरिएको छ । जसमा के देखिन्छ भने उल्लेखित स्थानीय तहहरुले वर्षभरीमा ४० वटा संघीय सरकारका निकाय र कार्यालयहरुसँग समन्वय गरेका मध्ये धनगढीले २७ वटा निकायसँग, दिपायल सिलगढीले २५ वटा र कृष्णपुरले १७ वटा कार्यालयहरुसँग समन्वय गरेको अभिलेख देखिन्छ । यस अन्तर्गत सवैभन्दा धेरै धनगढीले शहरी विकास तथा भवन निर्माण विभागसँग कार्यक्रम र बजेट सम्बन्धमा र अन्य २ नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सरुवा पदस्थापन लगायतका विषयमा पत्राचार भएको छ । त्यसैगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग सामाजिक सुरक्षा भत्ता र MIS DATA सम्बन्धमा, संघीय अस्पतालहरुमा उपचार सिफारिस, राष्ट्रिय किताव खानामा सरुवा तथा सेवानिवृत्त विषयमा, श्रम तथा रोजगार मन्त्रालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम बारेमा सञ्चार भएको देखिन्छ ।

गत आर्थिक वर्षमा प्रदेशतर्फ उपरोक्त ३ वटा नगरपालिकाहरुले २२ वटा निकाय वा कार्यालयहरुसँग समन्वय गरेको देखिन्छ । यसमा धनगढी र कृष्णपुरले १७/१७ वटा र दिपायल सिलगढीले १३ वटा निकायमा सञ्चार गरेका छन् । उपरोक्तमध्ये सवैभन्दा बढी सामाजिक विकास मन्त्रालयसँग उपचार र आर्थिक सहयोगका लागि सिफारिस गरेको देखिन्छ । त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसँग सम्पत्ति विवरण, नदीजन्य पद्धार्थ लगायतका विषयमा पत्राचार गरिएका छन् । त्यसबाहेक खानेपानी डिभिजन कार्यालय, प्रदेश भौतिक पूर्वाधार मन्त्रालय, कृषि तथा मत्स्य विकास निर्देशनालयहरुमा कार्यक्रम र बजेट स्विकृतिका का लागि माग गरिएको

देखिन्छ भने प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा तालिममा सहभागीताका लागि धेरै पत्राचार भएको पाइएको छ ।

**ठ. अन्तर सम्बन्धित विषयहरु**

नेपालको संविधान बमोजिम संघ र प्रदेश तथा प्रदेश प्रदेशबीचका राजनीतिक विवाद समाधान गर्ने प्रमुख भूमिका रहेको अन्तर प्रदेश परिषद् शुरुवाती वर्षहरुमा सक्रिय देखिएको थियो । तर यो परिषद्को बैठक २०७५ सालमा ६ महिनाको बीचमा ३ पटक बसेको र त्यसपछि यता बैठक नै बस्न नसकेको देखिन्छ । त्यसले गर्दा संघ र प्रदेशबीच तथा प्रदेशहरू बीचका राजनीतिक प्रकृतिका विवादहरूले निकास पाउन नसक्ने अवस्था सिर्जना भएको छ भने अर्कोतर्फ यति लामो अवधिसम्म बैठक नै नवस्दा यस संरचनाको औचित्य माथि नै प्रश्नहरु पनि उब्जिएका छन् । यसो हुनुमा संघीय कानून वमोजिमको राष्ट्रिय समन्वय परिषदले अन्तर प्रदेश परिषदका विषयहरु कभर गर्न थालेको देखिन्छ भने तत्कालीन समयमा समन्वय र अन्तरसम्बन्ध कायम गर्ने अन्य संरचनाहरु नहुँदा अन्तर प्रदेश परिषदले परिभाषित कार्यक्षेत्र भन्दा बाहिर विकासका एजेण्डाहरु र प्रदेश तथा स्थानीय तहका समस्याहरुमा समेत छलफल गरेको देखिन्छ ।

स्थानीय तहका संघ तथा महासंघहरुले विगतदेखि उठाएका सवाल र सरोकारहरु प्रदेश समन्वय परिषदका निर्णयहरुमा प्रतिविम्वित भएको देखिन्छ । त्यसैगरी प्रदेश समन्वय परिषदका निर्णयहरु राष्ट्रिय समन्वय परिषदका निर्णयहरुमा समेत झल्किएका छन् । तथापि निर्णयहरु कार्यान्वयनमा आएको महशुस हुन सकेको छैन । निर्णयहरु कसैका लागि पनि बाध्यकारी छैनन् र कार्यान्वयन भए नभएको विषयमा प्रश्न गर्ने र सुनुवाइ गर्ने संयन्त्रको पनि अभाव देखिएको छ ।

अन्तर सरकार समन्वय ऐन २०७७ ले तहगत सरकारबिच समन्वय र सञ्चार गर्दा एकलद्धार प्रणाली अपनाउने उल्लेख गरेता पनि स्थानीय तहहरुले प्रदेश वा संघीय सरकारलाई पत्राचार गर्दा सोझै सम्बन्धित मन्त्रालयमा लेखि पठाउने अभ्यास देखिएको छ । यतिसम्म कि एउटा नगरपालिकाले त परराष्ट्र मन्त्रालयमा समेत सोझै पत्राचार गरेको अभिलेख देखिन्छ ।

त्यसैले उल्लेखित तथ्यहरुको विश्लेषणबाट के बुझ्न सकिन्छ भने तीन तहका सरकारहरुबीचको समन्वय र अन्तरसम्बन्धमा संविधान वमोजिम अघि बढ्दा आइपरेका सवालहरुको समाधानका क्रममा "प्रयोग गर्दै – अनुभव हाँसिल गर्दै – सुधार गर्दै" को मोडेलबाट अघि बढेको र उत्पन्न समस्या एवं अस्पष्टताहरुमा क्रमशः निखारपन आउँदै गएको देखिन्छ ।

## *६.२ प्रदेश तहमा अन्तर सरकार समन्वयका आगामी कार्यदिशा र सुझावहरु*

सर्वप्रथम यो अध्ययन आफैंमा पहिलो शुरुवातको रुपमा आएको छ । यस अध्ययनले दिएका निश्कर्षहरु सांकेतिक रुपमा आएका छन् र पूर्ण नहुन सक्छन् । किनकी यसमा लिइएका नमूना (स्याम्पल) पूर्ण छैनन् र

सूचना संकलनका लागि लिइएका मापदण्डहरु समेत अपर्याप्त हुन सक्छन् । तसर्थ यस विषयमा वृहत अध्ययन गरी यसका निश्कर्षहरुलाई पूर्णता दिने र सुदुरपश्चिम प्रदेशमा अन्तर सरकार समन्वयको विद्यमान अवस्था र आगामी कार्यदिशा तय गर्नुपर्ने देखिन्छ ।

अन्तर सरकार समन्वय ऐन २०७७ का व्यवस्थाले स्थानीय तहहरुका लागि अपेक्षित सहजता प्रदान गर्न नसकेको देखिन्छ । यो ऐन जारी भएपछि स्थानीय तहमा यस्ता विषयहरुमा सजिलो वा सहज भएको कसैले पनि महशुस गर्न सकेका छैनन् । तसर्थ यसका प्रावधानहरु दफाबार रुपमै थपघट गर्न साझा पहलदकमी लिनुपर्ने देखिन्छ ।

प्रदेश समन्वय परिषद कानुनद्धारा पूनसंरचना भएको सन्दर्भमा यसका बैठकहरु नियमित नभएको देखिन्छ । यसबाट विभिन्न विषयमा निर्णयहरु गरिने तर कार्यान्वयनका लागि कोही पनि जिम्मेवार नुहने अवस्था देखिन्छ । तसर्थ यसलाई कामकाजी संरचना बनाउन वर्षमा कम्तीमा २ वटा बैठक आयोजना गर्ने र निर्णयहरुको कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सचिवालयको स्थापना गरी त्यसबाट स्थानीय तहरुका लागि Facilitation Center र गुनासो सुनुवाइ केन्द्रको भूमिका समेत निर्वाह गर्नुपर्ने देखिन्छ ।

प्रदेश समन्वय परिषदका निर्णयमा शुरुवात देखि उठेको विषय जिल्ला समन्वय समितिलाई भूमिका थप गर्ने विषय र जिसस महासंघले उठाएका मागहरु आपसमा बाझीएको देखिन्छ । प्रदेश सरकारले संविधानकै भावना वमोजिम जिससलाई आफ्ना कार्य-जिम्मेवारी अन्तर्गतका विषयहरु कानुन संसोधन गरी निक्षेपण गर्न सकेमा जिल्ला सदरमुकाममा रहेको विद्यमान भौतिक स्रोतसाधन र संस्थाको अधिकतम उपयोग हुने र स्थानीय तहहरुसँगको इन्गेजमेन्ट पनि थप बलियो हुने देखिन्छ । कानुन वमोजिम कामहरु निक्षेपण गर्दा बजेट र जनशक्ति व्यवस्थापनमा समेत टेवा प्रदान गरेमा कतिपय नयाँ कार्यालय स्थापना र सञ्चालन गर्दा लाग्ने खर्च जोगाउन सकिन्छ ।

प्रदेश सरकारले हालसम्म तर्जमा गरेका कानूनहरु हेर्दा पर्याप्त संख्यामा तर्जुमा भएको देखिन्छ तर कतिपय स्थानीय तहका लागि दायित्व सृजना हुने विषयहरुको प्रचारप्रसार हुन सकेको छैन । संघीय सरकारसँग दोहोरिएका कानुनहरुले गर्दा कानूनपालक नागरिक र निकायहरुलाई अन्यौलता सिर्जना गरेको देखिन्छ । तसर्थ दुबै तहबाट एकै विषयका कानून जारी गर्नुपर्ने हो वा होइन भनेर एकीन हुनुपर्दछ । यतिमात्र होइन, प्रदेश कानूनमा रहेका स्थानीय तह र आमनागरिकले पालना गर्नुपर्ने प्रावधानहरुका सन्दर्भमा समेत सचेतना अभियान चलाउनु सान्दर्भिक देखिन्छ ।

संघीय तहमा विषयगत समितिको अवधारणा भएजस्तै प्रदेश स्तरमा समेत विषयगत समितिको सान्दर्भिकता देखिएको छ । प्रदेश सचिव स्तरीय बैठक, प्रदेश मन्त्रिपरिषद बैठक र प्रदेश समन्वय परिषद बैठकहरुमा समेत योजना तर्जुमा र बजेट तथा कार्यक्रम कार्यान्वयनमा दोहोरोपना अन्त्य गर्ने विषय यत्रतत्र उठाइएको छ । तर यसलाई प्रदेश स्तरमा ग्यारेन्टी गर्नको लागि पनि विषयगत् समितिको आवश्यकता देखिन्छ । जसले गर्दा प्रदेशका योजना र स्थानीय तहका योजना सम्बन्धमा विस्तारमा अग्रिम सूचना आदानप्रदान हुनेछ र

डुप्लिकेशन न्यून हुनेछ । प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने योजनाहरू बीच सामञ्जस्यता कायम गर्ने सम्बन्धी मापदण्ड तर्जुमा गर्ने बारम्बारको निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनु जरुरी छ ।

स्थानीय तह महासंघहरुले उठाएको प्रशासनिक समन्वय संयन्त्र पनि सान्दर्भिक देखिएको छ । स्थानीय तहको प्रशासनिक नियन्त्रणमा प्रदेशको भूमिका बढिरहेको र संघीय कानुन र मार्गदर्शनहरुको कार्यान्वयनमा एकरुपता ल्याउने सन्दर्भमा यस संयन्त्रले काम गर्न सक्छ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भएता पनि प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको वृत्ति विकासमा निजामती ऐनमा नै प्रतिष्ठानको सेवाप्रवेश र सेवाकालीन तालिम लिनुपर्ने अनिवार्य व्यवस्था जरुरी देखिन्छ । जसले गर्दा प्रदेश लोकसेवा आयोग र प्रतिष्ठानको सञ्चार सम्बन्ध स्थापित हुनेछ ।

स्थानीय सेवाको गठन र सेवा शर्तको व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमा गर्न प्रदेश मन्त्रीपरिषदबाट सैद्धान्तिक सहमति प्रदान गरेको १ वर्ष भन्दा बढी अवधिमा यो कार्य टुगिन सकेको छैन । यसले गर्दा स्थानीय तहको प्रशासनिक व्यवस्थापनमा असन्तुलन आउने र कर्मचारी संरचनामा निराशा बढ्न सक्ने हुँदा यस सम्बन्धी कानुन यथाशिघ्र तर्जुमा गर्नुपर्ने देखिन्छ ।

# अनुसूचीहरु

## *अनुसूची १: स्थानीय जनप्रतिनिधिसँग विषयकेन्द्रित छलफलको चेकलिष्ट*

**१. स्थानीय तहहरुबाट प्राप्त गरिने सूचना तथा कागजातहरु**

- प्रदेश सरकारलाइ सहयोग तथा समन्वयका लागि गत आर्थिक वर्षमा गरिएका पत्राचारहरु
- संघीय सरकारलाइ गत आर्थिक वर्षमा सहयोग तथा समन्वयका लागि गरिएका पत्राचारहरु

**२. स्थानीय तहका संघ महासंघहरुबाट प्रदेश सरकारसँग भएका पत्राचार**

- नेपाल नगरपालिका संघबाट प्रदेश सरकारलाइ बुझाइएका माग, ध्यानाकर्षण तथा ज्ञापन पत्रहरु
- गाउँपालिका महासंघबाट प्रदेश सरकार समक्ष पेश भएका माग, ध्यानाकर्षण र ज्ञापनपत्रहरु
- जिसस महासंघबाट प्रदेश सरकारलाइ ध्यानाकर्षण गराइएका पत्राचारहरु

**३. समन्वयकारी निकायका निर्णयहरुको तुलनात्मक विश्लेषण**

१. प्रदेश समन्वय परिषदका निर्णयहरु

२. अन्तर प्रदेश वित्त परिषदका निर्णयहरु

३. राष्ट्रिय समन्वय परिषदका निर्णयहरु

४. प्रदेश सरकारबाट गठित विभिन्न संस्था र संयन्त्रहरुमा स्थानीय तहहरुको प्रतिनिधित्व

**४. ब्यक्तिगत अन्तरक्रिया तथा छलफलका लागि**

१. मूख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रतिनिधिसँग

- संघीय सरकारसँगको समन्वयमा देखिएका समस्याहरु
- संघीय सरकारसँगको सम्बन्धमा आएका सुधार र फेरबदल
- स्थानीय तहसँग समन्वय र सहकार्यका मूख्य सवालहरु
- राजश्व असुली र बाँडफाँडमा कुनै समस्या भएमा
- बजेट तथा कार्यक्रममा देखिएका अन्तर तह डुप्लीकेसन सम्बन्धमा

२. नमूनाको रुपमा छानिएका स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा अधिकृत कर्मचारीसँग

- प्रदेश सरकारबाट बजेट र कार्यक्रम तर्जुमा कार्यमा भइरहेको समन्वय

- जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारबाट हुनुपर्ने सहजीकरण
- संघीय सरकारबाट संविधान र कानुन वमोजिम हुनुपर्ने समन्वयमा रहेका समस्याहरु
- तत्काल गर्नुपर्ने कार्यहरु जसबाट स्थानीय तहले प्रदेशको भूमिका महशुस गर्न सकुन्
- पत्राचार मार्फत सोधि पठाएका विषयहरुको समयवद्ध रेस्पोन्स प्राप्ति

३. स्थानीय तह महासंघका प्रदेश कार्यसमितिका प्रतिनिधिसँग

- मुख्यमन्त्री कार्यालयमा हालसम्म पेश भएका ध्यानाकर्षण वा माग मध्ये कति सम्बोधन भए ?
- मुख्यमन्त्री वा सरकारका प्रतिनिधिहरुबाट दिइएका आश्वासन कार्यान्वयन भए वा भएनन् ?
- आगामी दिनमा प्रदेश सरकारसँगको अन्तर सम्बन्ध कसरी ब्यवस्थित हुनुपर्ला ?

# अनुसूची २: स्थानीय तहमा फिल्ड तथ्यांक संकलनका झलकहरु

| | |
|---|---|
|  | स्थानीय तहको समन्वय तथा सञ्चार सम्बन्धी सूचना एवं तथ्यांक संकलनको क्रममा दिपायल सिलगढी नगरपालिका, डोटी |
|  | स्थानीय तहको समन्वय तथा सञ्चार मस्बन्धी सूचना एवं तथ्यांक संकलनको क्रममा धनगढी उपमहानगरपिलका कार्यालयको दर्ता चलानी शाखामा |

## *अनुसूची ३: राष्ट्रिय समन्वय परिषदका निर्णयहरु*

राष्ट्रिय समन्वय परिषद्को मिति २०८० असार १६ गते बसेको पहिलो बैठकका निर्णयहरू

निर्णय नम्बर १. राष्ट्रिय समन्वय परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि पारित गर्ने सम्बन्धमा,

संघ, प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १६ को उपदफा (७) बमोजिम राष्ट्रिय समन्वय परिषद्को बैठकलाई व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय समन्वय परिषद्को सचिवालयले तयार गरी पेश गरेको बैठक संचालन सम्बन्धी कार्यविधिको मस्यौदा उपर छलफल गरी संलग्न " राष्ट्रिय समन्वय परिषद्को बैठक(सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८०" पारित गर्ने।

निर्णय नम्बर २. कार्यान्वयनमा देखिएको अस्पष्टता र दोहोरोपना हटाउने सम्बन्धमा,

(क) कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने,

कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रादेशिक समन्वय हेर्ने सचिवको संयोजकत्वमा देहायबमोजिमको कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समिति गठन गर्ने। उक्त समितिले ६ महिनाभित्र कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदा तयार गरी राष्ट्रिय समन्वय परिषद्मा पेश गर्ने। यस प्रकृयामा सचिवालयले आवश्यकता अनुसार विज्ञको समेत सहयोग लिने ।

कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समिति

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रादेशिक समन्वय हेर्ने सचिव | - संयोजक |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव | - सदस्य |
| अर्थ मन्त्रालयका सचिव | - सदस्य |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव | - सदस्य |
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव | - सदस्य |
| राष्ट्रिय योजना आयोगका सचिव | - सदस्य |
| संयोजकले तोकेको कुनै एक प्रदेशको प्रमुख सचिव | - सदस्य |
| भीम प्रसाद ढुङ्गाना, नगर प्रमुख, निलकण्ठ नगरपालिका, धादिङ | - सदस्य |
| लक्ष्मी देवी पाण्डे, अध्यक्ष, हुप्सेकोट गाउँपालिका, नवलपरासी(सुस्ता पूर्व) | - सदस्य |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रादेशिक समन्वय हेर्ने सहसचिव | - सदस्य सचिव |

(ख) तीनै तहवाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने,

तीन तहवाट विभिन्न संघसंस्था एवं एकै प्रकृतिका कार्यक्रमका लागि विनियोजन भएको अनुदानको अध्ययन गरी कुन शिर्षकमा के र कति रकम सम्म अनुदान कुन तहले प्रदान गर्ने भन्ने सम्वन्धमा एक महिना भित्र सुझाव तयार गरी नेपाल सरकारका मुख्य सचिवमार्फत राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पेश गर्न राष्ट्रिय योजना आयोगका सचिवको

सिफारिस गर्न राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा देहाय वमोजिम समिति गठन गर्ने ।

एकिकृत अभिलेख प्रणाली सिफारिस समिति

| | |
|---|---|
| राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख | -संयोजक |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका नतिजा व्यवस्थापन महाशाखा प्रमुख | -सदस्य |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव | -सदस्य |
| महालेखा नियन्त्रक कार्यालयका सहसचिव | -सदस्य |
| सम्बन्धित विषय हेर्ने प्रदेश मन्त्रालयका सचिव | -सदस्य |
| राष्ट्रिय तथ्यांक कार्यालयका सहसचिव | -सदस्य सचिव |

निर्णय नम्बर ६, जग्गा प्राप्ति सहजताको विषय सम्बन्धमा,

प्रदेश सरकार तथा स्थानीय तहले पूर्वाधार निर्माण गर्दा आवश्यक पर्ने जग्गाको प्राप्ति सम्बन्धी प्रक्रिया सहजताका साथ टुङ्गीने गरी कानूनमा परिमार्जनको कार्य सम्बन्धित संघीय मन्त्रालयले अगाडी बढाउने ।

## *अनुसूची ४: अन्तर सरकार वित्त परिषदका निर्णयहरु*

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| पहिलो | १ | अन्तर सरकारी वित्त परिषद्को बैठक संचालन कार्यविधि, २०७५ को मस्यौदा परिमार्जन सहित पारित गर्ने । |
| | २ | अन्तर सरकारी वित्त परिषदको बैठकमा उठेका प्रदेश र स्थानीय तहको अधिकार सूचिमा दोहोरो परेका करहरुको विषयमा आपसी समन्वयका आधारमा कर लगाउने । |
| | ३ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐनहरु दफाहरुमा देखिएका अन्तर विरोधहरुमा एकरुपता ल्याउन आवश्यक पहल गर्ने |
| | ४ | नेपाल सरकार, प्रदेश र स्थानीय तहमा वित्तीय संघीयता कार्यान्वयनका लागि अत्यावश्यक संगठन संरचना, कर्मचारी व्यवस्थापन र राजस्व संकलन प्रकृयाको व्यवस्थापन छिट्टै कार्यान्वयनमा ल्याउन आवश्यक पहल गर्ने । |
| दोस्रो | १ | विगत आर्थिक वर्षहरुमा बजेट प्रणालीमा प्रविष्ट भई नेपाल सरकारको सम्बन्धित निकायबाट वहुवर्षिय ठेक्का लागेका आयोजनाहरुको अवस्था, आर्थिक दायित्व र कार्यसम्पन्न हुने अवधि समेतको परीक्षण गरी प्राथमिकताका आधारमा समयमै सम्पन्न गर्न आवश्यक रकमका लागि बजेट अनुशासनको परिधिभित्र रही खर्च गर्ने गरी नेपाल सरकारले स्रोतको प्रत्याभूति गर्ने । यसका लागि प्रदेश तहमा हस्तान्तरण भएका आयोजनाहरुका लागि चालु वर्षको लागि नपुग हुने रकम आयोजनागत्रुपमा एकीन गरी सम्बन्धित विषयगत मन्त्रालयहरुले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने र सोको आधारमा नेपाल सरकार, अर्थ मत्रालयले प्रदेश तथा स्थानीय तहमा सशर्त हस्तान्तरण भएका तर विगतमा ठेक्कापट्टा नभएका आयोजनाहरुलाई प्रदेशबाट पूनः प्राथमिकीकरण गरी संघ तथा प्रदेशको समन्वयमा स्रोतको व्यवस्थापन गरी सम्पन्न गर्ने । |
| | २ | संघ, प्रदेश र स्थानीय तहको स्वामित्वमा रहेका आयोजनाहरु कार्यान्वयन गर्न विद्यमान संरचना र जनशक्तिको कारणले कठिनाई भएको र विशेषतः प्रदेशमा सडक आयोजनाहरु हस्तान्तरण भएका तर संरचना तथा जनशक्ति हस्तान्तरण नभएको समस्याहरुलाई तत्काल सम्बोधन गर्न र चालु वर्षको बजेट कार्यान्वयनमा सहजता ल्याउने यो आर्थिक वर्षका लागि आ-आफ्नो तहमा रहेका आयोजना/कार्यक्रमहरु आपसी सहमतिमामात्र अर्को तहको संरचनालाई अख्तियारी दिई कार्यान्वयन गराउन सकिने भएकोले सोहो बमोजिम गर्ने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | ३ | बजेट तर्जुमा पछि संगठन संरचनामा भएको परिवर्तन, दातृ निकायहरुबाट भएको अनुरोध, उनीहरुसँग भएका विगतका सम्झौता लगायतका कारणहरुबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएक सशर्त अनुदान र कार्यक्रममा विषयगत मन्त्रालयहरुको अनुरोधमा LMBIS मा संशोधन गर्न परेकोमा प्रदेश तथा स्थानीय तहको बजेट तर्जुमा भइसकेपछि भएका यी संशोधनहरुलाई तत्काल ती ती तहको बजेटमा समाविष्ट गर्न सम्भव नहुने हुँदा संशोधन अनुरुप तत्काल कार्यान्वयन गर्दै जाने । यस्तो संशोधन सबै मन्त्रालयहरुले पुस मसान्तभित्र गरिसक्ने र आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा व्यवस्थापिका (संघीय संसद/प्रदेश सभा/गाउँसभा/नगरसभा) मा पेश गर्ने गरी संक्रमणकालीन व्यवस्थापन गर्ने । |
| | ४ | वैदेशिक सहायतामा सञ्चालित हस्तान्तरण भएका आयोजनाहरु सञ्चालनमा प्रक्रियागत जटिलताहरु देखिएको सन्दर्भमा दातृ निकायहरुको चासो समेतलाई विचार गरी नेपाल सरकारले सञ्चालन गर्न आवश्यक देखिएमा सोही अनुरुप गर्ने र आगामी वर्षहरुमा तहगत अधिकार सूची अनुरुप सम्बद्ध दातृ निकायसँग सम्झौता गर्ने व्यवस्था मिलाउने । |
| | ५ | नेपाल सरकारले प्रदेश र स्थानीय तहको स्वीकृत संरचना बमोजिम आवश्यक गर्ने जनशक्ति प्राथमिकताको आधारमा अविलम्व पूर्ति गर्नुपर्ने विषयमा छलफल भयो । तत्काल दरवन्दी बमोजिम आयोजना कार्यान्वयन गर्ने निर्माणसँग सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध हुन नसक्ने भएमा स्थायी पदपूर्ति भएपछि स्वतः हट्ने गरी ती प्राविधिक पदहरुमा करारमा नियुक्ति गर्न गराउने व्यवस्था मिलाउन सकिने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहजीकरण गर्ने । |
| | ६ | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने विषयगत कार्यालयहरु सम्पूर्ण रुपमा हस्तान्तरण नभैसकेको र हस्तान्तरण भएकाको पनि सम्बन्धित तहमा जानकारी प्राप्त नभएको हुँदा सम्बन्धित संघीय मन्त्रालयले यथाशिघ्र त्यस्ता विषयगत कार्यालयहरु हस्तान्तरण गरी सक्ने र विगतदेखि सञ्चालनमा रहेका क्रमागत आयोजनाहरु तथा संगठन संरचना संघबाट प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्दा तिनको भौतिक र वित्तीय परिक्षण गरेर मात्र संघीय विषयगत मन्त्रालयहरुले हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । |
| | ७ | नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका आयोजना वा संरचना संक्रमणकालीन व्यवस्थापनका लागि संघमा फिर्ता गर्नु पर्दा सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहमतीमा मात्र फिर्ता गर्ने व्यवस्था मिलाउने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | ८ | प्रदेशहरुले आफ्नो प्रदेश भित्रका स्थानीय तहमा हस्तान्तरण गर्नु पर्ने संरचना, कार्यक्रम वा बजेट समयमै तत् तत् स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । |
| | ९ | प्रदेश र स्थानीय तहले लगाएको करका सम्बन्धमा देखिएका विवादहरु निरुपण गर्न नेपाल सरकारले हालै गठन गरेको कर विवाद समाधान सुझाव समितिले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने । |
| | १० | प्रदेश तथा स्थानीय तहले कानून बमोजिम उठाउन पाउने ऋणको व्यवस्थापनका लागि आवश्यक कानूनी प्रक्रिया पूरा गरी सो को कार्यविधि तयार गरी अर्थ मन्त्रालयले सम्बन्धित तहमा पठाउने । |
| | ११ | प्रदेश सरकारले नेपाल सरकारको स्विकृतिमा परिचालन गर्न पाउने वैदेशिक सहायताको लागि आवश्यक कार्यविधिको नमूना अर्थ मन्त्रालयले तयार गरी सवै प्रदेशमा यथाशीघ्र पठाउने । |
| | १२ | नेपाल सरकार, प्रदेश र स्थानीय तहमा हाल प्रयोगमा रहेको बजेट तथा लेखा प्रणालीसम्बन्धी Software मा आवश्यक परिमार्जन गरी आगामी आर्थिक वर्षदेखि सवै तहको बजेट, खर्च र प्रतिवेदन प्रणालीकाबीच अन्तरआवद्धता कायम गर्ने । |
| | १३ | संघ, प्रदेश र स्थानीय तहमा विभाजन हुने राजस्व रकम विभाज्य कोष मार्फत तत् तत् प्रदेश र स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण हुने व्यवस्था मिलाइसकिएको व्यहोरा जानकारी भयो । महालेखा नियन्त्रक कार्यालयले यस्तो हस्तान्तरण स्वचालित प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने । |
| | १४ | देशभित्र हुने सवै प्रकारको खरिद प्रक्रियामा एकरुपता ल्याउन यथाशीघ्र नेपाल सरकारले सार्वजनिक खरिदको नमूना कानून तर्जुमा गरी प्रदेश र स्थानीय तहमा उपलब्ध गराउने । |
| | १५ | स्थानीय तहको कार्यालय भवन निर्माण गर्ने प्रयोजनाका लागि उक्त तहको केन्द्र रहेको स्थानमा उपलब्ध हुने सार्वजनिक जग्गा मध्ये भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा तत् तत् तहलाई उपलब्ध गराउन विषयगत मन्त्रालय मार्फत आवश्यक व्यवस्था मिलाउने । |
| | १६ | नेपाल सरकारले हालै स्वीकृत गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजना/कार्यक्रम पेश गर्ने मंसिर मसान्तसम्मको समयावधि २०७५ पौष मसान्तसम्म कायम गर्ने गरी अर्थ मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | १७ | हालसम्म बजेट पेश नगरेका र पारित नगरेका स्थानीय तहहरुलाई यथाशिघ्र कानून बमोजिम बजेट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था गर्न संघ तथा प्रदेशको सम्बन्धित मन्त्रालयबाट तत्काल समन्वय गर्ने र बजेट पारित भएको कागजात प्राप्त गरेपछि मात्र बाँकी अनुदानहरु उपलब्ध गराउने । |
| | १८ | नेपाल सरकारले वित्त व्यवस्थापन सम्बन्धी बाँकी कानूनी व्यवस्था यथाशिघ्र टुङ्गो लगाए पछि प्रदेश तथा स्थानीय तहले तदनुकूल सामान्जस्य हुने गरी कानूनी व्यवस्था गर्ने । साथै एक आपसमा बाझिएका वित्त सम्बन्धी संघीय कानून संशोधन गर्ने प्रक्रिया सम्पन्न गर्ने । |
| | १९ | नेपाल सरकारको विशेष पहलमा हालसम्म ६७८ स्थानीय तहमा बैकिङ्ग सुविधा पुऱ्याएकोमा बाँकी ७५ स्थानीय तहमा सरकारी कारोवार गर्ने बैंकहरु अझै स्थापना नभएको कारण सञ्चित कोष सञ्चालन, राजस्व दाखिला एवम् खर्च प्रणाली व्यवस्थापनमा समस्या रहेकोले बाँकी स्थानीय तहमा छिट्टै सरकारी कारोवार गर्ने बैंकहरु स्थापना गर्न पहल गर्ने । |
| | २० | साविकका कतिपय संगठन संरचनाहरुमा फेरवदल भएको, खारेज भएको एवं नयाँ कायम भएकोले विगतदेखि तत् तत् निकायहरुले राखेका सरकारी सम्पत्ति श्रेस्ता एवं अन्य सरकारी अभिलेखको संरक्षण गर्ने व्यवस्था मिलाउने । साथै विगतको खर्चको लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी समेत सम्बन्धित लेखाउत्तरदायी अधिकारीहरुले मिलाउने प्रवन्ध गर्ने । |
| तेस्रो | १ | वित्तीय संघीयता कार्यान्वयनका सन्दर्भमा श्रोत व्यवस्थापन लगायतका क्षेत्रहरुमा देखिएका समस्याहरु र हालसम्मको अनुभवका आधारमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनमा पुनरावलोकन गरी आवश्यक संशोधनको प्रक्रिया अर्थ मन्त्रालयले अघि वढाउने । |
| | २ | नेपाल सरकारको बजेट प्रस्तुत भइसकेपछि प्रदेश र स्थानीय तहले छोटो अवधिमा नै सभा समक्ष बजेट पेश गर्नु पर्ने सन्दर्भमा बजेट प्रस्तुत गर्ने समय पुनरावलोकन गरी आगामी संघीय बजेटसाथ पेश हुने आर्थिक ऐन मार्फत सम्बोधन गर्ने । |
| | ३ | संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने आयोजना तथा कार्यक्रमको मापदण्ड निर्धारण सम्बन्धी कार्य राष्ट्रिय योजना आयोगले यथासिघ्र सम्पन्न गर्ने र आगामी आर्थिक वर्षको बजेट तर्जुमा र वित्तीय हस्तान्तरण सोहि मापदण्डका आधारमा गर्ने व्यवस्था मिलाउने । |
| | ४ | प्रदेश र स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई चालू आर्थिक वर्षमा संचालनमा रहेका खानेपानी, सिंचाई र सडक जस्ता आयोजनाहरु केही रकम थप निकासा दिएर यसै आर्थिक वर्षमा सम्पन्न गर्न सकिने भएमा दायित्व रकम र श्रोतको अवस्था हेरी अर्थ मन्त्रालयले त्यस्ता |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | | आयोजनाहरुका लागि आयोजना किटान गरी थप निकासा प्रदान गर्ने व्यवस्था मिलाउने । यस्तो निकासा गर्दा खानेपानी आयोजनाहरुलाई प्राथमिकता दिने । |
| | ५ | संघ, प्रदेश र स्थानीय तहको बजेट पारित भई सकेपछि नेपाल सरकारको बजेटका आयोजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहवाट कार्यान्वयन गर्न उपयुक्त भई सोही तहमा हस्तान्तरण भएको र प्रदेश तथा स्थानीय तहको बजेटका आयोजना तथा कार्यक्रम संघीय सरकारका निकायवाट कार्यान्वयन गर्न उपयुक्त भई संघीय सरकारमा फिर्ता भएको सन्दर्भमा उक्त आयोजना तथा कार्यक्रमको रकम आ आफ्नो वजेटमा थपघट गरी आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा व्यवस्थापिका (सभा) मा पेश गरी अनुमोदन गराउने । |
| | ६ | चालु आर्थिक वर्षमा सशर्त अनुदान अन्तरगत हस्तान्तरण भएका आयोजनाहरु मध्ये विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार भइनसकेका र ठेक्का पट्टा संझौता भई दायित्व श्रृजना नभएका आयोजना/कार्यक्रमहरुको कार्यान्वयन स्थगित गरी अन्य आयोजना/कार्यक्रमहरु प्रदेश र स्थानीय तहले प्राथमिकीकरण गरी संचालन गर्न सक्ने । |
| | ७ | आयोजना/कार्यक्रम द्रुत गतिमा कार्यान्वयनमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुकुल नभएको महसुस गरी सो ऐन तथा नियमावलीमा समसामयिक संशोधन गर्ने कार्य सिघ्र अघि वढाउन सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गर्ने । |
| | ८ | प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने वैदेशिक सहायतामा संचालन हुने आयोजना/कार्यक्रमको कार्यान्वयन, लेखांकन, प्रतिवेदन, सोधभर्ना सम्वन्धी विवरण पठाउने लगायतका विषयमा स्पष्ट कार्यविधि तयार गरी पठाउन सम्वन्धित विषयगत मन्त्रालयलाई लेखि पठाउने । सोधभर्नाका लागि खर्चको विवरण लगायतका प्रतिवेदन प्रदेश र स्थानीय तहले नियमित रुपमा पठाउने र सोको अनुगमन प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले गर्ने व्यवस्था मिलाउने । |
| | ९ | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन र प्रदेश वित्त व्यवस्थान ऐनमा गरिएको व्यवस्था अनुरुप स्थानीय तहबाट संकलन गरी प्रदेश र स्थानीय तहवीच बाँडफाँट हुने मनोरञ्जन कर, विज्ञापन कर र नदिजन्य पदार्थको शुल्क बाँडफाँटका लागि सवै स्थानीय तहले स्थानीय विभाज्य कोष खाता खोली रकम जम्मा गर्नुपर्नेमा सो कार्य प्रभावकारी नभएको देखिएको विषयमा छलफल हुँदा चालु आर्थिक वर्षको २०७५ चैत्र मसान्त सम्म स्थानीय तहले प्रदेश सरकारमा पठाउन पर्ने रकम प्रदेश संचित कोषमा दाखिला गर्ने प्रबन्ध मिलाउने । तत्पश्चात सबै स्थानीय तहले विभाज्य कोष खाता खोली रकम जम्मा गर्ने र कानून |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | | बमोजिम बाँडफाँट गर्ने प्रबन्ध मिलाउने । यसका लागि संघीय मामिला मन्त्रालय मार्फत परिपत्र गरी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट अनुगमन गर्ने व्यवस्था मिलाउने । |
| | १० | आर्थिक ऐन २०७५ मा गरिएको कर सम्वन्धी अन्तरिम प्रशासनिक व्यवस्था अनुरुप यातायात व्यवस्था कार्यालयहरुवाट संकलन भई राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System -RMIS) मार्फत संकलन भई रहेको प्रदेश सरकार र स्थानीय तहवीच वाँडफाँट हुने सवारी साधन करको रकम उक्त प्रणालीवाट प्रदेश विभाज्य कोषमा हालसम्म ट्रान्सफर नभएको विषय उठेको सन्दर्भमा महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र वैंकले यातायात व्यवस्था कार्यालयसँग समन्वय गरी २०७६ वैशाख मसान्त सम्ममा ट्रान्सफर गर्ने व्यवस्था मिलाउने । |
| | ११ | आर्थिक ऐन २०७५ मा गरिएको कर सम्वन्धी अन्तरिम प्रशासनिक व्यवस्था अनुरुप मालपोत कार्यालयहरुवाट संकलन भई प्रदेश र सम्वन्धित स्थानीय तहमा पठाउनु पर्ने घर जग्गा रजिष्ट्रेशन शुल्कको रकम सवै मालपोत कार्यालयले नपठाएको विषय उठेको सन्दर्भमा सो रकम मासिक रुपमा पठाउने व्यवस्था गर्न गराउन भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई लेखी पठाउने । सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सो को अनुगमन गर्ने व्यवस्था मिलाउने । |
| | १२ | प्रदेश र स्थानीय तहको बजेट तर्जुमा,लेखांकन र प्रतिवेदनका लागि तयार गरिएका PLMBIS र SuTRA जस्ता प्रणालीहरुलाई यथासिघ्र अन्तिम रुप दिई सो विषयमा प्रदेश र स्थानीय तहमा क्षमता विकास गर्न अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट आवश्यक पहल गर्ने । आगामी आर्थिक वर्षको वजेट वनाउँदा प्रदेश र स्थानीय तहले पनि मध्यमकालिन खर्च संरचना अनुरुप गर्नुपर्ने भएकोले सो तयारीको क्षमता विकासका लागि राष्ट्रिय योजना आयोगले आवश्यक सहजीकरण गर्ने । |
| | १३ | प्रदेश र स्थानीय तहबाट संचालन हुने आयोजना कार्यक्रमहरुको वातावरण प्रभाव मूल्याङ्कन (EIA) गर्ने कार्य सम्पादन गर्न संघीय सरकारको केन्द्रिय निकायसम्म आउनु पर्ने विद्यमान व्यवस्थामा परिमार्जन गरी प्रदेश र स्थानीय तहमा कार्यरत संघीय सरकारको विषयगत मन्त्रालयको इकाई कार्यालयबाट यस्तो कार्य सम्पादन हुने व्यवस्था मिलाउन सम्वन्धित विषयगत मन्त्रालयलाई अनुरोध गर्ने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | १४ | नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम प्रदेश र स्थानीय तहबाट परिचालन हुने वैदेशिक सहायता र आन्तिरक ऋण परिचालनसम्बन्धी कार्यविधि अर्थ मन्त्रालयले यथाशीघ्र तयार गरी पठाउने । |
| | १५ | समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रदेश र स्थानीय तहले आगामी आर्थिक वर्षको लागि २०७५ पौष मसान्त सम्म माग प्रस्ताव गर्नु पर्नेमा चालु वर्षकै कार्यक्रमहरु स्वीकृतिमा ढिलाई भएकोले प्रदेश र स्थानीय तहबाट आगामी आर्थिक वर्षको अर्थ मन्त्रालय लागि प्रस्ताव पेश गर्न उपरोक्त कार्यविधिमा संसोधन गरी अनुदान रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । |
| | १६ | आगामी आर्थिक वर्ष देखि सशर्त अनुदानमा संचालन हुने नयाँ आयोजनाहरुका सन्दर्भमा प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने व्यवस्था मिलाउने । |
| | १७ | प्रदेश र स्थानीय तह भित्र स्थापना भएका विभिन्न उद्योग तथा कल कारखानाहरुका कारण हुने प्रदुषण वापत प्रदेश र स्थानीय तहले शुल्क लगाउन पाउनु पर्ने विषय उठेको सम्वन्धमा विस्तृत अध्ययन गर्ने । |
| | १८ | कर्मचारी समायोजन पश्चात समेत प्रदेश र स्थानीय तहमा ठुलो संख्यामा जनशक्तिको अभाव भएकोले पदपूर्ति हुनु पर्ने वा करारमा भर्ना गर्न पाउनु पर्ने विषय उठेको सन्दर्भमा यो विषय अन्तर प्रदेश परिषदको कार्य क्षेत्र भित्र पर्ने भएकोले अन्तर प्रदेश परिषदको आगामी वैठकमा पेश गर्ने । |
| | १९ | प्रदेश र स्थानीय तहवाट संचालन हुने आयोजनाहरुका लागि आवश्यक जग्गा प्राप्त गर्न संघीय सरकारबाट अनुमति दिन ढिलाइ हुने हुँदा आयोजनाहरुको कार्यान्वयनमा समस्या परेको विषय उठेकोमा यसलाई समेत आगामी अन्तर प्रदेश परिषद् वैठकमा पेश गरी समाधान निकाल्ने । |
| | २० | सशर्त अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रम हस्तान्तरण भएको तर तलव भत्ता र प्रशासनिक खर्च हस्तान्तरण नभएको साथै हस्तान्तरित कार्यालयका कर्मचारीहरुको तलव भत्ता रकम अपुग भएको सम्वन्धमा अर्थ मन्त्रालयले सम्वन्धित विषयगत मन्त्रालयहरुसँग समन्वय गरी अपुग हुने देखिएको रकम सम्वन्धित निकायलाई पठाउने व्यवस्था मिलाउने । |
| | २१ | हिमाली जिल्लाहरुमा संचालन हुने आयोजना/कार्यक्रमहरुको कार्यान्वयन गर्ने समयावधि वढाउने र फ्रिज नहुने व्यवस्था गर्ने सम्वन्धमा कानुनी पक्षका साथै कार्यान्वयन उपयुक्तताको विषयमा आवश्यक अध्ययन गरी निर्णय गर्ने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | २२ | प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने कार्यक्रम तथा योजना हस्तान्तरण तथा बरबुझारथ नहुँदा बजेट तथा कार्यक्रम व्यवस्थापनमा कठिनाइ भएकोले सम्बन्धित विषयगत मन्त्रालयहरुले सो काम यथाशिघ्र गर्ने । |
| | २३ | स्थानीय तहले संकलन गर्ने र प्रदेशमा समेत बाँडफाँट हुने ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तरबाट उठ्ने राजस्व लगाउने र प्राप्त गर्ने सम्बन्धमा अन्यौलता भई ठूलो मात्रामा राजस्व गुमेको विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्पष्ट गरी पठाउने । |
| | २४ | आर्थिक वर्ष २०७५/०७६ का समपुरक र विशेष अनुदानका आयोजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी वहुवर्षीय ठेक्का गर्ने व्यवस्था मिलाउने विषय उठेकोमा विद्यमान कानूनी व्यवस्था, वित्तीय प्रतिवेदन प्रणाली समेतलाई ध्यानमा राखी के गर्न सकिन्छ, अध्ययन गर्ने । |
| चौथो | १ | सशर्त अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहमा हस्तान्तरण भई हाल संचालनमा रहेका अधुरा आयोजनाहरु यथाशक्य चाँडो सम्पन्न गर्न त्यस्ता आयोजनाहरुको एकिकृत र यथार्थ तथ्याङ्क तयार गरी ती आयोजनाहरु सम्पन्न गर्न नपुग हुने रकमको विवरण प्रदेश र स्थानीय तहले सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने र प्राप्त विवरण र कार्यप्रगतिको आधारमा दोहोरो नपर्ने गरी उपलब्ध स्रोतको सीमा भित्र रही थप रकम निकासा गर्ने । |
| | २ | वित्तीय संघीयता कार्यान्वयनको सिलसिलामा संघ, प्रदेश र स्थानीय तहबाट परिचालन हुने राजस्व, संघबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व, प्रदेशबाट स्थानीय तहमा बाँडफाँट हुने राजस्व, वित्तीय हस्तान्तरण, बजेट तर्जुमा, खर्च लेखांङ्कन र प्रतिवेदन र बजेट प्रस्तुत गर्ने समयका सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक संशोधन गर्न समिति गठन भईसकेको सन्दर्भमा प्रदेश र स्थानीय तहको सुझाव समेतका आधारमा उक्त ऐनको संशोधन मस्यौदा यथाशीघ्र तयार गर्ने । |
| | ३ | गत आर्थिक वर्ष २०७५/७६ मा समपुरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रम समयमा छनौट नहुँदा आयोजना कार्यक्रम सम्पन्न गर्न नसकिएको सन्दर्भमा चालु आर्थिक वर्षमा समपुरक र विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम छनौट गर्ने कार्य पहिलो चौमासिक भित्र सम्पन्न गर्ने व्यवस्था अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले मिलाउने । |
| | ४ | गत आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट छनौट भएका समपुरक र विशेष अनुदानमा संचालित आयोजनाहरुको कार्यान्वयन समय अभावका कारण सम्पन्न हुन नसकेको सन्दर्भमा प्रदेश र स्थानीय तहले यस्ता आयोजनाहरुलाई निरन्तरता दिन चाहेमा चालु आर्थिक वर्षमा |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | | समेत प्रस्ताव गर्न सक्ने र तोकिएको मापदण्ड पूरा भएको अवस्थामा त्यस्ता आयोजनाहरुलाई छनौटमा प्राथमिकता दिन उपयुक्त हुने । |
| | ५ | स्थानीय तहहरुमा विभाज्य कोषको संचालन गरी प्रदेशहरुलाई पठाउनु पर्ने राजस्व बाँडफाँटको रकम केही स्थानीय तहहरुले अझै नपठाएको र पछिल्लो महिनामा संघबाट संकलित प्रदेश र स्थानीय तहमा पठाउनु पर्ने राजस्व पठाउन बाँकी रहेकाले नियमित रुपमा सम्बन्धित तहमा पठाउने व्यवस्था मिलाउने । सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहलाई अनुदान निकासा गर्दा राजस्व बाँडफाँड सम्बन्धी विवरण प्राप्त गरेर मात्र उपलब्ध गराउने । |
| | ६ | आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामग्री सहज रुपमा उपलब्ध नहुँदा आयोजना कार्यान्वयनमा वाधा परेको हुँदा सम्बन्धित स्थानीय तहले आयोजनाहरुका लागि आवश्यक नदीजन्य निर्माण सामग्री सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउने । सोको लागि आवश्यक समन्वय र अनुगमन सम्बन्धित प्रदेशले गर्ने । |
| | ७ | विभिन्न कानूनमा रहेको फरक फरक प्रावधानका कारण नदीजन्य सामग्री (गिट्टी, ढुङ्गा, बालुवा आदि) वापत संकलन हुने राजस्व बाँडफाँटमा द्विविधा उत्पन्न भएको विषय उठेको सन्दर्भमा सम्बन्धित कानुनहरुमा संशोधन गर्ने प्रकृया अघि बढाउन अर्थ मन्त्रालयले पहल गर्ने । |
| | ८ | केही प्रदेशहरुमा सामुदायिक वन उपभोक्ता समूहले विक्री गर्ने काठमा वन पैदावार शुल्क लगाएकोमा संघीय कानुन बमोजिम लगाइने कर तथा शुल्कहरु मात्र संकलन गरी संघीय विभाज्य कोषबाटै बाँडफाँट गर्ने व्यवस्था मिलाउन आवश्यक कानूनी व्यवस्था मिलाउने |
| | ९ | प्रदेश र स्थानीय तहले कर, शुल्क लगाउँदा वा उठाउँदा संविधान र प्रचलित कानुन बमोजिम लगानी वातावरणमा प्रतिकुल असर नपर्ने गरी कानुन बनाएर मात्र लगाउने व्यवस्था गर्ने । |
| | १० | केही स्थानीय तहहरुले अझैसम्म आ.व. २०७६/७७ को वार्षिक बजेट गाउँ/नगर सभामा पेश गरी पारित नगरेको सन्दर्भमा बजेट पारित नगर्ने स्थानीय तहहरुलाई दिइने सवै प्रकारको अनुदान बजेट पारित गरेको विवरण लिएर मात्र निकाशा गर्ने मार्गदर्शन अर्थ मन्त्रालयले पठाइ सकेकोले सोही अनुसार गर्ने र प्रदेश भित्रका स्थानीय तहहरुले बजेट पारित गरे/नगरेको जानकारी सम्बन्धित प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले लिने र सोको जानकारी सम्बन्धित निकायहरुमा गर्ने गराउनेको प्रणालीको विकास गर्ने । |
| | ११ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा प्राकृतिक श्रोत रहेको र त्यसबाट प्रभावित सम्बन्धित प्रदेश र स्थानीय तहले प्राथमिकता पाउनु पर्ने र सम्बन्धित प्रदेश र स्थानीय तहको |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | भूमिका रहनु पर्ने सन्दर्भमा रोयल्टी संकलन र बाँडफाँट सम्बन्धी कार्यविधि तत्काल म.प.बाट स्वीकृत गराई राजस्व बाँडफाँट गर्ने र आगामी दिनका लागि यस सम्बन्धी छुट्टै कानुन बनाउने प्रकृया अर्थ मन्त्रालयले अघि बढाउने । |
| | १२ | हाल स्थानीय तहको बजेट तर्जुमा, निकासा, खर्च, लेखांकन र प्रतिवेदन निम्ति तयार भई कार्यान्वयनमा रहेको Sub-national Treasury Regulatary Application (SuTRA) को प्रयोग सम्बन्धमा समीक्षा गर्दा सबै स्थानीय तहले प्रयोग नगरेकाले अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था गर्ने र SuTRA प्रयोग गरे/नगरेको अनुगमन सम्बन्धित प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले समेत गर्न सक्ने व्यवस्थाका लागि आवश्यक प्राविधिक सहयोग, क्षमता विकास र समन्वय महालेखा नियन्त्रक कार्यालयले गर्ने । |
| | १३ | स्थानीय तहमा पठाइने जनशक्तिलाई स्थानीय तहको कार्य प्रकृति अनुसारको आधारभूत तालिम दिएर मात्र कामकाजमा खटाउने व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले मिलाउने । |
| | १४ | SuTRA र PLMBIS को आवद्धता नभई प्रदेश भित्र स्थानीय तहले संचालन गरेका कार्यक्रम/आयोजना वारे जानकारी नहुने र आयोजनामा दोहोरो तेहोरोपन पनि पर्न सक्ने हुँदा संघ प्रदेश र स्थानीय तहका कार्यक्रम, बजेट र लेखा प्रणालीबीच सामन्जस्यता र आवद्धता कायम हुने प्रणाली तयार गर्दै जाने । |
| | १५ | विपद् व्यवस्थापन, कृषि व्यवसायमा अनुदान वितरण र सामाजिक सुरक्षाका कार्यक्रमहरु दोहोरो तेहोरो नपरोस भन्नका लागि अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी यस्ता कार्यक्रमको खाका तयार पार्ने । |
| माघ | १ | कानून सुधारः संविधानले निर्दिष्ट गरे अनुसार आवश्यक कानून निर्माण र सुधारलाई गति दिने । प्रदेश र स्थानीय तहका कानून निर्माण गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनका सिद्धान्त अनुकूल हुने गरी गर्ने । |
| | २ | अनुदान व्यवस्थापनः सशर्त अनुदान अन्तरगत अत्यन्त न्यून रकमका आयोजनाहरू बजेटमा समावेश नगर्ने । सशर्त अनुदान र कार्यक्रम एकमुष्ट रूपमा हस्तान्तरण गर्ने । |
| | ३ | आयोजनाको प्राथमिकीकरणः अर्थतन्त्रमा सुधार ल्याउने योजना सहित सबै तह अघि बढ्ने । सिकेका पाठको आधारमा नयाँ योजना बनाई अघि बढ्ने । |

| वै.सं. | नि.नं. | निर्णयको व्यहोरा |
|---|---|---|
| | ४ | साधन विनियोजनमा कुशलताः पूर्वाधार निर्माण गर्दा त्यसले पूँजी निर्माण गर्न सक्छ सक्दैन विश्लेषण गरी पूँजी निर्माण गर्ने खालका पूर्वाधार मात्र निर्माण गर्ने । आगामी बजेटमा संघीयता कार्यान्वयनलाई मुख्य प्राथमिकता दिने खालका निति कार्यक्रम तय गर्ने । समावेशी विकासलाई बढवा दिने । संस्थागत समन्वयलाई बढवा दिने । |
| | ५ | उत्पादन र उत्पादकत्वः उत्पादन क्षेत्र र संरचनागत सुधार गर्ने । कृषि क्षेत्रको रुपान्तरण गर्दै औधोगिकीकरण गर्ने । शिक्षा र स्वास्थ्य क्षेत्रमा अग्रगामी सोच सहित गुणस्तर सुधारमा लगानी गर्ने । पूर्वाधारलाई दिगो र उत्पादनमुखी बनाउने । योजनाले आर्थिक लाभ दिन सक्ने गरी कार्यान्वयन गर्ने । साना उद्योग प्रवर्द्धनमा जोड दिने । आयातमुखीबाट निर्यातमुखी हुनलाई उत्पादनमुखी कार्यक्रमहरू तय गर्ने । |
| | ६ | जनशक्ति र प्रविधिः संघले प्रदेश र स्थानीय तहमा प्राविधिक जनशक्ति र प्रविधि हस्तान्तरण गर्ने । रोजगारी सिर्जना हुने क्षेत्रमा साधन विनियोजनमा जोड दिने । विकासमा सार्थक जनसहभागिताका लागि श्रम सहकारीलाई विकास निर्माणमा सहभागी गराउने । खानीजन्य रोयल्टीलाई विभाज्य कोष मार्फत बाँडफाँटको व्यवस्था गर्ने । |
| आठौं | १ | नेपालको संविधान र नेपाल सरकारले स्विकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा भएको ब्यवस्था बमोजिम ३ तहका सरकारले दोहोरो नपर्ने गरी आयोजना कार्यक्रम छनोट तथा सञ्चालन गर्ने । |
| | २ | योजना तर्जुमा गर्दा नेपालको संविधान राष्ट्रिय आवश्यकता र दिगो विकासको लक्ष्य अनुरुप प्राथमिकता निर्धारण गरी कार्यान्वयनमा लैजाने |
| | ३ | स्रोतको सिमितता हुँदै गएको आवश्यकता र उपलब्धी बिच ठूलो अन्तर (gap) रहेकोले सरकारलाई प्राप्त हुने स्रोतसाधनलाई ब्यवस्थित गर्दै उच्चतम उपयोगको नीति अवलम्बन गर्ने । स्रोतको एकिन नगरी दायित्व सिर्जना हुन नदिन सतर्कता अपनाउने |
| | ४ | संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राजश्व सम्भाब्यता (revenue gap) का आधारमा कर संकलन प्रणालीलाई थप सुदृढ गर्दै केही कराधारका विषयमा देखिएको दोहोरोपनलाई स्पष्ट गर्ने । |
| | ५ | वित्तिय संघीयता कार्यान्वयनको अनुभवका आधारमा विद्यमान कानुनमा आवश्यक सुधार र तर्जुमा हुन बाँकी कानुनको निर्माणलाई प्राथमिकता दिने । |

## *अनुसूची ५: स्थानीय महासंघका माग तथा ध्यानाकर्षण पत्रहरु*

### गांउपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघ सुदूरपश्चिम प्रदेशद्वारा मिति २०७६।०७।२८ मा बसेको संयुक्त बैठकको साझा धारणा

नेपाल नगरपालिका संघ र गाँउपालिका राष्ट्रिय महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको मिति २०७६ कार्तिक २८ गते धनगढीमा बसेको संयुक्त बैठकले देहायका बिषय बस्तुमा साझा धारणा बनाई प्रदेश सरकारको ध्यानाकर्षक गर्ने निर्णय गरेको छ ।

१ भारतले हालै जारी गरेको नयाँ नक्सामा नेपालको भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो भूभागका रुपमा देखाईएको प्रति नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपाल सुदूरपश्चिम प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ । ऐतिहासिक दस्तावेज एवं प्रमाणहरु, दुई देशका बीचको वार्ता र आपसी सहमति पछि मात्रै नक्सा जारी गर्नुको साटो भारतद्वारा एक पक्षीय ढंगबाट चालिएको कदमप्रति घोर भत्सर्ना गर्दछौ । मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डता जस्तो संवेदनशिल बिषयसँग सम्बन्धित यस सवाललाई यथासिघ्र कुटनीतिक माध्यमबाट समाधान गर्नुका साथै दार्चुला टिंकर सडक, दुमलिङ्ग देखि छाङ्गरुङ्गसम्मको अवरुद्ध गोरेटो बाटो निर्माण र अतिक्रमित क्षेत्रमा सिमा सुरक्षाबलको यथासिघ्र ब्यवस्था गर्नका लागि प्रदेश सरकार र संघीय सरकारको गम्भीर ध्यानाकर्षण गर्दछौ ।

२. स्थानीय सरकारलाई आफ्नो अवधिक तथा बार्षिक योजना कार्यान्वयन गर्ने सन्दर्भमा आफूलाई आवश्यक पर्ने न्यूनतम् पुर्वाधारहरु निर्माण गर्न ब्यक्ति सरह जग्गा खरिद गर्न नसकिने संघीय सरकारको कानूनी प्रावधानलाई संशोधन गर्न प्रदेश सरकार मार्फत संघीय सरकारलाई अनुरोध गर्ने ।

३. सबै स्थानीय सरकारको प्रशासकिय भवन एकै प्रकारका निर्माण गर्नका लागि संघीय सरकारले कार्यबिधि निर्माण गर्न लागेको बुझिएको हुँदा स्थानीय आवश्यकता, माग र भौगोलिक अवस्था ( हिमाल, पहाड र तराई) का आधारमा आफ्नो प्रशासनिक भवन निर्माण गर्न पाउनु पर्नेमा संघीय सरकारको ध्यानकर्षण गर्ने ।

४. प्रदेश सरकारले आफ्नो वार्षिक योजना तर्जुमा प्रक्रियाको स्पष्ट मापदण्ड नै निर्धारण नगरी स्थानीय सरकारको समन्वय विना योजनाको छनौट तथा कार्यान्वयन गर्ने प्रक्रियाले बिकास कार्यक्रममा दोहोरोपना र द्विबिधा गराउने र यसले प्रदेश सरकार र स्थानीय तहको समन्वयमा नकारात्मक असर पार्ने कुरामा प्रदेश सरकारको ध्यानाकर्षण गर्दै प्रदेश स्तरको योजना तर्जुमा प्रक्रिया र मापदण्ड निर्धारण गरी सोहि बमोजिम अगाडी बढ्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

५. नेपाल सरकारले २५ बर्षे दीर्घकालिन सोच सहित १५ औ योजना तर्जुमा गरिसकेकोले प्रदेश सरकारले पनि आवधिक योजना बनाई योजनाबद्ध बिकासमा अगाडीबढ्न ध्यानाकर्षण गराउन चाहन्छौ ।

६. नेपाल सरकार सचिब स्तरीय एक टोलीले अर्थ मन्त्रालयमा २०७५ असोज ४ गते प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन पेश गरेको छ । सो प्रतिवेदनले प्रदेश तथा

स्थानीय कर सम्बन्धी सुधार गर्नु पर्ने धुप्रै क्षेत्रहरु औल्याएको छ । हाम्रो कर प्रणालीलाई व्यवस्थित नबनाउने हो भने स्थानीय तहको करको अधिकार र व्यापक सम्भावना भएता पनि त्यसको प्रयोग नभएमा वित्तिय परनिर्भता बढ्न जाने निश्चित छ । तसर्थ वित्तिय संघीयताको कार्यान्वयन गर्न प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छौं ।

७. सशर्त अनुदान पठाउदा केन्द्र सरकारले विषयगत क्षेत्रमात्र तोकेर पठाउन र स्थानीय तहलाई नेपाल सरकारले प्रदान गरिरहेको समानीकरण अनुदान कार्यबोझको आधारमा अत्यन्त न्यून भएको हुँदा आगामी वर्षदेखि अनुदानमा बृद्धि गर्न प्रदेश सरकार मार्फत संघीय सरकारलाई अनुरोध गर्ने ।

८. स्थानीय तहहरुलाई प्रदान गर्ने अनुदान रकमको आधार विशेषतः जनसंख्यालाई मूल आधार मानी वितरण गर्दा पहाडी क्षेत्रका स्थानीय तहलाई भौगोलिक विकटताका कारण प्राप्त अनुदान कम हुने भएकाले सोलाई वैज्ञानिक तवरले वितरणको लागि संघीय सरकार समक्ष अनुरोध गर्ने ।

९. स्थानीय सरकारलाई आवश्यक कर्मचारी व्यवस्थापनका लागि प्रदेश लोक सेवा आयोगको गठन गरी सो मार्फत व्यवस्थापन गर्ने संवैधानिक प्रावधानको यथासिघ्र कार्यान्वयन गरी स्थानीय सरकारको मागका आधारमा कर्मचारी व्यवस्थापन गर्न संघ तथा प्रदेश सरकारमा अनुरोध गर्ने ।

१०. स्थानीय तहमा प्रमुख प्रशासकिय अधिकृत नियुक्त गर्नको लागि प्रादेशिक लोक सेवा आयोगबाट योग्यता परिक्षण गरी सम्बन्धित नगर/गाउँपालिकाले नियुक्ति गर्ने व्यवस्था गर्न प्रदेश र संघीय सरकारमा अनुरोध गर्ने ।

११. नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ सुदूरपश्चिम प्रदेशको संस्थागत सुदृढीकरण मार्फत नगर/गाउँपालिकाहरुको विभिन्न क्षेत्रमा क्षमता विकासका गतिविधीहरु सचालन गर्नको लागि बार्षिक रुपमा बजेट बिनियोजन गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

१२. प्रदेश समन्वय परिषदको कार्यविधि तय गरी त्यसको भूमिकालाई थप प्रभावकारी बनाउन प्रदेश सरकारलाई अनुरोध गर्ने ।

दुर्गादत्त ओझा
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ
सुदूरपश्चिम प्रदेश

केशव बहादुर चन्द
संयोजक
नेपालनगरपालिका संघ
सुदूरपश्चिम प्रदेश

२०७६ कार्तिक ३०

धनगढी

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

National Association of Rural Municipalities in Nepal

(NARMIN)

प्रदेश कार्यसमिति, सुदूरपश्चिम प्रदेश

मिति २०८०/०४/३०

नियय मूख्यमन्त्रीज्यू

मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

पश्चिम प्रदेश,धनगढी कैलाली

धान बमोजिम स्थानिय सरकारहरुलाई संविधानको अनुसूचि ८ मा रहेको २२ वटा एकल कारको प्रयोग धारा ५७ (४) बमोजिम स्थानिय संसदबाट कानून बनाई प्रभाबकारी कार्यान्वयन रहेको र सँविधानको अनुसूचि ९ मा रहेको १५ वटा साझा अधिकार र अन्य सहकार्य र न्वयको अबस्थामा गाउँपालिका राष्ट्रिय महासँघ नेपालको यहि २०८० साउन २९ गते होटल रा कैलालीमा प्रदेश कार्यसमितिको तेस्रो बैठकले हाल देखिएका बिधमान चुनौतीहरुमा केहि णा बनाएका छौ ।

- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने ऐन, २०७७ अनुसार मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश समन्वय परिषदमा गाउँपालिकाबाट प्रतिनिधित्व गराउँदा प्रदेश कार्यसमितिको तर्फबाट संस्थागत प्रतिनिधित्व गराउन र परिषद्को नियमित बैठक गर्न मुख्यमन्त्री मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्दछौ ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने ऐन बमोजिमका विषयगत समितिहरु गठन गरी क्रियाशिल बनाउन मुख्यमन्त्री मार्फत सम्बन्धित विषयगत मन्त्रीहरुको ध्यानाकर्षण गर्दछौ ।
- बर्षाका कारण सुदुरपश्चिमका पहाडी जिल्लामा बाढीपहिरो र तराई जिल्लामा डुबान हुनुको साथै तराई र पहाड जोडने राजमार्ग एक हप्तादेखि अबरोध भएकोले तराई र पहाडको सम्बन्ध बिच्छेदको अबस्थामा रहेको छ निकासको लागी मुख्यमन्त्री मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्दछौ ।
- प्रदेश र स्थानीय सरकारबीच प्रशासनिक समन्वय प्रभावकारी बनाउन प्रदेश सरकारका प्रमुख सचिवको नेतृत्वमा प्रत्येक जिल्लाबाट एक/एक जना प्रमुख प्रशासकीय अधिकृत रहनेगरी प्रशासनिक समन्वय परिषदको गठन तथा कृयाशिल गराउन मुख्यमन्त्री मार्फत प्रमुख सचिवको ध्यानाकर्षण गर्दछौ ।

कमलादी, काठमाडौं, नेपाल, फोन: ९७७-१-५३२९८४१, ईमल: info@narmin.org.np, वेबसाईट: www.narmin.org.np
maladi, Kathmandu, Nepal Tel.: 977-1-5329841 Email: info@narmin.org.np Website: www.narmin.org.

***अनुसूची ६: मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफल गोष्ठीको झलक***